# व्यवसायीक तरकारी उत्पादनले महिलाहरूको जीवनस्तरमा पारेको प्रभाव
## (पोखरा महानगरपालिका वडा नं. २५ हेम्जा लस्करे कार्कीथरको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

स्नातकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको

प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

प्रकाश थापा

रोल नं.: १११/०६३

परीक्षा रोल नं. ४८०२८५/०७६

त्रि.वि.दर्ता नं. ७-१-४८-१४१४-९८



त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस

**पोखरा**

**२०७७**

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विभाग स्नातकोत्तर तह समाजशास्त्र विषयको द्वितीय वर्षको प्रयोजनको लागि मेरो प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा रही प्रकाश थापाले **"व्यवसायीक तरकारी उत्पादनले महिलाहरूको जीवनस्तरमा पारेको प्रभाव** (पोखरा महानगरपालिका वडा नं. २५ हेम्जा लस्करे कार्कीथरको एक अध्ययन)" शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । यो शोधपत्र सम्बन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.............................
तेजप्रसाद सुवेदी
शोध निर्देशक
समाजशास्त्र तथा ग्रामीण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिति : २०७७/११/२८

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पुरा गर्नका लागि छात्रा प्रकाश थापा ले तयार गर्नु भएको **"व्यवसायीक तरकारी उत्पादनले महिलाहरूको जीवनस्तरमा परेको प्रभाव** (पोखरा महानगरपालिका वडा नं. २५ हेम्जा लस्करे कार्कीथरको एक अध्ययन)" शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

...................................

तेजप्रसाद सुवेदी
शोध निर्देशक
समाजशास्त्र तथा ग्रामीण विकास विभाग

..................................

श्रीधर पोखरेल
बाह्य परीक्षक

..................................

प्रा.डा. विश्वकल्याण पराजुली
विभागीय प्रमुख
समाजशास्त्र तथा ग्रामीण विकास विभाग
मितिः २०७७/११/२८

**Mailing Address:** Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
**Phone:** +977-61-526837, 540222 **Email:** info@pncampus.edu.np **URL:** www.pncampus.edu.np

# कृतज्ञताज्ञापन

यो शोध अध्ययन स्नातकोत्तर तह द्वितीय वर्ष समाजशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । यसको लागि म समाजशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस पोखरा प्रति कृतज्ञता प्रकट गर्दछु ।

यो शोध तयार गर्नको लागि आफ्नो अमूल्य समय दिएर मार्गनिर्देशन गर्नुहुने मेरा आदरणीय गुरु शोध निर्देशक तेजप्रसाद सुवेदी ज्यू प्रति हृदयदेखि नै कृतज्ञ छु । समाजशास्त्र विभागका विभागीय प्रमुख प्रा.डा. विश्वकल्याण पराजुलीज्यू प्रति आभार प्रकट गर्दछु । त्यस्तै यस शोध अध्ययनमा बाह्य परीक्षकको रुपमा मलाई सल्लाह एवम् सुझाव दिनुहुने श्रीधर पोखरेल र पुस्तक सामाग्रीहरू उपलब्ध गराइदिनुहुने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयका पुस्तकालय प्रमुख तथा अन्य सहयोगी कर्मचारीहरूलाई पनि धेरै धन्यवाद प्रदान गर्दछु ।

क्षेत्र अध्ययनको क्रममा आफ्नो व्यस्त समयको प्रवाह नगरी मागेको सूचनाहरू प्रदान गर्नुहुने जित बहादुर कार्की र पोखरा महानगरपालिकाका वडा नं. २५ का सम्पूर्ण उत्तरदाताहरू धन्यवाद ज्ञापन गर्दछु । साथै शोध अध्ययनको शिलशिलामा मलाई सहयोग गर्नुहुने मेरी जीवन संगीनी सविता कार्की थापा र सम्पूर्ण परिवार र मित्रहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा यो शोध तयार गर्ने क्रममा कम्प्युटर सेटिङ्ग तथा प्रिन्टिङ गरिदिनुहुने जेरोन कम्प्युटर सोलुसन पोखरा-३ नदीपुरलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मितिः २०७७/११/२८

प्रकाश थापा

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| *सिफारिस पत्र* | | *I* |
| *स्वीकृति पत्र* | | *II* |
| *कृतज्ञता ज्ञापन* | | *III* |
| *विषय सूची* | | *IV* |
| *तालिका सूची* | | *VII* |
| *चित्र सूची* | | *VIII* |
| **अध्याय एक : परिचय** | | **१-७** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनका उद्देश्यहरू | ४ |
| १.४ | अध्ययनको महत्व | ४ |
| १.५ | अध्ययनको सिमा | ५ |
| १.५ | केही परिभाषिक शब्दावलीको अर्थ | ५ |
| १.६ | अध्ययनको सङ्गठनात्मक ढाँचा | ६ |
| **अध्याय दुई : सन्दर्भ साहित्यको समिक्षा** | | **७-२१** |
| २.१ | अवधारणागत पृष्ठभूमि | ७ |
| २.२ | सैद्धान्तिक अवधारणा | ८ |
| | २.२.१ आर्थिक सिद्धान्त | ८ |
| | २.२.२ लैङ्गिक अवधारणा | ८ |
| | २.२.३ महिला सिद्धान्तहरू | १० |
| | २.२.४ सामाजिक लिङ्ग विकासका मुद्दाका रूपमा | १३ |
| | २.२.५ समाजका विभिन्न पक्षमा महिलाको स्तर | १४ |
| २.३ | पूर्व अध्ययनको समिक्षा | १६ |
| २.४ | अवधारणात्मक ढाँचा | २० |

**अध्याय तीन : अनुसन्धान विधि** **२२-२४**

३.१ अध्ययन क्षेत्र छनोटको औचित्य २२

३.२ अनुसन्धान ढाँचा २२

३.३ तथ्याङ्कको प्रकृति तथा स्रोत २३

३.४ समग्र अध्ययन विधि २३

३.५ तथ्याङ्क सङ्कलन विधि २३

३.५.१ अन्तर्वार्ता अनुसूची २३

३.५.२ अवलोकन विधि २४

३.५.३ वैयक्तिक अध्ययन २४

३.६ अध्ययन वैद्यता र विश्वसनियता २४

३.७ अध्ययन क्षेत्रका कठिनाइहरू २४

३.८ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण २४

**अध्याय चारः अध्ययन क्षेत्रको परिचय तथा जनसाङ्ख्यिक विशेषता** **२५-३६**

४.१ अध्ययन क्षेत्रको परिचय २५

४.२ भौगोलिक अवस्था २६

४.३ जनसंख्या २७

४.४ हावापानी २७

४.५ भौतिक पूर्वाधार २८

४.६ चाडपर्व २८

४.७ भू-उपयोग र वनावट २९

४.८ आम्दानीका अन्य स्रोतहरू २९

४.९ अध्ययन क्षेत्रमा सहयोगी संस्थाहरू २९

४.१० उत्तरदाताको जातिगत विवरण ३०

४.११ उत्तरदाताको भाषागत विवरण ३१

४.१२ उत्तरदाताको धार्मिक विवरण ३२

४.१३ उत्तरदाताको उमेरगत विवरण ३३

४.१४ उत्तरदाताको शैक्षिक अवस्था ३४

४.१५ उत्तरदाताको पारिवारिक संरचना ३५

४.१६ उत्तरदाताहरूको कृषि बाहेक अन्य पेशागत विवरण ३५

**अध्याय पाँचः अध्ययन क्षेत्रमा तरकारी उत्पादन अवस्था** **३७-५४**

५.१ तरकारीको महत्व ३७

५.२ व्यवसायीक तरकारी उत्पादनको अवस्था ३८

५.३ यो क्षेत्रमा उत्पादन गरिने मुख्य तरकारी बालिहरू ३९

५.४ व्यवसायीक तरकारीका लागि जमिनको अवस्था ३९

५.५ उत्तरदाताको जमिनमा स्वामित्वको अवस्था ४१

५.६ कृषि उत्पादनमा लाग्ने प्रेरणा र स्रोत ४२

५.७ व्यवसायीक तरकारी उत्पादनमा पारिवारिक संलग्नता ४३

५.८ तरकारीका किसीमहरू ४४

५.९ मल विउ तथा प्रविधीको प्रयोग ४५

५.१० तालिम प्राप्त महिलाको संख्या ४६

५.११ वार्षिक आम्दानी ४७

५.१२ तरकारी व्यवसायबाट प्राप्त आम्दानीको खर्च ४८

**अध्याय छः तरकारी उत्पादनले महिलाहरूको जीवन स्तरमा पारेको प्रभाव** **५२-६१**

६.१ आम्दानीको खर्च गर्ने निर्णय सम्बन्धी धारणा ५२

६.२. तरकारी विक्रीमा संलग्न व्यक्ति ५४

६.३. तरकारीबाट प्राप्त आम्दानी बचत गर्ने संस्था/व्यक्ति ५५

६.४ सामाजिक संघसंस्थामा आबद्धता ५६

६.५ तरकारी उत्पादनले महिलाहरूमा पारेको प्रभाव ५७

६.६ कृषि समूहबाट अध्ययन भ्रमण ५८

६.७ महिलाको जीवनमा उत्पादन पश्चात् आएका परिवर्तन ५८

६.८ पारीवारीक सम्बन्धमा आएको परीवर्तन ५९

**अध्याय सात : अध्ययनको सारांश, निष्कर्ष र सुझाव** **६२-६५**

७.१ अध्ययनको सारांश ६२

७.२ अध्ययनका मुख्य उपलब्धिहरू ६३

७.३ अध्ययनको निष्कर्ष ६४

**सन्दर्भग्रन्थ सामग्री** **६६**

**अर्न्तवार्ता अनुसुचीहरू** ६८

# तालिका सूची


| तालिका | शिर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | जातिगत विवरण | ३० |
| ४.२ | उत्तरदाताको भाषागत विवरण | ३१ |
| ४.३ | उत्तरदाताको धर्मिक विवरण तालिका | ३२ |
| ४.४ | उत्तरदाताको उमेरगत विवरण | ३३ |
| ४.५ | उत्तरदाताको शैक्षिक विवरण | ३४ |
| ४.६ | उत्तरदाताको परिवारको स्वरूप | ३५ |
| ४.७ | उत्तरदाताको कृषिको अलवा अन्य पेशा | ३६ |
| ५.१ | उत्तरदाताहरूमा जमिन हुने र नहुनेको अवस्था | ४० |
| ५.२ | जमिन स्वामीत्वको विवरण | ४२ |
| ५.३ | तरकारी उत्पादनमा प्रेरणाको स्रोत | ४३ |
| ५.४ | परिवारका सदस्यको संलग्नता | ४४ |
| ५.५ | मल, विउ तथा प्रविधीको प्रयोग | ४५ |
| ५.६ | उत्तरदाताको वार्षिक आम्दानीको विवरण (वार्षिक) | ४७ |
| ५.७ | उत्तरदाताको प्राप्त आम्दानीको खर्च विवरण | ४८ |
| ६.१ | उत्तरदाताको खर्च गर्ने निर्णय सम्बन्धी धारणा | ५३ |
| ६.२ | उत्तरदाताको तरकारी विक्रीमा संलग्न व्यक्ति | ५४ |
| ६.३ | बचत गर्ने व्यक्ति र संस्था | ५५ |
| ६.४ | संस्थामा आबद्ध महिलाको विवरण | ५६ |
| ६.५ | तरकारी उत्पादनले महिलाहरूमा पारेको प्रभाव | ५७ |
| ६.६ | कृषि समूहबाट अध्ययन भ्रमण गर्नेको अवस्था | ५८ |
| ६.७ | महिलाको जीवनमा आएका परिवर्तनका पक्षहरू | ५९ |

# चित्र सूची


| चित्र | शिर्षक | पृष्ठ |
|---|---|---|
| ५.१ (क) : | जमिनको अवस्था | ४० |
| ५.१ (ख ): | जमिन नहुनेको जातीय विवरण | ४१ |

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकासक्रम सँगसँगै आफ्नो जीवनयापनलाई सहज बनाउन कृषि पेशालाई अवलम्बन गर्ने क्रममा तरकारी खेती गर्ने परम्परा प्राचीन कालदेखि नै चलि आएको पाईन्छ । तरकारी खेती एक कृषि व्यवसाय हो । तरकारी स्वास्थ्यका लागि आवश्यक पर्दछ । तरकारीबाट विभिन्न किसिमका भिटामिन तथा प्रोटिनहरू प्राप्त गर्न सकिन्छ भन्ने ज्ञान नहुनु अथवा शिक्षाको कमीले गर्दा तरकारी खेतीले विगतमा व्यवसायीक रूप लिन सकेको थिएन । मानिसहरूमा आएको चेतनाले गर्दा तरकारी खेतीले हालका वर्षमा व्यवसायीक रूप लिन थालेको छ । वर्तमान समयमा अन्य बालीहरूको साटो प्रमुख नगदे बालीको रूपमा तरकारी खेती गर्न थालेका कारण यसले ढाकेको क्षेत्रफलमा निरन्तर वृद्धि भएको पाईन्छ ।

मानव समाज र संस्कृतिको विकासका क्रममा मानवले विभिन्न कालखण्डमा धेरै संघर्ष गर्दै आएको पाईन्छ । मानव जीवनका आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रममा मानवले वातावरण, पर्यावरण, मौसम र स्थान विशेष आफ्नो योग्यता, क्षमता र प्रविधिको विकास र प्रयोग गरी उपलब्ध प्राकृतिक साधन र स्रोतबाट दैनिक उपभोग्य वस्तुको उत्पादनमा विकास गर्दै आएको पाईन्छ । जलवायु, भौगोलिक अवस्था, स्रोत र साधनको उपलब्धता, उपयोगको क्षमता आदिको आधारमा ठाउँ अनुसार कृषि उत्पादन प्रणालीको विकास फरक फरक ढङ्गले भएको पाईन्छ ।

नेपालको कृषि प्रणालीमा तरकारी खेतीलाई एक प्रमुख अङ्गको रूपमा लिइन्छ । नेपालमा तरकारी खेती व्यवसायीक र घरायसी गरी दुई प्रयोजनका लागि हिउँदे, वर्षे र बेमौसमी गरी सञ्चालन गरेको पाइन्छ । प्रायजसोले घरायसी रूपमा करेसाबारीमा तरकारी खेती गरी आफ्नो परिवारको आवश्यकतालाई पूरा गर्नुका साथै बचत हुन पुगेमा बजारमा बिक्री वितरण गर्दछन । कतिपय कृषकहरू करेसाबारीमा मात्र सीमित नभई व्यवसायीक तरकारी खेतीमा केन्द्रित भई बजारको मागलाई मध्यनजर गरेर तरकारी उत्पादन गर्दछन् ।

व्यवसायीक रूपमा गरिने तरकारी खेतीमा विशेषगरी बेमौसमी तरकारीमा जोड दिइन्छ । जसले कृषिको आर्थिक पक्षमा प्रत्यक्ष सहयोग पुऱ्याउँछ । व्यवसायीक तरकारी खेतीको लागि सडक र शहर बजार नजिकैका असल जग्गालाई नै प्राथमिकताको रूपमा लिइन्छ । नेपालको सन्दर्भमा हेर्दा नेपाल सरकारले पनि तरकारी खेतीका लागि कृषकहरूलाई आवश्यक प्रशिक्षणका साथै उन्नत मल, बिऊ, प्रविधि, किटनाशक औषधी लगायत कृषि अनुदानको समेत व्यवस्था गर्दै कृषकहरूलाई व्यवसायीक तरकारी खेतीतर्फ प्रोत्साहन दिदै आएको छ (सुवेदी, २०६८) ।

नेपालको परिवेशमा पनि विभिन्न भौगोलिक अवस्था र मौसम अनुसारका तरकारी खेती गर्नका लागि अन्नबालीलाई प्रमुख रूपमा नलिई सहायक रूपबाट हेर्न तथा तरकारीबालीलाई विशेषगरी जोड दिनका लागि विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ संस्थाबाट सक्दो प्रयत्न गरिदिएका छन् ।

नेपालमा भौगोलिक अवस्था र हावापानी अनुसार विभिन्न जिल्लाहरूमा तरकारी खेतीलाई व्यवसायीक रूपमा सञ्चालन गरी आफ्नो जीवनस्तर वृद्धि गर्ने स्रोतको रूपमा लिइएको पाइन्छ । विभिन्न ठाउँमा कृषकहरूले अन्नवालीको सट्टा तरकारी खेती गरी आफ्नो आर्थिक पक्षमा कैयौं सुधार गरी जीवनस्तर उकास्न सफल भएका छन् ।

नेपालको विकास भन्नु नै ग्रामिण क्षेत्रको विकास हो । जबसम्म ग्रामिण क्षेत्रको विकास हुँदैन तवसम्म समग्र राष्ट्रको उन्नति, प्रगति र सम्वृद्धिको कल्पना समेत गर्न सकिदैन । ग्रामिण क्षेत्रको विकासका लागि स्थानिय स्तरमा अवलम्बन गरेको परम्परागत पेशा कृषिमा आधुनिकीकरण गरी सुधार गर्नुपर्दछ । नेपालको कुल व्यापार घाटा कम गर्न प्रतिव्यक्ति आय बढाउन र ग्राहस्थ उत्पादन वृद्धि गर्न सर्वप्रथम कृषिमा सुधार गर्न आवश्यकता रहेको कुरामा विज्ञहरू एकमत देखिन्छन् ।

## १.२ समस्याको कथन

मानव जीवनको शारीरिक विकासको लागि तरकारी नभई नहुने पौष्टिक तत्व हो । जसको अभाव र निरन्तर रूपमा उपयोग नगर्नाले मानिसहरू कुपोषणको सिकार भइरहेका छन् । तरकारी खेतीबाट एकातिर शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्व प्राप्त गर्न सकिन्छ भने

अर्कोतिर यसको बिक्री वितरणबाट आर्थिक आयमा वृद्धि गरी आफ्नो पारिवारिक जीवनस्तरलाई पनि उकास्न सकिन्छ ।

नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ४०% रहेको छ । कृषि क्षेत्रलाई खाद्यान्न तथा नगदे बाली गरी दुई किसिममा वर्गीकरण गर्न सकिन्छ । नगदे बालीअन्तर्गत तरकारी खेतीको योगदान महत्वपूर्ण रहेको छ । नेपालमा अझै पनि कृषि कार्य परम्परागत रूपमा हुँदै आइरहेको परिवेशमा तरकारी खेतीलाई व्यवसायको रूपमा अगाल्ने परम्पराको विकास सीमित स्थानमा मात्र हुन थालेको छ । कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. २५ हेम्जाका कृषकहरूले पनि केही वर्षयता तरकारी खेतीलाई व्यवसायका रूपमा लिन थालेका छन् ।

पोखरा महानगरपालिका वडा नं. २५ हेम्जाका कृषकहरूले के कति मात्रामा तरकारी खेती गर्दछन् ? तिनीहरूमध्ये व्यावसायिक रूपमा तरकारी खेतीतर्फ लागेका कति छन् ? उनीहरूमा व्यावसायिक तरकारी खेती सम्बन्धी प्राविधिक ज्ञान कस्तो छ ? कसरी व्यावसायिक कृषिले जीवनस्तरमा सुधार ल्याएको छ ? विगतको जीवनस्तर के कस्तो थियो र पछिल्ला दिनहरूमा के कसरी सो जीवनस्तरमा परिवर्तन आयो ? व्यावसायिक तरकारी खेतीले कृषकहरूको शारीरिक तथा स्वास्थ्यमा के-कस्ता प्रभाव पऱ्यो जस्ता पक्षहरूलाई यो अध्ययनको समस्याको रूपमा लिई सोही अनुसार अध्ययनका उद्देश्यहरू निर्धारण गरी अनुसन्धानकार्य अगाडि बढाउने प्रयास गरिएको छ । निम्न पक्षहरूलाई यो अध्ययनको मुख्य समस्याको रूपमा लिइएको छ ।

- व्यावसायिक तरकारी खेतीले महिलाको आर्थिक जीवनमा पारेको प्रभाबको अध्ययन गर्ने ?
- व्यावसायिक तरकारी उत्पादनले महिलाको सामाजिक जिवनमा पारेको प्रभावको अध्ययन गर्ने ?
- व्यावसायिक तरकारी उत्पादनले महिलाको सशक्तिकरणमा खेलेको भुमिकाको अध्ययन गर्ने ।

## १.३ अध्ययनको उद्देश्यहरू

व्यवसायीक तरकारी खेतीले पोखरा महानगरपालिका वडा नं. २५ हेम्जाका कृषकहरूको जीवनस्तरमा पारेको प्रभावलाई व्याख्या विश्लेषण गर्नु यो अध्ययनको साधारण उद्देश्य हो भने यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नलिखित रहेका छन् ।

- तरकारी उत्पादनले महिलाको सामाजिक अवस्थाको बारेमा जानकारी लिने ।
- तरकारी खेतीले महिलाको जीवनस्तरमा पारेको सकारात्मक र नकारात्मक प्रभाव (सिँचाइ, प्रविधि, तालिम सम्बन्धी, पारिवारिक सम्बन्ध र विषादी प्रयोग पश्चात् देखिएका रोग, स्वास्थ्यमा प्रभाव, एक आपसमा ऐचोपैचोमा कमी आदि जस्ता प्रभावबारे जानकारी लिने ।

## १.४ अध्ययनको महत्व

पोखर महानगरपालिका वडा नं. २५ एक कृषिप्रधान क्षेत्र हो । यहाँका अधिकांश मानिसहरू कृषि पेसामा नै संलग्न भएर आफ्नो गुजारा गरिरहेका छन् । यहाँ खाद्यान्नबाली अन्तर्गत धान, मकै, कोदो, गहुँ र नगदे बालीअन्तर्गत विभिन्न किसिमका तरकारीहरूको उत्पादन गर्ने गरेको पाईन्छ ।

मानिसहरूको पोषणका लागि आवश्यक पर्ने खनिज, भिटामिन तथा प्रोटिनको बढी भाग तरकारीले उपलब्ध गराउँदै आएको छ । तरकारी खेतिबाट रोजगारी हुने, बढी आम्दानी प्राप्त गर्न सकिने, आम्दानी बढेपछि बढी बचत गर्न सकिने र बढी बचत गरेर बढी लगानी गरेको खण्डमा, बढी नाफा प्राप्त गरी आर्थिक विकासमा नै सघाऊ पुग्नजाने देखिन्छ ।

यस वडामा तरकारी खेतिको लागि उपयुक्त किसिमको माटो, सिंचाइको लागि पर्याप्त पानीको स्रोत तथा तरकारी बेच्नको लागिबजार नजिक हुनाले यहाँका मानिसहरू व्यवसायीक तरकारी खेतितर्फ आकर्षित भएका छन् । व्यावसायिक तरकारी खेतिबाट यस क्षेत्रको बेरोजगारी समस्या केहीहद सम्म कम भएको र यहाँको कृषकहरूको आर्थिक अवस्था सुधार हुँदै गएको पाइन्छ । आर्थिक अवस्थामा सुधार भएपछि त्यसले सामाजिक, साँस्कृतिक तथा शैक्षिक क्षेत्रमा समेत सुधार हुनजाने देखिन्छ । त्यसैले यस गा.वि.स.मा व्यावसायिक तरकारी खेति सम्बन्ध अध्ययनको महत्व रहेको छ । यसका अतिरिक्त कृषि पेशा,

व्यावसायिक साँस्कृतिक, आर्थिक तथा शैक्षिक प्रभावहरूको बारेमा र व्यावसायिक तरकारी खेतिगर्दा कृषकहरूको स्वास्थ्य स्थितिमा पारेको सकारात्मक, नकरात्मक असरहरूको बारेमा चासो राख्ने सबैलाई यो अध्ययन उपयोगी हुनेछ भन्ने आशा राखिएको छ ।

## १.५ अध्ययनको सीमा

यस अध्ययनमा कास्की जिल्लाको पोखरा महानगरपालिकावडा नं. २५ मा स्थायी रूपमा बसोबास गरेका किसानहरू जो तरकारी पेशालाई आफ्नो प्रमुख पेशाका रूपमा अवलम्बन गरी आएका छन् यिनीहरूलाई केन्द्रविन्दु मानि अध्ययन गरिएको छ । यस क्षेत्रमा तरकारी खेतिका अतिरिक्त अन्य कृषिउपजहरूको पनि उत्पादन हुने गरेको भएता पनि यहाँ व्यावसायिक रूपमा गरिएको तरकारी खेतिको मात्र अध्ययन गरिएको छ ।

प्रत्येक अध्ययन अनुसन्धानको आफ्नै सीमाहरू हुन्छन् । यही समय साधन, स्रोतको सीमामा रही अध्ययनलाई सीमावद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । यस अध्ययनको उद्देश्य वडा पोखरा महानगरपालिका वडा नं. २५ का कृषकहरूको जीवनस्तरमा पारेको सकरात्मक र नकरात्मक प्रभावबारे अध्ययन गर्नु रहेकोले उक्त वडामा मात्र सीमित छ । त्यसैले यस अनुसन्धानको परिणामले सम्पूर्ण वडा पोखरा महानगरपालिका वडा नं. २५  साथै अन्य व्यावसायिक कृषकको प्रतिनिधित्व नगर्न पनि सक्दछ ।

## १.६ केही पारिभाषिक शब्दावलीको अर्थ

**कृषक:** अध्ययन क्षेत्रमा व्यावसायिक तरकारी उत्पादनलाई आफ्नो प्रमुख पेशा बनाई आफ्नो सम्पूर्ण जिविका गुजारा गरेका उत्तरदातालाई कृषक भनिएको छ ।

**कृषक समुह:** अध्ययन क्षेत्रमा व्यावसायिक तरकारी उत्पादनको लागि समुह बनाइ तरकारी उत्पादन कार्य गरेका व्यक्तिहरूको जमात ।

**टनेल:** विशेष गरी बेमौसममा गोलभेडा उत्पादन गर्न घाम र पानीको व्यवस्थापनको लागि बनाइएंको प्लाष्टिकको घर ।

**मौसमी तरकारी:** सामान्य तया हावापानी, मौसम र प्राकृतिक अवस्था सुहाउँदा तरकारी उत्पादन ।

**बेमौसमी तरकारी:** हावापानी मौसम र प्राकृतिक अवस्थाप्रति कुल उत्पादन गरिने तरकारी ।

**अर्गानिकः** रासायनिक मलको प्रयोग विना उत्पादन गरिने तरकारी

**IPM:** एकीकृत शत्रु जिव व्यवस्थापन (Integrated Pest Management)

## १.७ अध्ययनको संगठनात्मक ढाचा

प्रस्तुत अनुसन्धानलाई जम्मा सात वटा अध्यायमा वर्गीकरण गरिएको छ । पहिलो अध्याय परिचयको अध्याय रहेको छ जस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको महत्व, अध्ययनका सीमाहरू, केही परिभाषित शब्दावलीको अर्थको व्याख्या रहेका छन् भने अध्याय दुई अन्तर्गत सन्दर्भ साहित्यको समिक्षा राखिएको छ जस अन्तर्गत सैद्धान्तिक समीक्षा र पूर्व अध्ययन गरिएका सन्दर्भ सामग्रीहरूलाई समेटिएको छ ।

यस्तैगरी अध्याय तिनमा अध्ययन विधि राखिएको छ जस अन्तर्गत अध्ययन क्षेत्रको परिचय, अनुसन्धान ढाँचा, नमूना छनौट विधि, तथ्याङ्कको प्रकृति र स्रोत, प्राथमिक तथा द्वितीय तथ्याङ्क सङ्कलन गर्ने विधिहरू, तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरणलाई समेटिएको छ ।

यस्तैगरी अध्याय चारमा समुदायका मानिसहरूको आर्थिक तथा सामाजिक अवस्थाका बारेमा चित्रण गरिएको छ भने अध्याय पाँचमा कृषकहरूको सामाजिक तथा आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ । अध्याय छ मा तरकारी खेतीले कृषकको जीवनस्तरमा पारेका सकारात्मक र नकारात्मक प्रभावहरूको बारेमा विश्लेषण गरिएको छ । यस्तैगरी सातौं तथा अन्तिम अध्यायमा अध्ययनको सारांश, निष्कर्ष र सुझावलाई समेटिएको छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको समिक्षा

## २.१ अवधारणागत पृष्ठभूमि

मानव अस्तित्वका लागि प्राचिनकालदेखि नै विभिन्न चरणहरू पार गर्दै प्रमुख रूपमा कृषि उत्पादनलाई मुख्य पेसाको रूपमा अगाल्दै आएको पाइन्छ । प्राचीन समयमा कृषिमा सामान्य श्रम विभाजन रहेको थियो । समयको गतिसँगै समाजका हरेक तहमा परिवर्तन हुँदै आएको छ । मानव सभ्यताको क्रममा पहिला जेजति क्रियाकलापहरू हुन्थे ती समय अनुरूप संस्कृति र संस्कारसँगसँगै परिमार्जित हुँदै हालसम्म आईपुग्दा कार्य गर्ने तौरतरिका शैली धेरै भिन्नता हुँदै आएको पाइन्छ । हिजोका सामान्य समाज अहिले जटिल समाजतिर उद्विकास भइरहेको छ । त्यस्तै कृषिमा पनि परिवर्तन व्यापक रूपमा भएका छन् । हिजो सामान्य रूपमा गरिने खेती अहिले आधुनिक र व्यवसायीक बन्दै गइरहेको छ । परम्परागत पद्धतिबाट उत्पादन गर्ने परिपाटीमा परिवर्तन आइ व्यवसायीक रूपमा कृषिलाई अगालिएको छ । त्यस्तै कृषि देशको अर्थतन्त्रको मुख्य मेरुदण्ड बनेको छ । कृषिको व्यवसायीकरण विना आर्थिक उन्नती असम्भव छ । आर्थिक विकासको मुख्य आधार नै कषिको विकास हो । कृषिको विकास विना आर्थिक विकासको कुरा गर्नु निरर्थक मानिन्छ । नेपालको सन्दर्भमा हेर्नुपर्दा ग्रामिण महिलाहरू पनि सजग र सबल बन्दै व्यवसायीक कृषि तर्फ आकर्षित भएका छन् । विभिन्न संघ संस्था, महिलावादी संगठन आदिको सहयोगमा महिलाहरू विकासका क्षेत्रमा व्यापक सहभागिता जनाउँदै आएका छन् । व्यवसायीक कृषिलाई मुख्य पेशा अपनाई कयौं महिलाहरू आर्थिक रूपमा सबल तथा आत्मनिर्भर बनेका छन् । यसैसन्दर्भमा कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नम्बर २५ स्थित कृषिको उर्भर भूमि भनेर चिनिने व्यवसायीक र उत्पादनको हिसाबले पनि असाध्यै उर्वर भूमिमा रहेका महिलाहरूले व्यवसायीक रुपमा कृषितर्फ आकर्षित भई आफ्नो घर व्यवहार लगायत बालबच्चाको पढाइ तथा दैनिक घरखर्च चलाउन सुरुआतमा कृषि कार्य गर्दै आएको पाइन्छ अहिले यो कार्य व्यवसायीक बनेको छ उनीहरूले प्रशस्त आम्दानी गरिरहेका छन् गरिरहेका छन् । उन्नत मल, विउ तथा आधुनिक प्रविधिको प्रयोगबाट बढी भन्दा बढी उत्पादन गरी आर्थिक मुनाफा लिएका छन् ।

## २.२. सैद्धान्तिक अवधारणा

### २.२.१ आर्थिक सिद्धान्त

सामाजिक परिवर्तनका सम्बन्धमा प्रत्येक खालका परिवर्तनका कारक तत्व आर्थिक पक्ष हो । महिलाको सम्पत्तीका सम्बन्धमा पनि आर्थिक सिद्धान्तले प्रभाव पारेको हुन्छ । आर्थिक पक्षले समाजका अन्य पक्षलाई निर्धारण गर्दछ । सम्पूर्ण परिवर्तनको मूल आधार आर्थिक तत्व भएका कारण जब आर्थिक अवस्थामा परिवर्तन आउँछ तब सामाजिक एकाइ र त्यसको प्रक्रियामा पनि परिवर्तन आउँछ (रान्डल : १९९७) ।

सामाजिक परिवर्तनका सम्बन्धमा आर्थिक सिद्धान्त मार्क्सबाट प्रभावित छ जस अनुसार सामाजिक परिवर्तनका सम्बन्धमा प्रत्येक खालका परिवर्तनहरूको कारक तत्व आर्थिक पक्षलाई मान्न सकिन्छ । सामाजिक परिवर्तनका सम्बन्धमा उत्पादनको तरिका, पद्धति र त्यसको पुनरावृत्तीकरणले आर्थिक क्रियाकलापलाई प्रत्यक्ष प्रभाव पार्दछ । उत्पादन प्रक्रियामा यसको प्रभाव परिवार, लिङ्ग, उमेर आदिमा पर्दछ । यसको प्रभावको फलस्वरूप नै सामाजिक रूपमा धार्मिक संस्था, कानुन, राजनीति आदिमा परिवर्तन आउँछ । सम्पूर्ण परिवर्तनको मूल आधार नै आर्थिक तत्व भएका कारण जब आर्थिक अवस्थामा परिवर्तन आउँछ तब सामाजिक एकाइ र त्यसको प्रक्रियामा परिवर्तन आउन सक्छ । अर्थ व्यवस्थामा आउने परिवर्तनसँगै सामाजिक जीवनमा पनि परिवर्तन आउँछ (राण्डल : १९९७) ।

### २.२.२ लैङ्गिक अवधारणा

समाजका प्रत्येक व्यक्तिहरूमा तिनमा रहेका जैविकीय विशेषताका आधारमा ऊ महिला वा पुरुष हो भन्ने कुरा सार्वभौम रूपमा छुट्याउन सकिन्छ । यही आधारमा महिला र पुरुष छुटिट्नुलाई हामी लिङ्ग भन्न सक्छौ (आचार्य : २०६२) ।

प्राकृतिक लिङ्गलाई महिला र पुरुष बिचमा रहने शारीरिक विशेषताका आधारमा छुट्याइन्छ । जुन निश्चित हुन्छ भने सामाजिक लिङ्ग भन्नाले समाजले महिला र पुरुषलाई दिएको भूमिकालाई जनाउँदछ । जुन समाजै पिच्छे फरक-फरक र परिवर्तनशिल हुन्छ । महिला र पुरुष बिच सामाजिक लिङ्ग कुनै प्राकृतिक विभेद नभइ समाजले सिर्जना गरेको भिन्नता हो । यो सामाजिक सम्बन्धमा आधारित छ (भ्धधअर्याल : २०६२) ।

लिङ्ग शब्दले महिला र पुरुषको शरीरको भौतिक भिन्नतालाई जनाउँदछ र लैङ्गिक शब्दले मनोवैज्ञानिक सामाजिक र साँस्कृतिक भिन्नतालाई बुझाउँदछ । हरेक समाजमा महिला र पुरुषले निभाउनु पर्ने भूमिका अलग अलग हुने गर्दछ । लिङ्गको आधारमा पुरुष र महिला दुवैबाट समाजले अपेक्षा गरेका भूमिका नै लैङ्गिक हो । लैङ्गिकले महिला र पुरुषको सामाजिक साँस्कृतिक अतिरिक्त आर्थिक विशेषतालाई जनाउँदछ । जसरी लिङ्ग अन्तरगत महिला र पुरुष भनि जन्मजात निर्धारण भएर आउँदछ त्यसै गरी जेण्डर (लैङ्गिक) पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने साँस्कृतिक मुल्य मान्यता भूमिका तथा विशेषताहरूको समष्टिगत रूप हो । प्रत्येक पुरुषमा स्त्रीत्व र प्रत्येक नारीभित्र पुरुषत्व हुने गर्दछ तर समाज र सँस्कृतिले यसलाई प्रस्फुटन हुन दिँदैन । केवल प्राकृतिक अंगहरू बाहेक महिला र पुरुषमा परिवर्तन गर्न नसकिने कुनै लक्षण वा विशेषता छैन (भासिन : २००३) ।

महिलावादी सिद्धान्तले महिला र पुरुषको समाजमा हुने हैसियत र स्थानबारे व्याख्या विश्लेषण गर्दछ । मानव समाज र सँस्कृतिको उत्पत्तिदेखि वर्तमान अवस्थासम्म महिला सम्बन्धमा भएका सामाजिक आर्थिक संस्कृति शैक्षिक व्यवस्थालाई ऐतिहासिक दृष्टिबाट विश्लेषण गर्दछ । सामाजिक र साँस्कृतिक व्यवस्थामा महिलाको र पुरुषको स्थान र भूमिका सामाजिक संस्कृतिक असमानताहरू पुरुषबाट महिलामाथि हुने शोषण, दमन र उत्पीडन राज्यद्वारा अवलम्बन गरिएका कानुनी व्यवस्था र प्रदान गरिएको अधिकार त्यसको सामाजिक प्रभावका बारेमा व्याख्या र विश्लेषण गर्दछ । महिलावाद सामाजिक सिद्धान्त महिला र पुरुष बीचको आधारभूत असमानताहरूको सुझबुझ र महिला उपर पुरुष सत्ता र शक्तिको विश्लेषणसँग सम्बन्धित छ । नारीवादी सिद्धान्त त्यस्तो विधि हो जसले महिला र पुरुषको स्थान र भूमिकामा संस्कृतिक रूपले स्थापित संस्थागत प्रक्रियाको अध्ययन गर्दछ । मुलत महिलावादी सिद्धान्तले महिलामाथि हुने पुरुषको प्रभुत्व भनेको कुनै विशिष्ट समाजमा सामाजिक आर्थिक, राजनैतिक व्यवस्थाबाट सृजना हुने सामाजिक तथ्य हो भन्ने कुरा उजागर गर्दछ । महिलावादी व्याख्या विधिको मुख्य आधार नै महिला र पुरुषको अवसर, महिलामाथि पुरुषको अधिपत्य, राष्ट्र र समाजमा  सार्वजनिक लाभका विवरण उनीहरूका समस्या, सामाजिक भूमिका, परिवार र समाज भित्रको कार्य बोझ, स्रोत  साधनको वितरणमा देखिने भिन्नता र असमानता नै रहेका देखिन्छ (पौड्याल : २०६८) ।

### २.२.३ महिलावादी सिद्धान्तहरू

प्रत्येक समाजमा लैङ्गिक असमानताको कारण परिणाम र यसको मात्रा समान किसिमको हुँदैन । त्यसलाई प्रभाव पार्ने पक्षहरू जसरी सामाजिक र साँस्कृतिक पक्ष जिम्मेवार छ । त्यसैगरी अर्थ व्यवस्था पनि जिम्मेवार हुन्छ । अर्कोतिर सामाजिक व्यवस्था राजनीतिक शिक्षा जस्ता पक्षले पनि लैङ्गिक सम्बन्धमा प्रभाव पार्दछ । त्यसैले समाजको बहु-विशेषता भित्र बसेर लैङ्गिक सम्बन्धलाई खोज्नु पर्दछ (आचार्य : २०६२) । यसले महिलाको हक हित र अधिकारलाई जोड दिन्छ । यसले महिलाको दृष्टिबाट हरेक पक्षको विश्लेषण र ब्याख्या गर्दछ । बास्तवमा नारीवाद महिलाहरूको पुरुष समान अवसर अधिकार र शक्तिको चाहना हो (चौलागाई : २०६१) नारीवादी सिद्धान्तहरू, वैचारिक आन्दोलनका उपज हुन जुन मार्क्सवादी विचारसँग नजिक छन् । महिलामाथि हुने सामाजिक उत्पीडन, पुरुष दमन, महिला मुक्ति आन्दोलन, राज्यको नीति नियम कानुन महिला स्वतन्त्रता जस्ता महिलाहरूको बहु आयामिक पक्षसँग सम्बन्धित विषय वस्तुहरूको व्याख्या गर्ने विश्लेषण गर्ने र अवधारणाहरूको विकास भएको छ । जसमा अहिलेसम्म मुलतः चारवटा सिद्धान्तहरू बढी प्रचलनमा छन् ।

(क) उदारवादी महिलावाद

(ख) मार्क्सवादी महिलावाद

(ग) समाजवादी महिलावाद

(घ) आमुल महिलावाद

(क) उदार महिलावाद

उदार महिलावादीहरूले महिलालाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान प्रक्रियाबाट समाजलाई मुक्ति दिलाउन सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछ । तर यिनीहरू पितृसत्तात्मक व्यक्ति सम्बन्धका बारेमा चर्चा गरको छैनन् । यसैगरी उदार महिलावादी महिलालाई प्रजनन अधिकारका सवालमा स्वतन्त्र अधिकार हुनुपर्नेमा जोड दिन्छन् । जवकी आफ्नो शरीरको प्रयोग गर्ने सम्बन्धमा पनि पुरुषको नियन्त्रण रहनुलाई निकै नकरात्मक रूपमा लिएका हुन्छन् ९च्ष्तशभच र ज्ञढढट०। उदारवादी महिलाहरूले ऐतिहासिक रूपमा पुरुष सरह महिला अधिकारका लागि काम गरिरहेका छन् । नेपालमा पनि यौन स्वतन्त्रता र महिला अधिकारका लागि काम गरिरहेका

छन् । तेपालमा पनि यौन स्वतन्त्रता र महिलाको व्यक्तिगत अधिकारको माग गर्ने महिला विरुद्धका सबै खाले कानुनको खारेजी गर्न र उपयुक्त कानुनको निर्माण गर्नका लागि दवावमा कार्यहरू भइरहेका छन् । उदारवादी नारिवादीहरूले उठाएका प्रमुख मुद्दाहरू सन्तान उत्पादन र गर्भपतन सम्बन्धी अधिकार, यौन दुरुत्साहन, मताधिकार र शिक्षा समान कामका लागि समान ज्याला, सर्भसुलभ बाल हेरचाह स्वास्थ्य सेवा र सुविधा महिला विरुद्ध हुने घरेलु हिंसा हुन ।

### (ख) मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पत्ति कार्लमाक्स र फ्रेडरिक उगेल्सको कृति ९इचष्नष्ल या त्जभ ाकर्षथि एचष्खबतभ एचयउभचतथ बलम तजभ क्तबतभ ज्ञडडद्ध० लाई लिन सकिन्छ । महिला मुक्तिका लागि मार्क्सवादी महिलावादले तार्किक अवधारणाहरू अगी सारेको छ । मार्क्सवादी महिलाहरू र पुरुष बीच सृजित जति पनि असमानता विभेद छन् जुन जैविकिय कारण र ईश्वरीय कारणले भएको नभइ समाजको आर्थिक सम्बन्धका उपज भएको बताउँदछन् । महिलाहरू पुरुष सरह सबै काम गर्न सक्छन् तर महिला र पुरुष बीच रहेका असमान शक्ति सम्बन्धका कारण श्रोतमाथि पुरुषको नियन्त्रणले व्यापकता पाउँदै गरेको र यो क्रम पूँजिवादी अर्थव्यवस्था सम्म आइपुग्दा अरू बढी व्यापक बन्दै गयो । समाजको वर्गीय चरित्र नै महिला विभेदको मुल कारक तत्व हो भन्ने निष्कर्ष मार्क्सवादी महिलावादको रहेको छ ।

मार्क्सवादी महिलावाद सिद्धान्त त्यस्तो सिद्धान्त हो जसले पूँजीवादी दासत्वबाट महिलालाई मुक्ति तथा स्वतन्त्रता दिलाउने विधि तथा मार्क्सको व्याख्यामा ध्यान केन्द्रित गर्दछ । पूँजीवादले महिलालाई भोग विलासिताका वस्तुका रूपमा रूपान्तरण गरेको छ । जुन वस्तुको रूपमा खरिद विक्री र व्यापार गरिने महिलाको अस्मिता र जीवनलाई मुक्तिको बाटो देखाउने सिद्धान्तका रूपमा स्थापित छ (पौड्याल : २०६८) ।

### (ग) समाजवादी महिलावाद

समाजवादी महिलावादले लैङ्गिक दमनलाई बुझ्न सामाजिक कारक तत्वको खोजीलाई जोड दिंदै महिलाप्रतिका विभेद पुरुष र महिला स्वयंमबाटै भएको ठान्दछन् जसका पछाडि पितृसत्तात्मक सामाजिक ढाँचाले निकै भूमिका निर्वाह गर्न सक्दछ । समाजवादी महिलालाई मार्क्सवादी तथा उदार महिलावादको संश्लेषणको रूपमा लिइन्छ । जसमा महिला

स्वतन्त्रताका साथै वर्गीय आधारमा लैङ्गिक विभेदका अवस्थालाई उठाएको छ । यस समाजवादी महिलावाद सम्प्रदायले समाजमा रहेको सबै प्रकारका अन्यायको खारेजीलाई जोड दिन्छ । जसमा बुर्जुक परिवारको पुन संरचना गरी घरायसी दासत्वबाट महिलाको मुक्तिलाई निकै महत्वका साथ उठाएको छ । यिनीहरूले सबै प्रकारका विभेदको अन्त्यका लागि राज्य नियन्त्रित राजनैतिक अर्थव्यवस्थाको आवश्यकता ठान्दछन् तर काममा व्यक्तिगत स्वतन्त्रतालाई पनि त्यत्तिकै जोड दिएका छन् (Ritzer : 1996)**.** समाजवादी महिलावादीहरू महिलाको भूमिकाको व्यवस्था गर्दा लिङ्गका आधारमा रहेको श्रम विभाजनको अवस्थाको विश्लेषण साथै सामाजिकरण तथा पुर्नत्पादन भूमिका र अवस्थाका बारेमा पनि विश्लेषण गर्ने धारणा राख्छन् । प्रत्येक समाजमा रहेको यौन व्यवहारमा महिला के कसरी किन प्रभावित छन् भन्ने व्याख्या र बुझाइ पनि महत्व हुने हुँदा महिलाहरू जो पुरुषबाट बढी सताइन्छन् । त्यसमा यौन व्यवहार र पनि महत्वपूर्ण हुन्छ । जसलाई अध्ययनमा जोड दिनुपर्छ । महिला असमान ज्याला दिइएको छ बढी समय काम गर्दछन् कमसल र कम उत्पादनशिल कार्यमा उनीहरू संलग्न छन् जुन व्याख्या समुदाय सापेक्ष गरिनु आवश्यक छ (Ritzer : 1996) ।

समाजवादी महिलावादी व्याख्यामा समाजको यथार्थतामा बसेर लैङ्गिक भूमिका र अवस्थाका बारेमा प्रकाश पार्न खोजिएको छ । सम्पूर्ण सामाजिक व्यवस्थाभित्रको यथार्थ जटिलताभित्र बसेर मात्र लैङ्गिक विश्लेषण गर्न सकेमा महिलाको यावत पक्षका बारेमा वास्तविक बुझाइ हुन सक्छ भन्ने मान्यता रहेको छ ।

### (घ) आमुल महिलावाद

आमुल महिलावाद समाजका प्रत्येक तहका महिलामा देखिएको छ । त्यसैले सामाजिक साँस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमुल्याङ्कनलाई निर्मुल पार्न महिलाको सामाजिक मुल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमुल महिलावाद १९६० को दशको अन्त्यतिरबाट बढी प्रभावशाली बन्यो । यसले समाजको प्रत्येक जात, वर्ण, संरचना संस्थामा दमन, विभेद र असमानता रहेपनि लैङ्गिक विभेदको जटिलतालाई जोड दिन्छ । यस्ता लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व भने पितृसत्ता अन्तरगतको सामाजिक सम्बन्ध हो भन्ने बुझाइ आमुल महिलावादहरूको रहेको छ । यिनीहरूका अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो परिवार हो । जहाँ प्रकृतिक लिङ्गका आधारमा

क्रम विभाजन र यसै अनुरूपका सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गर्दछ (आचार्य : २०६२) ।

### २.२.४ सामाजिक लिङ्ग विकासमा मुद्दाका रूपमा

विश्वमा विकास भएका विभिन्न समयका विभिन्न प्रकृतिका महिला आन्दोलनहरूले महिलाको भूमिका र अवस्थाका विभिन्न पक्षबारे व्याख्या र विश्लेषण गर्दै समग्रमा महिला पिछडिएका तथा असमानताको अवस्थामा रहन पुगेका निष्कर्ष निकालेका सन्दर्भमा र विकासका लागि अगाडि बढाइएका विभिन्न रणनीतिका परिणाम स्वरूप पनि आशातित् सफलता हासिल गर्न नसकिएको सन्दर्भमा सामाजिक लिङ्गलाई विकासको मुद्दाको रूपमा लिइएको छ । समाजमा रहेका विभेदयुक्त सामाजिक भूमिकाका कारण महिलाहरूको अवमुल्यन गरिएको र विकास प्रक्रियामा उनीहरू सामेल हुन नसककोले यस्ता अगाडि सरिएका विकासका रणनीति तथा कार्यक्रम सफल हुन नसकि विश्वमा विकास प्रक्रियाको लामो अभ्यास पछि पनि तिनले सफलता देखाउन नसकेको, धनी र गरिब देशहरू बीच विभेद बढेको, महिलाको अवस्थामा परिवर्तन आउन नसकेको तथा समग्र विकासको लक्ष्य प्राप्त गर्न नसकिएका बास्तविकतालाई स्विकारीएको छ । सन् १९५० पछि अगाडि सारिएको आधुनिकीकरणको सिद्धान्त अनुसार पुनः निर्माण औद्योगिक विकास तथा प्रविधि सहयोगका महत्वलाई जोड दिएको पाइन्छ (आचार्य : २०६२) ।

### विकास महिला अवधारणा (वीड)

विकासको प्रक्रियामा महिलाको समान सहभागिता बढाउन सकेको खण्डमा लैङ्गिक असमानता स्वतः समाप्त भएर जान्छ भन्ने मान्यताको विकास १९७० अगी अमेरिकी उदारवादी महिलावादले अघि सरेको अवधारणा हो । विकासको मुल प्रवाहबाट महिला बञ्चित भएको, महिला हक र अधिकार कुण्ठित भएका तथा महिला स्वतन्त्रता यावत सवालमा बाधा उत्पन्न गराइएको जस्ता पक्षलाई बढि महत्व दिइ कानुनी तथा प्रशासनिक कार्यमा सुधारको सन्दर्भलाई बढी जोड दिएको पाइन्छ । अर्कातिर सन् १९५० पछि अगि सारिएको विकासको कार्यक्रमहरूले महिलाहरू प्रति सकरात्मक प्रभाव पार्न नसकि झन कार्यबोझ थपिएको तथ्यमाथि खोजी गर्नुपर्ने आवश्यकता औंल्यायो । परिणाम स्वरूप विकासको आयोजना तथा परियोजना हरूमा महिला केन्द्रित दृष्टिको विकास र रणनीतिको विकासमा यस अवधारणाले जोड दिएको पाइन्छ ।

**महिला र विकास अवधारणा (वाड)**

महिला र विकास अवधारणामा महिला अवधारणा भन्दा बढी परिस्कृत अवधारणा हो यस अबधारणाको प्रतिपादन सन् १९७७ को उत्तरार्धमा भएको थियो । विकासको प्रत्येक तह र प्रक्रियामा पुरुष र महिलाको पनि समान सहभागिताको अभिवृद्धि गर्न सके लैङ्गिक विभेद हट्ने तथ्यमाथि जोड दिइयो । महिला दशकको घोषणासँगै विभिन्न नीति तथा कार्यक्रमहरू पनि विकास भए जसमा महिलालाई समान अवसर पहुँच सहभागिता तथा समानता दिलाउने तर्फ ठोस कार्यक्रमको तर्जुमा गर्न जोड दिइयो ।

**जेन्डर र विकास अवधारणा (ग्याड)**

विड र बाड अवधारणाले महिलाको अवस्थालाई सुधार र बास्तविक विकास गर्न सकेनन् विकास प्रक्रियामा महिलालाई समेटेर तथा महिला र विकास प्रक्रियाबीचको सम्बन्धलाई व्यवस्थित गरेर मात्र साँचो अर्थमा महिलाको विकास हुन नसक्ने र महिलाको विकासमा पुरुषलाई पनि सहभागी गराउनु पर्ने कुरामा विशेष जोड दिंदै सन १९८० को दशक पछाडि जेण्डर र विकास अवधारणाको विकास भयो । यस अवधारणाले महिला र पुरुष दुवैको निर्णय प्रक्रियालाई आत्मासाथ गर्दै दिगो र समतामुलक विकासमा जोड दिइन्छ (अर्याल : २०६२) । सम्बन्धलाई व्यवस्थित गरेर मात्रै साँचो अर्थमा महिलाको विकास हुन नसक्ने र महिलाको विकासमा पुरुषलाई पनि सहभागी गराउनु पर्ने कुरामा विशेष जोड दिंदै सन् १९८० को दशक पछाडि जेण्डर र विकास अवधारणाको विकास भयो । यस अवधारणाले महिला र पुरुष दुवैको निर्णय प्रक्रियालाई आत्मसाथ दिंदै दिगो र समतामुलक विकासमा जोड दिइन्छ (अर्याल : २०६२) ।

## २.२.५ समाजका विभिन्न पक्षमा महिलाको स्तर

### (क) महिलाको सामाजिक र साँस्कृतिक स्तर

परम्परागत मुल्य मान्यता र संस्कारको आधारमा महिलाहरू शिष्ट, सभ्य, नम्र मिजासका र धार्मिक स्वभावका पाइन्छन् । विभिन्न किसिमका विशेषताहरू परिवारमा भएका हुँदा छोरी बुहारीको भूमिका फरक फरक हुने गर्दछ । बुहारीको भूमिका अनुसार चुलो चौको, दैलो, गोवर, घाँस, दाउरा ढिकी जातो, मेलापात, निमेक (ज्याला) को काममा जाने गर्दछन् । घरमा फुर्सद हुँदा सुकुल, गुन्द्री, चकटी, स्विटर बुन्ने र कपडा सिलाउने काममा अति नै

व्यस्त रहन्छन् । त्यस्तै गरी घरमा सासु-ससुरा, नन्द-अमाजु, देवर-जेठाजु र श्रीमान्प्रति आज्ञा पालन गर्नु महिलाहरूको मुख्य काम मानिन्छ । कतै कसैसँग कुराकानी र हाँसो ठट्टा गरेमा पनि शंका गर्ने चलन रहेको छ । प्राकृतिक कुरा जस्तै महिलाहरू महिनावारी हुँदा र सुत्केरी हुँदा अशुद्ध मानि छुनै नहुने चलन पनि रहेको छ (Benett : 1977) ।

### (ख) आर्थिक स्तर

नेपाली महिलाको आर्थिक स्तर ज्यादै निम्न स्तरको छ । उनीहरूले अधिकांश समय घरायसी काम, इन्धन सङ्कलन, पानी पँधेरो आदिमा बिताउँछन् जहाँ ज्याला नै हुँदैन । यसलार्य नेपाली समाजले काम नै मान्दैन । नेपाली महिलाको आर्थिक मुल्याङ्कन हुने काममा १४.०४ प्रतिशत र नहुने काममा ८०.९१ प्रतिशत गरी जम्मा ६६.०८ प्रतिशत संलग्नता छ । पुरुषको आर्थिक मुल्याङ्कन हुने काममा ८२९६ प्रतिशत र नहुने काममा १९.०९ प्रतिशत गरी जम्मा ३३.९२ प्रतिशत संलग्नता छ । महिलाले प्रतिहप्ता आर्थिक कार्यमा २७.१० प्रतिशत र अनार्थिक कार्यमा १७.४० प्रतिशत औसत घन्टा काम गर्छन् पुरुषले आर्थिक कार्यमा ३०.२ प्रतिशत र अनार्थिक कार्यमा ३.५० प्रतिशत रहेको छ । दुवैकामको प्रतिशत हेर्दा महिलाको कुल ६९.२० प्रतिशत घण्टा काम गर्दछन्  भने पुरुषले प्रतिशत घण्टा काम गर्छन् (Shtrii Shakti : 2001) ।

भारतकी प्रसिद्ध नारीवादी अर्थशास्त्री विना अग्रवालले ग्रामीण महिलाको घरभित्रको व्यवस्थापन क्षमता उनीहरूको व्यक्तिगत स्वामित्व र सम्पत्ति माथिको नियन्त्रण (खासगरी खेती योग्य जमिनमा) रोजगारी अन्य आर्थिक उपार्जनका क्षेत्रमा पहुँच, सामुदायिक स्रोतमाथि पहुँच, परम्परागत बाह्य सामाजिक संस्थाको समर्थनमा पहुँच तथा सरकारी तथा गैर सरकारी संस्थाबाट प्राप्त हुने सहयोग आदिमा भर पर्ने उल्लेख गरेकी छन (Agrawal : 1998) ।

### (ग) शैक्षिक स्तर

नेपाल एउटा पितृसत्तात्मक प्रणाली भएको देश हो । त्यसैले छोरा जन्मनु खुसीको कुरा हुने हुनाले उसले वंश  परम्परालाई निरन्तरता दिन शैक्षिक तवरले पनि योग्य बनाउन सानैदेखि महङ्गा र राम्रा बोर्डिङ स्कुलमा पढाउने गरिन्छ  भने छोरी अर्काको घर पठाउने जात भनि सानैदेखि घरायसी काममा लगाउने गरिन्छ । जसले गर्दा पुरुषको तुलनामा महिलाको

शैक्षिक अबस्था कमजोर छ । नेपालको साक्षरता दर वि.सं. २०५८ का अनुसार पुरुषको ६५.६ प्रतिशत र महिलाको ४२.८ प्रतिशत रहेको छ । सामाजिक जीवनको हरेक क्षेत्रमा लिङ्गमा आधारित श्रम विभाजनको अन्त्य हुनु पर्दछ । यसो भएमा मात्रै महिला र पुरुषलाई जेण्डरको रूपमा नभएर जनताको रूपमा हेर्ने परम्पराको थालनी हुनेछ । समाजमा साँस्कृतिक रूपले परिभाषित लैङ्गिक भूमिकाहरूबाट मुक्त भएर आफुले चाहे अनुसारको व्यक्तित्व विकास गर्ने वातावरणको सिर्जना हुनुपर्दछ (पौडेल : २०५८) ।

## २.३ पूर्व अध्ययनको समिक्षा

देशको आधा जनशक्तिको रूपमा रहेका महिलाहरू देश विकासमा सक्दो सम्लग्न रहेपनि अशिक्षा, अस्वस्थ, गरिबि एवम् रुढीवादी व्यवहारका कारण सम्पत्ति आय, रोजगार आर्थिक एवम् अन्य स्रोतको पहुँचबाट टाढा छन् । जवसम्म महिला र पुरुष वर्ग सँगसँगै पूर्ण रूपमा राष्ट्र निर्माण कार्यमा सम्लग्न हुँदैनन् तवसम्म देशको आर्थिक स्थितिमा सुधार आउन सक्दैन (नवौं रा.यो.आ.: २०५४) । नेपालका अधिकांश जनताहरू गरिब छन् ती मध्य गरिब महिलाहरू नै बढी छन् । एक दशक लामो देशको आन्तरिक द्वन्दका कारण धेरै ग्रामिण महिलाहरू विस्थापित हुन पुगेका छन् । विस्थापित महिलाको थप संख्याले गर्दा देशको जनसंख्याको एउटा ठूलो वर्ग महिलाहरू अति गरिवीको चपेटामुनि बाँच्न बाध्य छन् । गरिब महिलाहरूको बाहुल्य रहेको आजको स्थितिमा सहकारी कार्यक्रमको विकास तथा विस्तार गरी उनीहरूलाई त्यसमा सहभागी तुल्याए । सहकारी व्यवसायको माध्यमबाट उनीहरूलाई त्यसमा सहभागी तुल्याई सहकारी व्यवसायको माध्यमबाट उनीहरूलाई सशक्त बनाउन अति आवश्यक भएको छ । विश्वका करौडौ मानिसलाई रोजगार दिन र प्रजातान्त्रिक प्रक्रियाबाट आफ्नो विकास आफैले गर्ने मौका प्रदान गर्न सहकारी अभियान सफल भएको छ (थापा : २०६२) ।

नेपालको अन्तरिम संविधान (२०६३) का अनुसार राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगको रूपमा विकास गर्नेछ । देशमा उपलब्ध आर्थिक साधन र स्रोतलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितररणको व्यवस्था मिलाई कुनै पनि जाति, लिङ्ग, वर्ण वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक असमानता हटाउँदै

स्वदेशी निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवम् उन्नतिशील गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ (नेपालको अन्तरिम संविधान : २०६४) ।

नेपालको तरकारी उत्पादनमा महिलाहरूको निर्णय गर्ने अधिकार र परिस्थिति एकैनासको छैन । यसमा भौगोलिक क्षेत्र, पारिवारिक, आर्थिक अवस्था, तरकारीका प्रकार र परिवारमा महिलाको अवस्था लगायतका कुराले विशेष प्रभाव पारेको पाइन्छ । सन् १९८१ को सेडाको प्रतिवेदन अनुसार कुन जातको बाली कहाँ लगाउने, कति र कुन प्रकारको रासायनिक मल कुन बालीमा राख्ने भन्ने विषयमा ४३ प्रतिशत निर्णय महिला कृषकहरूले गर्ने उल्लेख गरिएको छ (अधिकारी र अन्य : १९९६) ।

नेपालको कुल जनसंख्याको करीव ८५ प्रतिशत जनता कृषिमा आधारित छन् । कृषि उत्पादन तथा प्रयोजनमा महिलाको मुख्य भूमिका रहे पनि महिलाको सामाजिक आर्थिक स्तरको स्थिति कमजोर छ । घरपरिवारदेखि लिएर राज्यले निर्णय प्रक्रिया र शक्ति संरचनाको कुरामा पनि महिलाको सहभागिता न्यून छ । शैक्षिक तथ्याङ्क हेर्दा पुरुष साक्षरता, ६५ प्रतिशत छ भने महिलाहरूको ३५ प्रतिशत छ । त्यस्तै राजनीतिमा पुरुष ९५ प्रतिशत छन् भने महिला ५ प्रतिशत छ । भूमिमा पुरुषको स्वामित्व ९० प्रतिशत छ भने महिलाको १० प्रतिशत रहेको छ । जबसम्म महिलाहरू आर्थिक र सामाजिक रूपले आत्मनिर्भर हुँदैनन् तवसम्म उनीहरूमा आत्मबल नेतृत्व तथा निर्णय लिने र दिने क्षमता विकास हुँदैन (थापा : २०६२) ।

देशको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र कृषकहरूको अनुभव तथा आधुनिक कृषि प्रविधिहरूको सदुपयोगबाट दीगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ । कृषि भूमिको अनुपयुक्त प्रयोग एवम् विभिन्न प्रकोपहरूका कारण उर्वरा कृषि भूमिको ह्रास हुँदै जानु, कृषिमा श्रम र सीप हुनेहरूमा कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि आधुनिक प्रविधिहरूको प्रयोग गरी पर्याप्त मात्रामा व्यावसायिक रूपमा उपयोग गर्न नसक्नु र गैर कृषि क्षेत्रको विकासको आधारको रूपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार (सिंचाई, सडक, बिजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरू) मा पर्याप्त लगानी आकृष्ट हुन नसक्नु कृषि क्षेत्रको विकासको मुल समस्याका रूपमा रहेका छन् । कृषि क्षेत्रको समग्र विकासका लागि

ल्याइएका कृषि विकासको नीतिगत रूपरेखा २०४८ तथा दीर्घकालीन कृषि योजनाले यस क्षेत्रको विकासलाई केही हदसम्म दिशाबोध गराएको छ । तथापि आर्थिक उदारीकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरूमा नेपालको विद्यमान प्रतिबद्धता, नेपालको लागि दीगो विकासको एजेण्डा एवम् सहस्राब्दी विकासका लक्ष्यहरू समेतको पृष्ठभूमिमा दीर्घकालीन कृषि योजनाका मूलभूत पक्षलाई कायम राखी नयाँ राष्ट्रिय कृषि नीति तर्जुमा गरी लागू गर्न आवश्यक देखिएकोले नेपाल सरकारले राष्ट्रिय कृषि नीति २०६१ जारी गरेको छ (कृषि डायरी : २०६८) ।

युनिसेफका लागि महिला विकास केन्द्रले गरेको साना विकास कार्यक्रमअन्तर्गत 'महिला विकास कार्यक्रम एक मूल्याङ्कन' अध्ययनमा साना किसान विकासमा संलग्न महिलाहरूको आय वृद्धि भई घरपरिवारमा निर्णय गर्ने अधिकार बढी पाएका तालिमहरू पाएर काम गर्न सक्षम भएकाले आफ्नो छिमेकी र घरपरिवारबाट समेत आदर सम्मान प्राप्त भएको उल्लेख छ । त्यस्तै महिला साना किसानहरूमा आफू आत्मनिर्भर हुने आत्मविश्वास बढेको पाइएको र सामूहिक बचत कार्यक्रमले उनीहरूको बचत गर्ने बानी बसाल्न र विभिन्न कार्य गर्ने योगदान पुऱ्याउन सकेको कुरा व्याख्या गरिएको छ । सो कार्यक्रमअन्तर्गत महिलाहरूको आय वृद्धि गर्नेखालका कार्यक्रम सञ्चालन गर्ने कृषि विकास बैंकले ऋण उपलब्ध गराई मुख्य भूमिका खेलेको छ । साना विकास कार्यक्रमअन्तर्गत सञ्चालित ऋण असुली कार्यक्रममा महिला सदस्यहरू पुरुष सदस्यहरू भन्दा बढी मात्रामा ऋण तिर्न सचेत भएको पाइएको छ । यस कार्यक्रमबाट महिलाहरू बढी लाभान्वित भएका पनि पाइएको छ (बराल : २०६४) ।

डडेल्धुरा र डोटी जिल्लाका महिलाहरूले आय आर्जनका लागि तरकारी खेती गरेका छन् उनीहरू १० वर्षका ग्रामिण महिलाहरू भन्दा केही फरक देखिन्छन् । अधिकांशका सफा लुगा, गोडामा चप्पल गलामा नौगेडी हसिला अनुहार एवम् प्रफुल्ल थिए । उनीहरूले समुहमा आवद्ध भइ तरकारी खेतीबाट वार्षिक रु. ५५,०००।- सम्म आम्दानी गरेका छन् । आम्दानीलाई पुरुषहरूले मनोमानी रूपमा खर्च गरेपनि समाजमा रहेको पितृसत्तात्मक सोच पिपलको जरा झैं गडिए पनि हामिले हरेस खानु हुँदैनन् निराश भएर पाइला रोक्नु भनेको त अपाङ्ग भएर बाँच्नु जस्तै हो भन्दै उनीहरूले आफ्नो स्थितिमा आफैले सुधार ल्याउने हिम्मत सुनाए । उनीहरूका अनुसार तरकारी खेतीबाट हामीलाई धेरै राम्रो भएको छ

परिवारले सागसब्जी खान पाएका छन् बाँकी बेचेर पैशा आएको छ । उनीहरूको आफ्नै सहकारी छ सहकारीमा मासिक रु. १५ बचत गरेका छौ समुहका सदस्यहरूलाई ठूलो काम गर्न पैसाको खाँचो परेमा कम व्याजदरमा ऋण झिक्न पाइन्छ । भागेश्वरी समुहकी अध्यक्ष मनु सार्कीले तरकारी खेतीबाट वार्षिक रु.५५०००।- आम्दानी गरेको बताइन यही आम्दानीबाट उनले डडेलधुरामा पक्कि घर बनाएकी छिन् । यिनको जस्तो स्थिति आफ्नो बनाउन यहाँका महिलाहरू उत्साहित छन् । यिनको समुहका महिलाहरूले आफ्नो सहकारीमा रु. ६५०००।- हजारसम्म बचत गरिसकेका छन् । समुहले आफ्नो श्रम र आम्दानीबाट टोलमा खानेपानीको धारा बनाएका छन् । मनु सार्कीको अनुभवमा नारीलाई आर्थिक रूपले सक्षम बनाउन सके आधारभुत आवश्यकताको परिपूर्तिमा उनीहरू अग्रसर हुन्छन् । यसले महिलाहरूमा स्वतः अगाडि बढ्ने हिक्मत पनी बढाउँछ । यसरी सामान्यतया व्यवसायीक सिप र मौका उपलब्ध गराउँदा पनि महिलाको स्थितिमा सुधार आउन सक्दो रहेछ (शर्मा : २०६४) ।


पोखरामा हेम्जा गाउँका विष्णु पौडेल, लेखमाया पौडेलले गाउँको गौरीशंकर मा.वि.को १५ रोपनी जग्गा भाडामा लिइ कृषिमा आधुनिकीकरण गर्नुका साथसाथै बहुआयामिक कृषिजन्य विकास गरेका छन् । फर्ममा तरकारीहरू मात्र उत्पादन नगरी १५ वटा दुहुना गाइ र छ हजार जति कुखुरा पालेका छन् । उनीहरूले विकासे घास पनि उमारेका छन् । उनीहरूको लगनशिलता देखेर धेरै गाउले परेका छन् (शाक्य : २०६५) ।

राजेन्द्र अधिकारीले २००६ सालमा तयार गरि पेस गरेको व्यवसायीक तरकारी खेतीमा महिला विषयमा शोधपत्र तयार पारेका छन् । उनले हेम्जा गा.वि.स. को वडा नं.४ मा गरिएको यस अध्ययनबाट निम्न निष्कर्ष निकालेका छन् । तरकारी उत्पादन कार्यमा पुरुषभन्दा महिला बढी सम्लग्न रहेको, तरकारी उत्पादन तथा विक्री वितरणबाट उनीहरूको जीवनस्तरमा सुधार आएको, तरकारी उत्पादन कार्य गर्नु अघि थोरै पैसाका लागि पुरुषसँगै हात थप्नु पर्ने महिलाहरू वर्तमान समयमा आत्मनिर्भर हुनुका साथै उनीहरूको आर्थिक स्थिति, स्वास्थ्य स्थिति आदिमा सुधार आएको देखाएका छन् (अधिकारी : २००६) ।

पूर्व अध्ययनहरूको समष्टिगत अध्ययन गर्दा प्रायः सबैजसो अध्ययनमा आर्थिक अवस्था र यसमा पारेको प्रभावको मात्र अध्ययन गरिएको पाइयो । व्यवसायीक तरकारी उत्पादनमा लागेका महिलाहरू पारिवारिक अवस्था वा स्तर कस्तो छ भनी यस अध्ययनमा केलाइएको

छ । कृषक महिलाहरू पारम्पारिक पेसालाई परिमार्जन गरी व्यवसायीक रूपमा लागेपछि परिवारमा हाल उनीहरूको स्तर कस्तो छ भन्ने यथार्थ रूपमा खोज्ने प्रयास गरिएको छ । यो अध्ययनले मुख्य रूपमा व्यवसायीक तरकारी उत्पादनले महिलाको सामाजिक, आर्थिक, तथा पारिवारिक स्तरमा आएको परिवर्तनको उजागर गरेको छ । पारम्पारिक रूपबाट खेती गर्दाका अवस्था र आधुनिक व्यवसायीक रूपबाट खेतीगर्दा उनीहरूको परिवारमा आएको सकरात्मक परिवर्तन, समाजमा उनीहरूको भूमिका सम्बन्धी केन्द्रित रहेको छ ।

## २.४ अवधाराणत्मक खाका



तरकारी उत्पादनमा आधुनिक मल, विउ विजन, आधुनिक उपकरण तथा तरकारी उत्पादनमा लाग्ने रोग किरा अनी रोकथाममा उपायहरूको प्रयोगले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ जसको कारण उत्पादनमा वृद्धि हुन जान्छ । तरकारी उत्पादनमा भएको वृद्धिले महिलाहरूको सामाजिक आर्थिक तथा पारिवारीक अवस्थामा प्रभाव पारेको हुन्छ । यसको कारणले महिलाको आम्दानीमा वृद्धि, स्वास्थ्य, शिक्षा, सामाजिक मूल्य मान्यता, महिलाको अवस्था, सामाजिक प्रतिष्ठा, परिवारमा हौसला, सहयोग, भेदभाव अन्त्य आदिमा सकारात्मक प्रभाव पारेको देखिन्छ । यस्ता सकरात्मक प्रभावले महिलाको जीवनपद्धतिमा सुधार आएको पाइन्छ । तरकारी उत्पादनमा वृद्धि, हुँदा महिलाको आर्थिक अवस्थामा वृद्धि भएको हुन्छ । आर्थिक अवस्थाको सुधारले जीवनका हरेक पक्षमा सुधार गर्ने देखिन्छ । महिलाहरू आर्थिक सुधारसँगै सामाजिक कार्यमा पनि लागेका छन् । महिलाहरू कुनै न कुनै समूहमा आवद्ध भएका छन् । उनीहरू सामूहिक रूपमा पनि सामाजिक कार्यमा छलफल गर्ने गर्दछन् । महिलाहरू विभिन्न समयमा तालिम, गोष्टी, भ्रमणमा जाने हुँदा उनीहरूको चेतनामा विकास भएको पाइन्छ । मानिसको हरेक पक्षमा परिवर्तन ल्याउने माध्ययम भनेको आर्थिक पक्ष हो । तरकारी उत्पादनले आर्थिक पक्षमा सुधार गरेको पाइन्छ । आर्थिक पक्षमा आएको सुधारले सामाजिक लगायत सम्पूर्ण क्षेत्रमा सुधार देखिन्छ वा देखिएको छ । उनीहरू तरकारी उत्पादनबाट आएको आम्दानी आफ्नो खर्च चलाएर समूह र सहकारीमा बचत गरेका छन् । यसले गर्दा महिलाको जीवनस्तरमा नै परिवर्तन आएको पाइन्छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययनक्षेत्र छनौटको औचित्य

कृषि उत्पादनको दृष्टिले कास्की जिल्लाका विभिन्न गाउँपालिकाहरू एवं नगरपालिकाहरूका विभिन्न क्षेत्रहरू उपयोगी रहेको पाइन्छ  कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नम्बर २५  तरकारी उत्पादनको हिसाबले  असाध्यै उर्वर र उपयुक्त जमिनका रुपमा रहेको मानिन्छ ।  यो क्षेत्रमा खासगरी व्यक्तिगत तथा व्यवसायीक रुपमा तरकारी उत्पादनमा लागेको पाइन्छ । महिलाहरूले  समूहगत रुपमा पनि तरकारी उत्पादनमा लागेका पाइन्छ । समूहगत रुपमा विभिन्न सहकारीको माध्यमबाट होस् वा आमा समूहको माध्यमबाट होस् वा सामान्य टोलको समूह निर्माण गरेर भएपनि उत्पादनतिर लागेर आयआर्जनलाई बृद्धि गर्न लागेको पाइन्छ वर्तमान सन्दर्भमा महिलाहरूले उत्पादनका निम्ति गरेको  सहास र उनीहरूले समूहगत रुपमा गरेको कोसिसलाई यतिधेरै व्यवस्थित रूपमा अध्ययन गरेको पाइँदैन त्यसैले यो अध्ययनमा यस क्षेत्रलाई व्यवस्थित रुपमा अध्ययन गरी उनीहरूले प्रवर्द्धन गरेका कृषि सम्बन्धित कार्यहरू उजागर गर्ने कोसिस गरिएको छ ।

देशको कमजोर आर्थिक अवस्था र बढ्दो जनसंख्यासँगै देखा परेको आर्थिक अभावको अवस्थालाई सहयोग पुऱ्याउने कृषिमा पनि तरकारी उत्पादनको अध्ययन गरिएको छ । यस अध्ययनले ग्रामिण समाजमा कृषि क्षेत्रले महिलाको आर्थिक, सामाजिक तथा पारिवारीक अवस्थामा कस्तो भूमिका खेलेको छ भन्ने कुराको अध्ययन गरेको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धानमा तरकारी उत्पादनले महिलाको जीवनपद्धतिमा परेको प्रभाववारे अध्ययन गरिने हुँदा यस अनुसन्धानमा लैङ्गिक अवधारणा प्रयोग छ । तरकारी उत्पादनले महिलाको जीवन पद्धतिमा के-कस्तो प्रभाव पारेको छ र के-कस्ता परिवर्तन ल्याएको छ भन्ने बारेमा अध्ययन गरिएकोले यस अनुसन्धानमा बर्णनात्मक र अन्वेषणात्मक अनुसनधान ढाँचा प्रयोग गरिएको छ । यसमा तरकारी उत्पादनले महिलाको जीवनका विभिन्न पक्षमा प्रभाव पार्ने तत्वको पहिचान गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय खालका स्रोतहरू प्रयोग गरी सूचना सङ्कलन गरिनेछ। प्राथमिक स्रोत अन्र्तगत स्थलगत अध्ययन, अवलोकन र सर्वेक्षण पर्दछन् भने द्वितीय स्रोत अन्तर्गत अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, जर्नल, पुस्तक तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिइएको छ।

## ३.४ समग्र अध्ययन विधि

प्रस्तुत अध्ययन क्षेत्र कास्की जिल्लाको पोखरा महानगरपालिका वडा न २५ हेम्जा क्षेत्रका महिलाहरूमा व्यवसायीक तरकारी उत्पादनमा लागेका महिलाहरूमा मात्र सिमित रहेको छ। यस वडाको जम्मा जनसंख्या १२२६२ रहेको छ। जसमा महिला ६२६२ र पुरुष ६००० रहेका छन्। यस वडामा घरधुरी संख्या ३०१० रहेको छ। पोखरा महानगरको यो वडामा रहेका कुल घरधुरी सबैलाई अध्ययनको लागी छनौट गर्न नसकिने हुदा अध्ययन स्थानको साबिक हेम्जा गाउबिकास समितिका २ वटा वडाको लस्करे र कार्कीथरलाई अध्ययन क्षेत्र छनोट गरिएको छ .समग्रमा पोखरा महानगरपालिकाको वडा न २५ को साबिकका वडाहरू २ र ३ को लस्करे कार्कीथरका करिब १४० घरधुरीहरूलाई जनसंख्याको रुपमा लिइएको छ र १४० घरधुरी मध्येको व्यवसायीक कृषि कार्यमा लागेका ९० घरका व्यवसायीक महिलाहरूलाइ अध्ययनको लागी छनौट गरिएको छ। व्यवसायीक तरकारी उत्पादनमा लागेका महिलाहरूलाई मात्र लिइएको छ। सघन गणना विधिको प्रयोग गरी तरकारी उत्पादनमा लागेका सबै ९० जना महिलाहरूलाई अध्ययनमा राखीएको छ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

कुनै पनि अध्ययन अनुसन्धानकार्य सम्पन्न गर्दा विभिन्न तथ्याङ्क सङ्कलन विधिहरू अवलम्बन गरिएको छ। प्राथमिक र द्वितीय खालका स्रोतलाई आधार मानिएको छ। प्राथमिक स्रोत अन्र्तगत अन्र्तवार्ता अनुसूची, अवलोकन र बैयक्तिक अध्ययनबाट सूचना सङ्कलन गरिएको छ।

### ३.५.१ अन्तवार्ता अनुसूची

अन्तवार्ता अनुसूची प्राथमिक तथ्याङ्क सङ्कलनको एक विधी हो। प्राथमिक तथ्याङ्क सङ्कलनका लागि उद्देश्य अनुरूप आवश्यक प्रश्नहरूको संरचना तयार गरी अनुसन्धानकर्ता स्वयम्ले तथ्याङ्क लिने छ। तथ्याङ्क सङ्कलन गर्दा वहु छनोट प्रश्नहरू र खुला प्रश्नहरू प्रयोग गरिएको छ। यसबाट तरकारी उत्पादनले महिलाको सामाजिक, आर्थिक र पारिवारीक अवस्थामा पारेको प्रभावका बारेमा जानकारी लिने छ।

### ३.५.२ अवलोकन विधि

अवलोकन तथ्याङ्क सङ्कलनको एक महत्वपूर्ण विधि हो । यस विधिद्वारा अध्ययन गर्दा महिलाहरू तरकारी उत्पादनमा लाग्ने समयमा उनीहरूको क्रियाकलाप अवलोकन गरिएको छ । तरकारी रोप्ने, बालीबजार पुऱ्याउने जस्तो काम अवलोकन गरिएको छ ।

### ३.५.३ वैयक्तिक अध्ययन

अध्ययनका लागि लिइएका महिलाहरूबाट पनि सफल र बढि सक्रिय महिला छनोट गरी वैयक्तिक विवरण तयार गरिएको छ । यस अध्ययनमा दुई जना सफल महिलाको वैयक्तिक विवरण तयार गरिएको छ ।

## ३.६ अध्ययनको वैद्‌यता र विश्‍वसनियता

अनुसन्धानको वैद्‌यताशोध निर्देशक, सम्बन्धित व्यक्ति र यस विषयमा जानकार व्यक्तिहरूसँगको छलफल गरेर कायम गरिएको छ । तथ्याङ्कको उद्देश्यलाई कायम राख्न विभिन्न स्रोतबाट जम्मा गरिएको तथ्याङ्कसँग तुलना गरेर कमजोरीहरू हटाउन प्राथमिकता दिइएको छ ।

## ३.७. अध्ययन क्षेत्रका कठिनाइहरू

महिलाहरू उत्पदानमा मात्र नभइ उनीहरू घाँसपात, वनजङ्गल आदि समेत जानुपर्ने बाध्यता भएकोले उनीहरूको समय पाउन शोधकर्तालाई धेरै पटक कार्य क्षेत्रमा जानु परेको थियो ।

## ३.८ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

कुनैपनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त गर्न तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । तसर्थ व्यवासायिक तरकारी उत्पादनमा लागेका महिलाहरूको सामाजिक, आर्थिक तथा पारिवारिक अवस्था सम्बन्धी सङ्कलित कोरा तथ्यहरूको वैज्ञानिक रूपबाट व्यवस्थित गर्न एस्.पी.एस्.एस्. प्रोग्रामको प्रयोग गरी तालिकाको प्रकृतिअनुसार वर्गीकरण एवम् विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण गरिएको छ । सङ्ख्यात्मक तथ्यलाई बोधगम्य तरिकाले आवश्यकताअनुसार कही तालिकीकरण, कही वृत्त चित्रद्वारा स्पष्ट पारि तथ्याङ्कहरूको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय तथा जनसाङ्ख्यिक विशेषता

## ४.१ अध्ययन क्षेत्रको परिचय

नेपाल को एक महत्वपुर्ण नगरपालिका को रुपमा रहेको पोखरा नेपालको गण्डकी प्रदेश स्थित कास्की जिल्लामा रहेको महानगरपालिका हो । विसं २०५२ माघ १८ गते पहिलो पल्ट उपमहानगरपालिका घोषित पोखरालाई सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले विसं २०७३ फाल्गुन २७ गते महानगरपालिका घोषणा गरेको हो । यस महानगरपालिकाको क्षेत्रफल ४६४.२४ वर्ग कि. मी. रहेको छ भने कुल जनसंख्या ४,१४,१४१ रहेको छ । महानगरपालिकाको केन्द्र साबिक पोखरा उपमहानगरपालिका कार्यालय नै रहेको छ  पोखरा महानगरपालिकाको निर्माण तत्कालीन  पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका तथा तत्कालीन केहि गाउ बिकास समिति र केहि गाउपालिका का वार्डहरू मिलेर बनेको छ जसमा मौजा, चापाकोट, भदौरे तमागीको केहि वार्डहरू (३,९) वडाहरू, कास्कीकोट, माझठानाको (१,४,९) वडाहरू कालिकाको (१,५) वडाहरू र पुरन्चौर गाउँ विकास समिति मिलि कुल ३३ वटा वडामा विभाजित छ । पोखरा महानगरपालिकाको पूर्वी सिमानामा मादी गाउँपालिका र रुपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा जिल्ला रहेको छ उत्तरी सिमानामा माछापुच्छे गाउँपालिका र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला रहेको छ । पोखरा महानगरपालिका पोखरा उपत्यकामा अवस्थित नेपालको अत्यन्तै रमणीय स्थानको रुपमा परिचित छ । पोखरा शहर नेपालको ठूलो सहर हो । त्यसैले पोखरालाई नेपालको एक महत्त्वपूर्ण पर्यटकीय स्थलको रुपमा पनि लिने गरिन्छ । यहाँका महत्वपूर्ण स्थानहरूमा फेवा ताल, महेन्द्र गुफा, पातले छाँगो, सराङ्कोट आदि पर्द्छन । पोखरा नेपालको गोर्खा प्रदेशको कास्की जिल्लामा पर्दछ । यो सहर कास्की जिल्लाको जिल्ला सदरमुकामका साथै गोर्खा प्रदेशको पनि सदरमुकाम हो । पोखरा सहर नेपालको प्रमुख सहरमध्ये एक हो । पोखरा नेपालको प्रमुख पर्यटकीय गन्तब्य स्थलमध्ये पर्दछ । देश अनि बिदेशबाट हजारौं पर्यटक पोखरा भ्रमण गर्न आउने गर्दछन् ।

## ४.२ भौगोलिक अवस्था

पोखरा महानगरपालिका पोखरा उपत्यकाको उत्तर पूर्वी कुनोमा अवस्थित छ । धौलागिरि, अन्नपूर्ण र मनास्लु शृङ्खला, ८००० मिटर भन्दा अग्ला हिमालहरू पनि यहाँबाट देख्न सकिन्छ । फेवातालले पोखराको सौन्दर्य अझै बढाएको छ । पोखरा नेपालकै सबैभन्दा धेरै पानी पर्ने ठाउँ पनि हो । यहाँका पाताले छाँगो, महेन्द्र गुफा र गुप्तेश्वर गुफा पनि पर्यटकीय स्थल हुन् । माछापुच्छ्रे हिमालको मनोरम दृष्य पनि पोखराबाट देखिन्छ । सराङ्कोट पनि पर्यटकीय गन्तव्य रूपमा रहेको छ जहाँबाट सूर्योदय तथा सूर्यास्तको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ साथै फेवाताल, सेतो गुम्बा, अन्नपूर्ण हिमशृङ्खलाको मनोरम दृश्यपनि यहाँबाट गर्न सकिन्छ । त्यस्तै यस स्थानको एतिहासिक महत्व र उत्पतिको समेत महत्व रहेको छ वर्तमान नेपाल एकीकरण हुनु अगाडि पोखरा कास्की राज्य अन्तर्गत थियो । ऐतिहासिक कास्कीकोट उपत्यकाको उत्तरी छेउमा रहेको छ । पृथ्वी नारायण शाहका माहिला छोरा नायव बहादुर शाहको समयमा पोखरा उपत्यका बर्तमान नेपालमा मिलाईएको हो भन्ने कुरा इतिहास मा अध्ययन गर्न पाइन्छ ।

पोखरा महानगरपालिकाको जनसङ्ख्या ४,१४,१४१ छ । ५ दशमलव ४६ प्रतिशत जनसङ्ख्या वृद्धि रहेको यहाँको वृद्धिदर नेपालकै सबै भन्दा सर्वाधिकमध्ये पर्छ । सन् २०११ को तथ्याङ्क अनुसार यहाँ बाहुन २२ दशमलव ८३ प्रतिशत, गुरुङ २१ दशमलव ६२ प्रतिशत, मगर ८ दशमलव २० प्रतिशत, क्षेत्री १५ दशमलव ३५, दलित ८ दशमलव ७१ प्रतिशत रहेको छ । यहाँ नेवार, मुसलमान, तामाङ, थकाली आदि जनजाति बस्छन् । परम्परागत पेसा व्यवसायका अलावा बाहिर काम गरेर आएका मानिस र लाहुरेको बसोबास बढी भएको पोखरालाई नेपालकै महङ्गो सहर पनि भनिन्छ । एस्तो सहर मा पनि महानगरका धेरै ठाउ उर्बर जमिन छन् जहा का महिला हरू आफ्नो जीबन को सहजताको लागी काम गर्छन अनि उत्पाद्नन गरेर जीबन सहज बनाउछन तेस्तै एक स्थान हो पोखराको हेम्जा, यो महानगर आफैमा हिमाली हिमसृंखलाहरू समेत देखिने तालतलैयाले धनि पर्यटकीय आकर्षक केन्द्र संगसंगै कृषि उर्बर भुमि समेत भएको ठाउले प्रख्यात छ ! साबिकको हेम्जा गाउपालिका पोखरा महानगरपालिकाको उत्तर पश्चिम भागमा रहेको छ भने एउटा उर्बर र धेरै जसो समथर भाग समेत भएको स्थानको रुपमा रहेको छ ! सबै जसो स्थानहरूमा मोटर बाटो समेत भएको र यातायातका दृष्टीले सुविधा सम्पन्न स्थानको रुपमा लिन

सकिन्छ ! बिभिन्न स्थानबाट बसाइसराई गर्दै यो स्थानमा आउने मानिसहरू देश का विभिन्न स्थानबाट आउने गरेको र सबै जसो जातजाती भाषाभाषीको साझा बसोबास स्थान हुने स्थानको रुपमा लिन सकिने यो स्थान आफैमा महत्वपुर्ण स्थान हो पहिला अलिक ब्रमाण क्षेत्री हरूको बाहुल्यता भएको भए पनि अहिले अरू जातीहरू पनि बसाई गर्ने थलो बनेको छ ! यस ठाउमा रहेका ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरू ऋषिकुल आश्रम, तेब्रिकोट, रुद्र महादेव गुठी मन्दिर, राधाकृष्ण मन्दिर, हनुमान मन्दिर आदि हुना।त्यसैले पनि धार्मिक लगाएत कृषि क्षेत्रमा समेत उत्तिकै महत्वपुर्ण स्थानको रुपमा हेम्जा परिचित छ हेम्जा करिब १९.७१ वर्ग कि मि क्षेत्रफल ओगटेको छ भने यो स्थान समुन्द्र सतह देखि ८४० देखि १४७१ मिटर सम्म उचाईमा अवस्थित छ (जिल्ला वस्तुगत विवरण कास्की २०७१)।

## ४.३ जनसंख्या

पोखरा महानगरपालिकाको वडा २५ का करिब २५०० घरधुरीमा १२४६२ जनसंख्या रहेको पाहिन्छ ! करिब ८० प्रतिसत साक्षार जनसंख्या रहेको पाहिन्छ र करिब ३४% ब्राह्मण र २५% क्षेत्रीको बसाइ र बाकि अन्य जातजातीहरू रहेको पाइन्छ । कुनैपनि निश्चित ठाउमा बसोबास गर्ने मानिसहरूको जनसंख्यालाई जनसङ्ख्या भनिन्छ । हाल पोखरा महानगरपालिकाको वडा २५ को कुल जनसंख्या १२४६२ रहेको छ । यस वडाको कुल घरधुरी संख्या २५०० रहेको छ । पोखरा महानगरपालिका वडा नं. २५ को साविकका वडाहरू २ र ३ को लस्करे कार्कीथरका करिब १४० घरधुरीहरू छन्, करिब १४० घरधुरीका ६४३ जना बसोबास गर्ने गर्दछन्, कोही सरकारी जागिर, कोही आफ्नै व्यवसाय त कसैले व्यवसायीक रुपमा नियमित आम्दानी गर्ने खालका कामहरू गर्दछन् । (केन्द्रिय तथ्यांक विभाग, २०६८)।

## ४.४ हावापानी

पोखरा महानगरपालिकाको वार्ड न २५ को उत्तरतर्फबाट विभिन्न हिमालहरू देखिने तथा फेवाताल समेत आसपासमा रहेकाले हावापानी केही चिसो छ । उत्तर पुर्बी भागमा हिमालहरू देखिने अनि पोखरा बजार को मुख्य भाग हरू देखिने अनि पश्चिम तिर केहि अग्ला पहाड हरू अनि दक्षिण पट्टि पनि पहाडहरू रहेको एक खालको उपत्यका जस्तो भूभाग नै हेमजा को परिचय हो । साधारण तया यहा माथिल्लो भाग मा अलिक कम

तापक्रम र तल्लो भाग मा अलिक बढी तापक्रम रहेको छ समय अनुसार तापक्रम परिबर्तन स्वाभाविक बिशेसता नै मान्नु पर्छ । वनजङ्गल ताल तलैया तथा नदीनाला भएकाले हावापानी केही चिसो पाइन्छ । यहाको तापक्रम गर्मी मौसममा अधिकतम ३३ डिग्री र जाडो मौसममा ५ डिग्री सेन्टीग्रेड रहने गरेको छ (जिल्ला बस्तुगत विवरण कास्की, २०७१) ।

## ४.५ भौतिक पूर्वाधार

देश विकासका लागि चाहिने आवश्यक भौतिक पूर्वाधारहरू मध्ये साबिक हेम्जा गा.वि.स. हाल पो.म.न.पा. वडा नं. २५ मा लगभग सबै पाइन्छ । जस्तै पक्की सडक, कच्ची सडक, विद्युत, खानेपानी, संचार, शिक्षा आदि रहेका छन् । देशकै ठूलो राजमार्गमा सुचिकृत नेपालको दोश्रो राजमार्ग को रुपमा बाग्लुङ पोखरा राजमार्ग बनेको र अहिले सबैजसो स्थानमा मोटरबाटो पुगेको अबस्था छ । राजमार्ग यसै वडा हुदै सुनौलीसम्म पुगेको छ । यहाका विभिन्न टोलहरूलाई जोड्ने कच्ची सडकको निर्माण गरिएको छ । यसरी यहा यातायातको राम्रो सुविधा रहेको छ । यहा सञ्चारको पनि सुविधा राम्रो छ । टेलिफोन, मोबाइल, केवल टेलीभिजन, तथा पोखरा इन्टरनेटले ताररहित इन्टरनेट सेवा पनी प्रदान गरेको छ । तर पनि सबैले यसको उपयोग गरेको देखीदैन । यहा स्वास्थ्य सेवाको पनि सुविधा रहेको छ । यहाँ शिक्षाको पनि राम्रो व्यवस्था रहेको छ । यहा ३ माध्यमिक विद्यालय छन् जसमा बिष्णु पादुका, अम्बिका अनि गौरीशंकर माध्यमिक विद्यालय हरू छन् जहा १२ कक्षा समा पढाइ हुन्छ भने हेम्जाको एक मात्र क्याम्पस गौरीसंकर क्याम्पस हो, सामुदायिक विद्यालय बाहेक यहा सस्थागत विद्यालय पनि पनि छन्, खास गरि शैक्षिक हिसाबले बालबालिकाहरूलाइ सबै खालका अध्ययन स्थानहरू रहेका ले पनि शैक्षिक स्तर सहज र अब्बल बनेका छन् । खानेपानी तथा सिंचाइको पनि राम्रो व्यवस्था रहेको छ ।

## ४.६ चाडपर्व

हाल पो.म.न.पा वडा नं.२५ मा धर्म तथा सांस्कृतिक जनजीवन तथा रहनसहनको विशेष महत्व रहेको पाइन्छ । हिन्दू धर्मालम्वीहरूमा ब्राह्मण, क्षेत्री तथा दलित र बौद्ध धर्मालम्वीहरूमा गुरुङहरू रहेका छन् । विभिन्न जनजातीहरूको आ-आफ्नै रहनसहन रहेको छ । जातिगत, भौगोलिक तथा आर्थिक विवीधताले गर्दा यहाको जनजीवन आफ्नै किसिमको भएको पाइन्छ । यहा हिन्दू तथा बौद्ध धर्मालम्वीहरूको वसोवास रहेकोले प्रचलित

राष्ट्रिय चाडपर्वहरूको साथै स्थानीय चाडपर्वहरू पनि मनाउने प्रचलन रहेको पाइन्छ । यहाका मानिसहरू प्रमुख चाडपर्वको रूपमा दशै, तिहार, तिज, जनैपर्णिमा, फागुन पुर्णिमा, कृष्ण जन्माष्टमी, वृद्ध जयन्ती र ल्होसार मनाउने गर्दछन् ।

## ४.७ भू-उपयोग र वनावट

अध्ययन स्थलके भूवनावट प्राय स्थानहरू समथर र उर्वर नै छन् । यहाका फाटहरू खाद्यान्न बाली हुने मुख्य क्षेत्र हुन । यहाको  समथल भागमा धान, मकै, तोरी, कादो, आदी हुने गर्दछ । यहा मौसमी तथा वेमौसमी तरकारी उत्पादन हुने गर्दछ । च्याउ, गोलभेडा, खुर्सानी, काक्रा जस्ता तरकारी राम्रो मात्रामा उत्पादन हुने गर्दछ ।

## ४.८ आम्दानीका अन्य स्रोतहरू

अध्ययन क्षेत्रको मुख्य आम्दानी को रुपामा कृषि नै रहेको छ भने यहा सबै क्षेत्र मा लागेका आम्दानी गर्ने अन्य पेसा ब्यबसायहरू छन्, सरकारी जागिर, आफ्नै पसल, ब्यबसाय लगाएत पनि आम्दानी का स्रोत रहेका छन् । रोजगार निम्न रहेका छन् । जस्तै व्यापार, ज्याला, मजदुरी, जागीर उद्योग, पशुपालन, पोल्ट्री, वैदेशिक रोजगार आदि रहेका छन् । पशुपालनमा गाइ तथा भैसि प्रमुख मानिन्छ । यहा उत्पादित दुध, तरकारी तथा फलफुलले पोखरा बजारमा राम्रो स्थान पाएको छ ।

## ४.९ अध्ययन क्षेत्रमा सहयोगी संस्थाहरू

यहाका अधिकांश जनताहरू कृषि पेशामा आश्रीत रहेका छन् । स्थानीय विकास निर्माणको लागि समुदायको चासो र सहभागीता राम्रो देखिन्छ । टोल-टोलमा गठन भएका आमा समूह, यूवा क्लव, कृषक समूह तथा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले विकासका लागि गठन गरेका समूहहरू रहेका छन् । यस्ता स्थानिय आमा समूह, यूवा समूहको सक्रियताले यस वडाको सामाजिक तथा विकासका कामलाई सहज बनाएको पाइन्छ । सबै जसो बैंक तथा बित्तिय सस्थाहरूले आफ्ना शाखा खोलेका छन्, बाक्लो बस्ति भएको र बिकासको काम तिब्र रुप मा अगाडी बढेको अबस्था मा जनसंख्याको तिब्र बसाइसराइले पनि यो स्थानमा बैंक तथा वित्तीय सस्थाहरूको आकर्षण बढेको पाहिन्छ यसबाट जनतामा सकारात्मक सहयोग पुगेको, काम गर्न सहज भएको छ् जुन बैङ्कीक कार्यक्रमहरू लघुवित्त

सम्बन्धी रहेका छन् । कृषकहरूलाई समूहमा आवद्ध गराई सहुलियत दरमा ऋण प्रदान गर्ने साथसाथै बचत गर्ने जस्ता कार्यक्रमहरू संचालन गरेको पाइन्छ ।

त्यस्तै गरी विभिन्न गैरसरकारी संस्थाले पनि काम गरेको पाइन्छ । रेउकाइ नेपालले हानासाकियामा ट्रेनिङ सेन्टर स्थापना गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्दै आएको छ । त्यस्तै अगार्निक तरकारी उत्पादनको लागि दिगो कृषि विकास कार्यक्रम नेपालले सहयोग गरेको छ । उक्त संस्थाले रासायनीक मल तथा विषादीले वातावरण तथा मानव स्वास्थ्यमा पुऱ्याउने नकारात्मक असर प्रति कृर्षकहरूलाई विभिन्न समयमा जैविक खेती सम्बन्धी तालिम तथा सचेतनामूलक कार्यक्रमहरू आयोजना गर्दै आएको छ । त्यस्तै एक घर एक धारा तथा पूर्ण सरसफाइ क्षेत्र बनाउनमा विभिन्न संस्थाले कार्य गरेका छन् ।

## ४.१० उत्तरदाताको जातिगत विवरण

जात मानव सभ्यताको एक महत्वपूर्ण विशेषता हो । समाजमा जातिका आधारमा पेशा, सामाजिक सम्बन्ध, व्यक्तिको हैसियत र भूमिका निर्धारण भएको हुन्छ । नेपाल एक, बहुजाती, बहुभाषिक तथा बहुसांस्कृतिक राष्ट्र हो । जहा विभिन्न जातजातिहरू वसोवास गर्दछन् । नेपालको सन्दर्भमा उच्च जात र निम्न जातमा मानिसहरू विभाजीत रहेका छन् । समयको परिवर्तनसँगै जातजातिको दुरी पनि कम हुदै गएको पाइन्छ । यस ठाउमा विभिन्न जात जातीको बाहुल्यता रहेको मानिन्छ । यहाका मुख्य बासिन्दाहरूमा ब्राह्मण, क्षेत्री, गुरुङ, कामी, सार्की, दमाइ, घर्ति आदि रहेका छन् । यस अध्ययनमा उतरदाताको विवरण मात्र तयार पारीएको छ ।

**तालिका ४.१ : जातिगत विवरण**

| **जात/जाति** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | ६२ | ६८.९ |
| दलित | १८ | २०.० |
| जनजाति | १० | ११.१ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*

माथिको तालिकामा हेर्दा अध्ययन क्षेत्रमा जातिय हिसावले ब्राह्मण/क्षेत्रीको संख्या बढी देखिन्छ । तरकारी उत्पादनमा लागेका महिलाहरूलाई जातीयतका आधारमा ब्राह्मण/क्षेत्रीको सबै भन्दा बढी ६८.९ प्रतिशत, जनजाति ११.१ प्रतिशत र दलित २० प्रतिशत रहेका छन् । यसरी हेर्दा अध्ययन क्षेत्रमा ब्राह्मण क्षेत्रीको बढी बाहुल्यता देखीन्छ ।

## ४.११ उत्तरदाताको भाषागत विवरण

भाषाको माध्ययमबाट एक व्यक्तिले अर्को व्यक्तिको अभिव्यक्तिलाई बुझ्ने र बुझाउने गर्दछ । भाषालाई मानव सभ्याताको एक अभिन्न अङ्गका रूपमा रूपमा बुझ्न सकिन्छ । भाषाकै माध्यमबाट नै मानिसल आफ्नो आवश्यकता व्यक्त गरी परिपूर्ति समेत गर्दछ । परिवारमा जुन भाषाको प्रयोग गरीन्छ बालबच्चाहरूमा पनि त्यही भाषाको प्रभाव पर्दछ । यसरी परिवारमा बोलीने भाषालाई मातृभाषा भनिन्छ । नेपालको राष्ट्रिय भाषा नेपाली हो । मूल भाषा नेपाली भएपनि अध्ययन क्षेत्रमा विभिन्न भाषा बोल्ने जनजातिको समेत बसोबास रहेको छ । अध्ययन क्षेत्रमा पनि जनजातिहरू आफ्नो भाषा र अन्य जातिहरू नेपाली भाषा बोल्ने गरेको पाइयो । केही जानजातीहरू आफ्नो मातृभाषाका साथै नेपाली भाषा समेत बोल्ने गरेको पाइयो भने केही आफ्नो भाषा मात्र बोल्ने गरेको पाइयो । भाषाका आधारमा तरकारी उत्पादनमा लागेका महिलाहरूको जनसंख्यालाई मात्र तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका ४.२ : उत्तरदाताको भाषागत विवरण**

| **भषा** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| नेपाली | ८२ | ९१.१ |
| गुरुङ मात्र | ८ | ८.९ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*

माथिको तालिकामा उल्लेख भए अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको भाषागत दृष्टीले हेर्दा नेपाली र गुरुङ भाषा बोल्ने उत्तरदाताहरू रहेको पाइयो । तरकारी उत्पादनमा लागेका महिलाहरूको भाषागत आधारमा हेर्दा सबै भन्दा बढी नेपाली भाषागत बोल्ने ९१.१ प्रतिशत, र गुरुङ भाषा मात्र बोल्ने ८.९ प्रतिशत जनसंख्या रहेको पाइयो । विशेष गरी

तरकारी उत्पादनमा लागेका महिलाहरूमा नेपाली भाषाको बाहुल्यता रहेको पाइयो । अध्ययन क्षेत्रमा ब्राह्मण/क्षेत्रीको संख्या अधिकार रहेको साथसाथै दलितको संख्या पनि बढी भएकाले नेपाली भाषा बोल्नेको संख्या अधिक पाइयो ।

### ४.१२ उत्तरदाताको धार्मिक विवरण

अदृश्य शक्ति माथि विश्वास गर्नु नै धर्म हो । प्राचिन समयमा समाजलाई एकता र नियमको घेरा भित्र राख्न धर्मले महत्वपूर्ण भूमिका खेलेको थियो । कानुनको निर्माण नहुनजेलसम्म समाजलाई एकतामा बाध्ने काम धर्मले नै गरेको थियो । धर्मले हरेक नकारात्मक पक्षलाई नियन्त्रण गरेको हुन्छ धर्मकै कारणले मानिसले पाप लाग्छ भनि नराम्रो कार्य नगर्ने गरेको पाइन्छ । समयको परिवर्तनसगै नेपालमा पनि विभिन्न धर्मको विकास भएको पाइन्छ । धर्मलाई मानवले अलौकिक शक्तिका रूपमा विश्वास गरेको पाइन्छ । धर्म मानव समाजको एक सार्वजनीक संस्था भएकोले मानव जीवनमा विश्वास एवम् क्रियाकलाप दुवैलाई निर्धारण गरेको हुन्छ । धर्मले मानव समाजको सामाजिक, राजनैतिक, आर्थिक जीवनलाई प्रभावित गर्दछ । नेपालमा विशेष गरी दुई वटा धर्मलाई महत्वका साथ मान्ने गरीन्छ । ति हुन हिन्दू र बौद्ध धर्म वर्तमान समयमा हिन्दु र वौद्ध धर्मका साथै क्रिस्चियन धर्म पनि मान्ने गरिन्छ । साथसाथै अहिले आएर नेपाल धर्म निरपेक्ष राष्ट्र समेत घोषित भइसकेको छ । अध्ययन क्षेत्रमा पनि विभिन्न धर्म मान्ने मानिसहरूको बसोबास पाइन्छ ।

**तालिका ४.३: उत्तरदाताको धर्मिक विवरण**

| **धर्म** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| हिन्दू | ७८ | ८६.७ |
| बौद्ध | ९ | १०.० |
| क्रिश्चियन | ३ | ३.३ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*

नेपाल बहुभाषिक, बहुसांस्कृतिक तथा बहुजाती भएको देश हो । अध्ययन क्षेत्रमा पनि विभिन्न धर्म मान्ने मानिसहरू बसोबास गर्दछन् । तरकारी उत्पादनमा लागेका महिलाहरूको

जनसंख्याको ८६.७ प्रतिशत हिन्दू धर्म मान्दछन् । त्यसै गरी बौद्ध धर्म मान्ने महिलाहरूको संख्या १०.० प्रतिशत र क्रिश्चियन धर्म मान्ने महिलाहरूको संख्या ३.३ प्रतिशत रहेको छ । समयको परिवर्तनसगै चाड पर्व, धर्म रहन सहन तथा संस्कृतिमा पनि परिवर्तन आएको देखिन्छ । अध्ययन क्षेत्रमा वसोवास गर्ने दलित जातिमा क्रिश्चियन धर्मको प्रभाव देखिन्छ ।

### ४.१३ उत्तरदाताको उमेरगत विवरण

कुनै पनि क्षेत्रको जनसंख्यामा उमेर एउटा महत्वपूर्ण सामाजिक तत्व हो । उमेरले विभिन्न कार्यमा विभिन्नता ल्याउछ । उमेरकै आधारमा व्यक्तिको सामाजिक हैसियत निर्धारण हुन्छ । उमेरकै आधारमा श्रम विभाजन गरिन्छ । व्यक्तिको काम गर्ने समय, कामको प्रकार, काम गर्ने स्थान तथा निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेरले महिलाहरूको सामाजिक विकास, चेतना, रोजाई, निर्णय गर्ने क्षँमता, आर्थिक, राजनैतिक क्रियाकलाप जस्ता क्षेत्रमा प्रभाव पर्दछ । अध्ययनको सीमा भित्र रहेका महिलाहरूलाई उमेरका आधारमा विभिन्न समूहमा वर्गीकरण गरी हेरीएको छ । जसलाई निम्न अनुसारको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.४ : उत्तरदाताको उमेरगत विवरण**

| धर्म | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| १५-२५ | २५ | २७.८ |
| २५-३५ | ४५ | ५०.८ |
| ३५-४५ | १५ | १६.७ |
| ४५ भन्दा माथी | ५ | ५.५ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*

माथीको तालिका अनुसार १५-२५ वर्ष उमेरका २५ जना अर्थात् २७.८ प्रतिशत, २५-३५ वर्ष उमेरका ४५ जना अर्थात् ५० प्रतिशत, ३५-४५ वर्ष उमेरका १५ जना अर्थात् १६.७ प्रतिशत र ४५ भन्दा माथिको वर्ष उमेरका ५ जना अर्थात् ५.५ प्रतिशत रहेको छ । यसरी सर्वेक्षणको तालिका अनुसार सबै भन्दा बढी २५ देखि ३५ वर्ष उमेरका ५०.० प्रतिशत महिलाको संख्या रहेको छ ।

### ४.१४ उत्तरदाताको शैक्षिक अवस्था

शिक्षा समाज र राष्ट्र निर्माणको मेरुदण्ड हो । मानव विकासका लागि शिक्षा अति नै महत्वपूर्ण मानिन्छ । शिक्षाले नै मानिसको चौतर्फी विकास गरेर जिवनलाई स्वावलम्वी, आत्म निर्भर र आत्मविश्वास बढाउन सार्थक भूमिका खेल्दछ । शिक्षालाई हरेक क्षेत्रको आधारभूत आवश्यकता मानिन्छ । कुनै पनि गाऊ समाज, देश वा क्षेत्रको विकासको प्रमुख आधारशिला नै शिक्षा हो । शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तनिर्हित प्रतिभाको विकास भई समग्र समाज र राष्ट्रामा नै सकरात्मक परिवर्तन ल्याउन सकिन्छ । मानव जीवनको लागि शिक्षा अति नै आवश्यक कुरा हो । शिक्षा विकासको मूल आधार हो । कुनै पनि समाजको विकास र सभ्यताका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा एउटा यस्तो अस्त्र हो जसले मानिसलाई सही वा गलत छुट्टाउन सिकाउछ साथै सही बाटोमा हिड्न र उचित निर्णय लिन सिकाउछ । अध्ययन गरिएका तरकारी उत्पादनमा लागेका महिलाहरूको शैक्षिक अवस्थालाई विभिन्न चरणमा विभाजन गरी अध्ययन गरीएको छ । शिक्षाको अवस्थालाई तलकाको तालिमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ :उत्तरदाताको शैक्षिक विवरण**

| **शिक्षा** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| निरक्षर | १२ | १३.३ |
| साक्षर | १८ | २०.२ |
| प्रा.वि. | २६ | २८.९ |
| नि.मा.वी. | १४ | १५.६ |
| मा.वि. | ८ | ८.९ |
| मा.वि. भन्दा माथि | १२ | १३.३ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*

माथिको तालिका अनुसार पढ्न लेख्न नजान्नेलाई निसाक्षर जसमा १२ जना अर्थात् १३.३ प्रतिशत अलि-अलि पढ्न लेख्न जान्नेलाई साक्षर जसमा १८ जना अर्थात् २०.० प्रतिशत, प्रा.वि. सम्मको २६ जना अर्थात् २८.९ प्रतिशत, नि.मा.वि. सम्मको १४ जना अर्थात् १५.६ प्रतिशत मा.वि. सम्मको ८ जना अर्थात् ८.९ प्रतिशत सो भन्दा माथी १२ जना अर्थात्

१३.३ प्रतिशत रहेको छ । सर्वेक्षणको तालिका अनुसार सबैभन्दा बढी संख्या प्रा.वि. सम्मको शिक्षाको रहेको पाइयो ।

## ४.१५ उत्तरदाताको पारिवारिक संरचना

परिवार समाज निर्माणको आधार हो । विशेष गरी नेपालमा एकल र संयूक्त गरी दुई प्रकारका परिवार पाइन्छन् । समयको परिवर्तनसंगै परिवारको संरचनामा पनि परिवर्तन हुदै आएको पाइन्छ । यो प्रभाव गाउमा पनि परेको पाइन्छ । आधुनिकीकरणको प्रभावले गर्दा परिवारको स्वरूपमा समेत परिवर्तन आएको पाइन्छ । परिवारको आकारले उत्पादनमा प्रभाव पार्ने हुदा परिवारको पनि विश्लेषण गरीएको छ । हरेक क्षेत्रमा कृषि कार्य गर्नका लागि धेरै परिश्रम गर्नुपर्ने देखिन्छ । त्यसमाथि पनि ग्रामिण क्षेत्रमा विभिन्न समस्याहरू हुने हुदा बढी परिश्रम गर्नुपर्दछ । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहको परिवारीक संरचनालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६ : उत्तरदाताको परिवारको स्वरूप**

| **परिवार** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| एकात्मक | ६७ | ७४.५ |
| संयूक्त | २३ | २५.५ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*

माथिको तालिका अनुसार एकात्मक परिवारको संख्या ६७ अर्थात् ७४.५ प्रतिशत र संयूक्त परिवारको संख्या २३ अर्थात् २५.५ प्रतिशत रहेको पाइयो । अध्ययन क्षेत्रका उत्तरदाताहरूमा एकात्मक परिवारमा संख्या बढी पाइयो । वर्तमान अवस्थामा एकात्मक परिवारमा बस्ने मानिसहरूको चहाना रहेको अध्ययनले देखाएको छ ।

## ४.१६ उत्तरदाताहरूको कृषि बाहेक अन्य पेशागत विवरण

नेपाल कृषि प्रदानत देश हो । नेपालका अधिकांश जनताहरू कृषिमा नै आश्रित रहेका छन् । ग्रामिण भेगमा त कृषि बाहेक अन्य विकल्प नै हुदैन । त्यसैले अध्ययन क्षेत्रका उत्तरदाताहरूमा पनि अन्य पेशा के छ भनी हेर्न खोजिएको छ । कृषिका अलावा महिलाहरू अन्य के काम गर्छन भन्ने कुरा हेरिएको छ । उत्तरदाताहरूमा कृषि बाहेक अन्य पेशामा

ज्याला मजदुरीका साथै अन्य विभिन्न पेशा भएको पाइयो । उत्तरदाताहरूको कृषि बाहेक अन्य पेशालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.७ : उत्तरदाताको कृषिको अलवा अन्य पेशा**

| **अन्य पेशा** | **संख्या** | **प्रतिशत** | **अन्य पेशा प्रकार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| हुने | १२ | १३.३ | गाइपालन | ६ | ५०.० |
| नहुने | ७८ | ८६.७ | ज्याला मजदुरी | २ | १६.७ |
| **जम्मा** | **९०** | **१००** | कुखुरापालन | ४ | ३३.३ |
| | | | **जम्मा** | **१२** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*

माथीको तालीकामा कृषि बाहेक अन्य पेशा हुनेको संख्या १२ जना अर्थात् १३.३ प्रतिशत र अन्य पेशा नहुनेमा ७८ जना अर्थात् ८६.७ प्रतिशत रहेको पाइयो । यसरी  अध्ययन क्षेत्रमा कृषीलाई नै मुख्य पेशा अपनाई कृषि कार्यमा लाग्नेको संख्या अधिक पाइयो । त्यस्तै उत्तरदाताहरूको अन्य पेशामा गाइपालनमा ६ जना, ज्याला मजदुरीमा २ जना कुखुरापालनमा ४ जना रहेको पाइयो ।

यसरी अध्ययन क्षेत्रमा विकासका भौतिक पूर्वाधारहरू सडक, बिजुली, खानेपानी, सञ्चार आदि सम्पूर्ण सुविधा रहेको पाइयो । अध्ययन क्षेत्रमा विभिन्न जातजातिको मिश्रित बसोबास भएपनि जातजातिमा ब्राह्मण/क्षेत्र, भाषामा नेपाली, धर्ममा हिन्दू, शिक्षामा प्रा.वि.तहसम्म शिक्षा लिएका महिलाहरूको बाहुल्यता पाइयो । अध्ययन क्षेत्रमा सबैभन्दा बढी (८६.७%) कृषि पेसा मात्र अगाल्ने महिलाहरू पाइयो ।

# अध्याय पाँच

# अध्ययन क्षेत्रमा तरकारी उत्पादनको अवस्था

## ५.१ तरकारीको महत्व

हिजो यूगमाकन्दमूल, गिठा, भ्याकुर र शिकार गरी मानिसले आफ्नो पेट भर्ने गर्दथे । समयको परिवर्तनसँगै समाजका हरेक पक्षमा पनि विस्तारै परिवर्तन हदै आएको पाइन्छ । हामी यो समाजमा आइपुग्दा हरेक चरणहरूपार गर्दै आएको हौ । मानव सभ्यताका हरेक चरणहरूपार गर्दै आज हामी विज्ञान र प्रविधिको यूगमा आएका छौं । विकास र परिवर्तनले आज हरेक क्षेत्रमा फड्को मारेको छ । प्राचिन वर्ग विहीन समाज जहा कुनै निजी सम्पत्तीको गन्ध पनि भेटीएको पाइदैन । समयको परिवर्तनसँगै विस्तारै वर्ग निर्माण, निजी सम्पत्ती आदिको सुरुवात भएको पाइन्छ । भनिन्छ प्राचिनकालमा पुरुष शिकार गर्ने र महिला सङ्कलन गर्ने कार्य गर्दथे । यो श्रमविभाजन आजको वैज्ञानिक यूगमा पनि पाउन सकिन्छ । जस्तो कि पुरुषधन सम्पत्ती आयआर्जनका लागि देश तथा विदेशमा जाने र महिला घर व्यवहार, बालबच्चा स्याहार्ने तथा सामान्य कृषिकार्यमा लागेको पाइन्छ । यसरी प्राचिन समय रआजको समयमा पनि श्रम विभाजन पाउन सकिन्छ तर यसको स्वरूपमा मात्र फरकपन देखिन्छ ।

मानव सभ्यताको विकास क्रमसगै आफ्नो जीवनलाई सहज बनाउन कृषि पेशालाई अवलम्वन गर्ने क्रममा तरकारी खेती गर्ने परम्परा प्राचिनकालदेखि नै चलिआएको पाइन्छ । तरकारी उत्पादन र यसको सेवनले हाम्रो शरीरलाई आवश्यक पर्ने विभिन्न तत्वहरू प्राप्त गर्न सक्दछौं । हरीयो सागपातको सेवनले आँखा तेजिलो हुन्छ भन्ने बुढापाकाको यो कथनले पनि मानव स्वास्थ्यमा तरकारीको महत्व अझ बढी भएको देखिन्छ । हरीयो तरकारी अझभनौ स्वस्थ तरकारीको आवश्यकता बालबच्चा, यूवातथा वृद्धलाई पनि त्यतिकै मात्रामा हुने गर्दछ । तसर्थ मानिस स्वस्थ रहन खानामा आवश्यक मात्रामा तरकारीको प्रयोग गर्नुपर्दछ । मानिसमा तरकारीबाट विभिन्न किसिमका भिटामिन तथा प्रोटिन प्राप्त गर्न सकिन्छ भन्ने ज्ञान नहुनु अर्थात् शिक्षाको कमिले गर्दा तरकारी खेतीले विगतमा व्यवसायीक रूप लिन सकेको थिएन । समयको परिवर्तनसँगै मानिसहरूमा पनि आएको चेतनाले गर्दा

तरकारी खेती एक व्यवसायको रूपमा विस्तार हुदै आएको छ । अझै भनौ तरकारी उत्पादनमा रासायनिक मल तथा विषादीको प्रयोग भन्दा प्राङ्गारीक तवरले उत्पादन गर्ने क्रम बढ्दै गएको छ। मानव स्वास्थ्यमा रासायनिक मल तथा विषादीले नकारात्मक असर पुऱ्याउछ भन्ने चेतनाले गर्दा आजको समयमा मानिसहरू प्राङ्गारीक खेतीतर्फ आकर्सित भएको पाइन्छ ।

अध्ययन क्षेत्रमा पनि व्यवसायीक तरकारी खेतिको त्यति लामो इतिहास पाइदैन । तर पनि तरकारी उत्पादनमा या क्षेत्रले महत्वपूर्ण स्थान ओगटेको छ। वास्तवमा भन्नुपर्दा पोखराको बजारमा अध्ययन क्षेत्रको तरकारीले राम्रो स्थान पाएको छ। विभिन्न संघसंस्थाका सहयोगले यो क्षेत्रमा तरकारी उत्पादनमा टेवा पुऱ्याएको छ। महिलाहरू समूहमा आवद्ध भई विभिन्न मौसमी तथा वेमौसमी तरकारी उत्पादनमा लागेका छन् । विभिन्न बैङ्क तथा वितीय संस्थाले पनि महिलाहरूलाई व्यवसायीक रूपमा तरकारी उत्पादनन गर्न प्रेरीत गरेका छन् । त्यस्तै सरकारी तथा गैर सरकारी संस्थाले पनि महिलाहरूलाई समूहमा आवद्ध गराई तरकारी उत्पादनमा लाग्न प्रेरीत गरेका छन् । विशेष गरी अर्गानिक तरकारी उत्पादनमा दिगो कृषि विकास कार्यक्रम नेपालले महिलाहरूलाई विभिन्न कृषक समूहमा आवद्ध गराई अर्गानिक तरकारी उत्पादनको सुरुवात गरेको छ । यसरी हेर्दा हाम्रो दैनिक जीवनमा आवश्यक पर्ने तरकारीको महत्व निकै नै रहेको छ । त्यसमा पनि स्वस्थ र गुणस्तरयूक्त तरकारी हाम्रो आवश्यकता रहेको छ ।

## ५.२ व्यवसायीक तरकारी उत्पादनको अवस्था

परम्परागत रूपमा केही मात्रामा तरकारी लगाउदै आएका यहाका महिलाहरूले तरकारी उत्पादनलाई व्यवसायीक रूपमा विस्तार गरेका छन् । वर्तमान समयमा तरकारीको विउ छनौट गर्दा उन्नतजातको विउ छनौट गर्न थालेका छन् भने वेमौसमी खेतितर्फ आकर्षिक भएका छन् । यहा दुवै थरीका तरकारी लगाउने गर्छन् । आजभोलि समाजमा सबै जनाको घरघरमा ताजा तरकारी खाने गर्दछन् । उनीहरू खानाका साथै तरकारी बेचेरै घरखर्च चलाउने गर्दछन् । आजको समयमा तरकारीको माग अत्याधिक रूपमा बढेको पाइन्छ । मानिसहरूको चेतनामा आएको परिवर्तनले गर्दा हरियो सागपात तथा फलफूलको माग बढेको पाइन्छ । यसरी तरकारीको सेवनले स्वास्थ्य राम्रो हुन्छ भन्ने धारणाको कारण तरकारीको माग बढी हुनु स्वभाविक देखिन्छ । वर्षभरी तरकारीको माग भइरहनु जस्ता

कारणले वेमौसमी तरकारीको उत्पादनमा कृषकहरूलाई आकर्षित गरेको छ । मौसमी तरकारी भन्दा वेमौसमी तरकारीबाट आम्दानी बढी हुने भएकाले धेरै महिलाहरू वेमौसमी तरकारी उत्पादन गर्न लागेका हुन् । अध्ययन क्षेत्रका महिलामा आएको परिवर्तनले रासायनिक तवरले मात्रन भइ अर्गानिक तवरले पनि तरकारी उत्पादन सुरु गरेका छन् । यसरी समयको माग अनुरूप वेमौसमी तरकारी उत्पादन तथा अर्गानिक तरकारी उत्पादनतर्फ महिलाहरू आर्कषित भएको देखिन्छ । विभिन्न संचार माध्यममा प्रस्तुत भएका समाचार तथा सन्दर्भ सामग्रीले तरकारी उपभोगमा सजगता ल्याएको छ । त्यसले पनि अर्गानिक उत्पादनका लागि महिलाहरूलाई आर्कषित छन् । तरकारी उत्पादनलाई व्यवसायीक गर्नका लागिकुन तरकारी कुन महिनामा लगाउँदा बढी फाइदा लिन सकिन्छ र कुन तरकारी कति दिनभित्र बजार लैजान तयार हुन्छ भन्ने जानकारी कृषकहरूमा हुनु पर्दछ ।

## ५.३ यो क्षेत्रमा उत्पादन गरिने मुख्य तरकारी बालिहरू

खास गरि उद्दमशील महिला कृषकहरूले अध्ययन क्षेत्रमा मौसमी तथा वेमौसमी गरी विभिन्न तरकारीहरू उत्पादन गर्ने गरेका छन् । इहा अन्नवाली, तरकारी तथा फलफूल पनि उत्पादन गरिन्छ । अन्नमा, धान, मकै, कोदो, गहु, तोरी आदि लगाइन्छ भने तरकारीमा, गोलभेडा, साग, गाजर, मूला, बन्दा, काउली, काक्रा, घिरौला, लौका, करेला, खुर्सानी, सीमीवोडी, केराउ, प्याज, लसुन, फर्सि, अदुवा आदि लगाइन्छ । त्यस्तै अध्ययन क्षेत्र च्याउ उत्पादनमा पनि निकै नै अगाडि रहेको छ । च्याउ खेतीबाट पनि मनग्य आम्दानी गर्ने हुँदा यसको उत्पादन पनि राम्रो भएको छ । अहिले विभिन्न प्रविधिहरूको प्रयोग समेत कृषि क्षेत्रमा भएको छ । जसका कारणले उत्पादनमा विविधता आएका छन् ।

## ५.४ व्यवसायीक तरकारीका लागि जमिनको अवस्था


नेपाल एक कृषि प्रदान देश हो । नेपाल कृषिप्रधान देश मानिएता पनि शहरीकरणको प्रभावले खेती योग्य जमिनमा ठूला-ठूला भवन तथा प्लटीङ्ग भएका छन् । विकासले हरेक क्षेत्रमा सकारात्मक तथा नकरात्मक प्रभाव पार्दछ विकाससगै खेती योग्य जमिनको नास हुदै जादै क्रम बढेको छ । अध्ययन क्षेत्र मा पनि शहरीकरणको प्रभावले दिनानुदिन नयाँ-नयाँ भवन बन्ने क्रम अगाडि बढेको छ । त्यस्तै देशको १८ प्रतिशत भूमिमात्र कृषि योग्य छ । ६० प्रतिशत किसानहरूसँग २० रोपनी भन्दा कम जग्गा जमिन छ । जसको स्वामीत्वमा

कुल कृषि योग्य जमिनको ३० प्रतिशत भू-भागमात्रै पर्दछ अर्कोतिर १०० रोपनीभन्दा बढी जमिनहुने धनी किसानहरू १.५ प्रतिशतमात्र छन् । उनीहरूको स्वामीत्मा खेती योग्य जमीनको करीव १४ प्रतिशत हिस्सा रहेको छ । यसको असर अध्ययन क्षेत्रमा पनि प्रष्ट रूपमा देख्न सकिन्छ । अध्ययन क्षेत्रमा रहेको उत्तरदाताहरूमा पनि जमिनको भू-स्वामित्व न्यून रहेको अथवा जमिन नै नभएकोले अर्काको जमिन अधिया अथवा भाडामा लिएर पनि तरकारी उत्पादन गरेको पाइन्छ । त्यसैले अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूको जग्गाजमिनको अवस्था कस्तो छ भनेर अध्ययन गरीएको थियो । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूको जमिनको अवस्था तलको तालिका र चित्रमा देखाइएको छ ।

**तालिका ५.१: उत्तरदाताहरूमा जमिन हुने र नहुनेको अवस्था**


| रोपनीमा | संख्या | प्रतिशत | नहुनेको | विवरणको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १-३ रोपनी | ३७ | ४१.१ | ब्राह्मण/क्षेत्री | १ | १२.५ |
| ३-५ रोपनी | २८ | ३१.१ | जनजाति | २ | २५ |
| ५ रोपनी | १७ | १८.९ | दलित | ५ | ६२.५ |
| कतिनहुने | ८ | ८.९ | **जम्मा** | **८** | **१००** |
| **जम्मा** | **९०** | **१००** | | | |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*




**चित्र ५.१ (क) : जमिनको अवस्था**

माथिको तालिका ५.१ र चित्र नं.५ १(क) अनुसार परिवारमा १ देखी ३ रोपनीजमिनहुने महिलाको संख्या ३७ अर्थात् ४१.१ प्रतिशत, ३ देखि ५ रोपनी जमिन हुने महिलाको संख्या २८ जनाअर्थात् ३१.१ प्रतिशत, ५ रोपनीभन्दा माथि जमिन हुने महिलाको संख्या १७ अर्थात् १८.९ प्रतिशत र आफ्नो कत्ती पनि जमिन नहुने महिलाको संख्या ८ अर्थात् ८.९ प्रतिशत रहेको छ । माथीको तालिकाअनुसार परिवारमा सबै भन्दा १ देखी ३ रोपनी जमिन हुने ३७ जना महिला र सबै भन्दा कम कत्ती पनि जमिन नहुने ८ जना महिला पाइयो । ८ जनामध्ये जमिनन हुनेमा दलितको संख्या बढी पाइयो ।




**चित्र ५.१ (ख):जमिन नहुनेको जातीय विवरण**

माथिको चित्र ५.१ (ख) बाट के बुझिन्छ भने जग्गा जमिन नहुने ८ जना मध्येमा १ जना ब्राह्मण/क्षेत्री, २ जना जनजाति र ५ जना दलित रहेको देखिन्छ । माथिको तालिका र चित्रअनुसार आफ्नो जग्गा जमिन नहुनेमा दलितको संख्या सबै भन्दा बढी रहेको पाइयो ।

## ५.५ उत्तरदाताको जमिनमा स्वामित्वको अवस्था

प्राचीनकालीन समाजमा प्राय मानिसहरू सबै समान नै हुन्थे कुनैपनि वर्गमा सभ्यताको सुरुवातमा वर्ग विहीन समाज भेट्न सकिन्थ्यो । समयको गतिशिलतासँगै समाजका हरेक तत्वमा परिवर्तन भएको पाइन्छ । समयको विकास क्रमसगै परिवारको संरचना संख्याआदिमा परिवर्तन भएको पाइन्छ । विभिन्न कानुन तथा निति नियम पनि महिला मुखीभएका छन् ।नेपाल एक पितृसत्तात्मक देश हो । नेपालका सबैजसो ठाउमा परिवार

पुरुषको अधिनमा रहेका छन् । परिवारमा रहेको सम्पत्ती पनि पुरुषको नाममा नै रहेको हुन्छ । कानुनमा महिलाको लागि पनि सम्पत्तीमाथिको हकलाई प्रत्याभूति गरेको भएपनि व्यवहारमा त्यो कार्यान्वय नहुन सकिरहेको छैन । जसको कारण परिवारको जग्गा जमिन पनि पुरुष कै नाममा रहेको पाइन्छ । वर्तमान समयमा केही परिवर्तन भने देख्न सकिन्छ । अध्ययन क्षेत्रमा पनि जमिन कसको नाममा छ भनीअध्ययन गरिएको छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूमा जमिनमा स्वामित्वको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.२ : जमिन स्वामीत्वको विवरण**

| **व्यक्तिको नाममा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| श्रीमान्/ससुरा | ४४ | ४८.९ |
| महिला | ३८ | ४२.२ |
| जग्गानहुने | ८ | ८.९ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन, *२०७७*

तालिका ५.२ अनुसार उत्तरदाताहरूको परिवारमा जग्गा जमिनको अवस्थालाई हेर्दा श्रीमान्/ससुराको नाममा ४४ परिवार अर्थात् ४८.९ प्रतिशत, स्वयम महिलाको नाममा ३८ परिवार अर्थात् ४२.२ प्रतिशत र जग्गा नहुने परिवार ८ अर्थात् ८.९ प्रतिशत रहेको छ । तालिकाअनुसार उत्तरदाताहरूको परिवारमा पनि जग्गा जमिन बढी पुरुषकै नाममा रहेको पाइयो ।

## ५.६ कृषि उत्पादनमा लाग्ने प्रेरणा र स्रोत

समाज तथा परिवारका विविध क्षेत्रमा यस्ता व्यक्तित्वहरू हुन्छन् जसको प्रेरणाले गर्दा व्यक्तिले जीवनको लक्ष्यनिर्धारण गरेको हुन्छ । कुनै पनि व्यवसाय सञ्चालन गर्नका लागि प्रेरणाको स्रोत अति आवश्यक छ । अध्ययन क्षेत्रका महिलाहरू पनि तरकारी उत्पादनमा लाग्ने प्रेरणा कहापाउनु भयो भनी सोधिएको प्रश्नमा उत्तरदाता महिलाहरूले दिएको उत्तरलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.३ : तरकारी उत्पादनमा प्रेरणाको स्रोत**

| प्रेरणाको स्रोत | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| स्वेच्छा | १६ | १७.८ |
| परिवार | ११ | १२.२ |
| साथीभाई | २७ | ३० |
| संघसंस्था | ३६ | ४० |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन, *२०७७*

माथिको तालिकाअनुसार तरकारी उत्पादनमा लाग्ने प्रेरणाको स्रोतहरूमा स्वेच्छाले तरकारी उत्पादनमा लाग्ने उत्तरदाताहरूको संख्या १६ अर्थात् १७.८ प्रतिशत, परिवारको प्रेरणाबाट ११ जनाअर्थात् १२.२ प्रतिशत, साथीभाइको प्रेरणाबाट २७ जना अर्थात् ३० प्रतिशत र संघसंस्थाको प्रेरणाबाट ३६ जनाअर्थात् ४० प्रतिशत रहेको पाइयो । अध्ययनको तालिकाअनुसार सबै भन्दा बढी ३६ जनाअर्थात् ४० प्रतिशत संघसंस्थाको प्रेरणाबाट तरकारी उत्पादनमा लागेको देखिन्छ । अध्ययन क्षेत्रमा अधिकतम उत्तरदाताहरू कार्यरत कृषि सम्बद्ध गैर सरकारी संस्थाबाट दिइएको तालिम, सचेतना मुलक कार्यक्रमबाट प्राप्त जानकारीहरू र प्रेरणाबाट नै अध्ययन क्षेत्रका महिलाहरूलाई व्यवसायीक तरकारी खेतितर्फ जागरुक भएको पाइन्छ ।

## ५.७ व्यवसायीक तरकारी उत्पादनमा पारिवारिक संलग्नता

नेपाल एक कृषिप्रधान देश हो । नेपालका अधिकांश जनताहरू कृषिमा नै निर्भर छन् । अझभनौ ग्रामिण क्षेत्रमा अन्यआयआर्जनका स्रोत नै हुदैनन । उनीहरूकेवल कृषिमा मात्र निर्भर रहेका हुन्छन । कृषिकै आम्दानीबाट जीवन निर्वाह गर्न बाध्य छन् । कृषिमापनि समयसगै परिवर्तन र फरकपनआएको छ । कृषिमा पनि विशेष गरी तरकारी उत्पादनलाई व्यवसायको रूपमालिदै आएको पाइन्छ । अध्ययन क्षेत्रका महिलाहरू पनि तरकारी उत्पादनलाई व्यवसायीक रूपमागर्दै आएका छन् । परिवारका अन्य सदस्यले तरकारी उत्पादनमा कत्तिको समय दिएका छन् । अथवा उत्पादन कार्यमा परिवारका सदस्यको सहभागिता कस्तो छ भनिजानन् खोजिएको छ । तरकारी उत्पादनमा क-कसले काम गर्नुहुन्छ भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.४ : परिवारका सदस्यको संलग्नता**

| **विवरण** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| आफूमात्र | ४८ | ५३.३ |
| श्रीमान् | १५ | १६.७ |
| परिवारका अन्य सदस्य | २७ | ३०.० |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*

तालिका ५.४ अनुसार तरकारी उत्पादनमा आफूमात्र काम गर्ने महिलाको संख्या ४८ अर्थात् ५३.३ प्रतिशत, महिला साथ-साथै श्रीमान पनि काम गर्नेको संख्या १५ अर्थात् १६.७प्रतिशत र अन्य सदस्यले काम गर्नेको संख्या २७ अर्थात् ३०.० प्रतिशत रहेको छ । माथिको तालिकालाई हेर्दा व्यवसायीक रूपमा गरीएको तरकारी उत्पादनमा महिला स्वयम ४८ जनाअर्थात् ५३.३ प्रतिशत सबभन्दा बढी काम गरेको पाइयो । तरीवारमा पुरुषले अन्य काम गर्ने हुनाले कृषिमा १५ जनाअर्थात् १६.७ प्रतिशत सबभन्दाकम संख्यापाइयो ।

## ५.८ तरकारीका किसीमहरू

व्यवसायीक तरकारी उत्पादनमा तरकारीको किसिमले महत्वपूर्ण भूमिका खेल्दछ । मूलतः मौसमीतथा वेमौसमी तरकारी उत्पादन गरीने गर्दछ । अध्ययन क्षेत्रमा व्यवसायीक रूपमा तरकारी उत्पादनमा कस्ता खालका तरकारी बढी उत्पादन गर्दछन् भन्ने कुरा अध्ययन गर्दा मौसमी र वेमौसमी दुवै तरकारी उत्पादन गरेको पाइयो । तुलनात्मक हिसावमा मौसमी भन्दा वेमौसमी तरकारी उत्पादनबाट बढी मुनाफा आर्जन गर्ने गरेको पाइयो । तसर्थ अध्ययन क्षेत्रमा वेमौसमी तरकारी उत्पादन गरेको पाइयो । मौसमी तरकारीको तुलनामा वेमौसमी तरसकारी उत्पादनबाट उत्पादक महिलाहरूले करीव दोब्वर मूल्यप्राप्त गर्न सक्छन् । जसका लागि, कृषि योग्य जमिन, उन्नतविउ, मल, तरकारी उत्पादन विधी तथा तालिम, सिचाई, बजार व्यवस्थापन आदिको व्यवस्था राम्रो हुनुपर्दछ । यस क्षेत्र क्षेत्र मालगाउने मुख्य वेमौसमी तरकारीहरूमा काउली, बन्दा, गोलभेडा, खुर्सानी, काक्रो, करेला, घिरौला, बोडी, सीमी आदि रहेका छन् । यस क्षेत्र गोलभेडा उत्पादनको राम्रो क्षेत्र भएकोले प्लाष्टीक टनेल मार्फत वर्षे भरी गोलभेडा उत्पादन गर्दछन् । विभिन्न जातका वेमौसमी तरकारी उत्पादन गर्न अनुकुल वातावरणको लागि यस्ता प्लाष्टीक घरको आवश्यकता पर्ने

गरेको पाइयो । मौसमी तरकारीमा भन्दा वेमौसमी तरकारी उत्पादनमा केही समस्याहरू पनि देखापर्ने गरेको पाइयो । रोग किराबाट सबैभन्दा बढी मात्रामा दुःख पाउने गरेको पाइयो ।

## ५.९ मल विउ तथा प्रविधीको प्रयोग

अध्ययन क्षेत्रमा व्यवसायीक रूपमा लागेका महिलाहरूले कस्तो खालको मलखाद तथा विषादीको प्रयोग गर्छन भनी हेरीएको छ । आजको समाज बढी मात्रामा नाफा आर्जन गर्न उदृत देखिन्छ । मानिसहरू बढी भन्दा बढी नाफाआर्जन गर्न चाहन्छन् । तसर्थ उत्पादन मामलको ठूलो भूमिका हुने गर्दछ । परम्परागत गोठे मल, कम्पोष्ट मल, रासायनीक मल आदिको प्रयोग प्रायजसो सबै कृषकले गर्ने गर्दछन् । अध्ययन क्षेत्रमा कस्तो मलतथाविषादी, कस्तो प्रकारको विउप्रयोग गर्दछन भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.५ : मल, विउ तथा प्रविधीको प्रयोग**

| **विवरण** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| परम्परागत मात्र | ६ | ६.७ |
| आधुनिकमात्र | १२ | १३.३ |
| परम्परागत तथा आधुनिक | ६२ | ६८.९ |
| तालिमदाताको सिफारीस बमोजिम | १० | ११.१ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*

माथिको तालिकाअनुसार तरकारी उत्पादन गर्दा परम्परागत मलविउ र प्रविधीप्रयोग गर्नेको संख्या ६ अर्थात् ६.७, आधुनिक मल विउ तथा प्रविधीको प्रयोग गर्नेको संख्या १२ अर्थात् १३.३ प्रतिशत, परम्परागत तथा आधुनिक दुवै प्रकारको मलविउ तथा प्रविधीको प्रयोग गर्नेको संख्या ६२ अर्थात् ६८.९ प्रतिशत र तालिमदाताको सिफारिस अनुसार मल विउ तथा प्रविधीको प्रयोग गर्नेको संख्या १० अर्थात् ११.१ प्रतिसत रहेको पाइयो । समयको परिवर्तनसँगै खेती प्रणालीमा पनि परिवर्तन भएको पाइन्छ । यसरी हेर्दा परम्परागत विउ, गाढेमल तथा आधुनिक रसायनिक मल तथा उन्नत विउ आदि दुवै प्रयोग गरी उत्पादन गर्नेको संख्या ६२ अर्थात् ६८.९ प्रतिशत पाइयो । यसरी दुवैको प्रयोग गर्नेको संख्या अधिक

पाइयो भने मात्र परम्परागत मल, विउ, प्रविधि आदीको प्रयोग गरी उत्पादन गर्नेको संख्या न्यून अर्थात् ६ जना पाइयो । यसरी हेर्दा अध्ययन क्षेत्रमा आधुनिक मल तथा विउको प्रयोग गरी उत्पादन बढी गर्ने गरेको पाइयो ।

## ५.११ तालिम प्राप्त महिलाको संख्या

कुनै पनिकार्य सुरु गनुपूर्व सम्बन्धित कार्यको बारेमा ज्ञान तथा जानकारी हुन नितान्त आवश्यक देखिन्छ । विना योजना गरेका कार्यमा सफलता प्राप्त गर्न कठिन पर्दछ । तसर्थ कुनै पनि योजना सुरु गर्नु पूर्व सम्बन्धित विषयमा ज्ञान, सिप, तालिम, प्रविधी आदीको बारेमा राम्रो व्यवस्था हुन आवश्यक छ । कुनै पनि योजना सञ्चालन गर्नुपूर्व, उक्त योजना कसरी संचालन गर्ने, कुन प्रविधीको प्रयोग गर्ने, कहिले गर्ने जस्ता विभिन्न जानकारी प्रदान गर्नु नै तालिमहो । तालिम पश्चात् आफ्नो योजनालाई सफलतापूर्वक अगाडि बढाउन सकिन्छ । समयको परिवर्तन अनुसार जुनसुकै कार्य राम्रो गरी संचालन गर्नका लागि तालिमको अति आवश्यक छ । तरकारी उत्पादनमा पनि नयाँ-नयाँ प्रविधी विकास भइसकेका छन् । नया-नया मल, विउ, र प्रविधीको प्रयोग गर्न तालिमको आवश्यकता छ । अध्ययन क्षेत्रका महिलाहरू पनि तालिम प्राप्त छन् कि छैनन् भनी अध्ययन गरीएको छ । अध्ययनअनुसार तरकारी उत्पादनमा लागेका ९० जना महिला सबै तालिम प्राप्त रहेको पाइयो ।

अध्ययन क्षेत्रमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले विभिन्न तालिम तथा सचेताना मूलक कार्यक्रम संचालन गरेका छन् । सरकारी तवरबाट विभिन्न कृषक समूह गठन गरी विभिन्न कृषक पाठशाला संचालन गरी तालिम प्रदान गरेको छ । आइ.पी.एम. कृषक पाठशाला पनि संचालन गरेको छ । जस अन्तर्गत व्यवसायीक गोलभेडा खेती सम्बन्धी विभिन्न कार्यक्रम संचालन गरीएको छ । अध्ययनमा रहेका ९० जना महिला तालिम प्राप्त रहेको र उनीहरूलाई सरकारी तथा गैर सरकारी संस्थाले तालिम दिएको पाइयो ।

## ५.११ वार्षिक आम्दानी

जुनसुकै स्थानमा बस्ने मानिसले आफ्नो दैनिक जीवन संचालनमा केही न केहीरूपमा आर्थिक उपार्जन गरेको पाइन्छ । प्राचिन ढुङ्गे यूगमा समेत शिकार गर्ने कन्दमूल सङ्कलन गर्ने जस्ता कार्य गर्दथे । समयको परिवर्तनसँगै विज्ञान र प्रविधीले विभिन्न आयामहरू ल्याएको छ । आजको समाज जटिल समाजको रूपमा परिवर्तन भएको छ । यसरी मानिसले आफ्नो आवश्यकता पूरा गर्न विभिन्नकार्यहरू संचालन गर्नुपर्ने हुन्छ । विगत देखिनै गरिदै आएको कृषि/पेशालाई आधुनिकीकरण गर्दै यसलाई व्यवसायीकरण तर्फ लैजान थालिएको छ । मानिसहरू परम्परागत निर्वाहमूखी कृषिलाई केही परिवर्तन गरी व्यवसायीक कृषिका रूपमा अगाडि सारी आफूले आयआर्जन गरेका छन् ।

अध्ययन क्षेत्रमा पनि महिलाहरूले व्यवसायीक रूपमा तरकारी उत्पादन गरेर आफ्नो खर्चका साथमा आम्दानी गरेको देखिन्छ । उनीहरू आफूले उत्पादन गरेको तरकारी घरमा खाने, इष्टमीत्रलाई दिने र धेरै तरकारी बेच्ने गरेको बताए । उनीहरूले उत्पादन गरेको सिधै पोखरा बजारमा बेच्ने गरेको पाइयो । कतिपय अन्य मानिसहरू तरकारी खरिद गर्न सिदै आफ्नो बारीमा आउने गर्ने गरेको पाइयो । आफ्नो जमिनमा प्रशस्त तरकारी लगाउने, भाडामा लिएर पनि तरकारी लगाउने र समूहमा मात्रै पनि तरकारी लगाउने महिलाहरू उत्तरदाताभित्र रहेकोले उनीहरूले वार्षिक रूपमा कति आम्दानी गर्छन् भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.६ : उत्तरदाताको वार्षिक आम्दानीको विवरण (वार्षिक)**

| **विवरण** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| १०-२० हजार आम्दानी | १७ | १८.९ |
| २०-४० हजार आम्दानी | १९ | २१.१ |
| ४०-६० हजार आम्दानी | २८ | ३१.१ |
| ६०-८० हजार आम्दानी | १६ | १७.८ |
| ८० हजार भन्दामाथि | १० | ११.१ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन *२०७७*

माथिको तालिकाअनुसार १०-२० हजार आम्दानी गर्ने उत्तरदाताको संख्या १७अर्थात् १८.९ प्रतिशत, २० देखि ४० हजार आम्दानी गर्नेको संख्या १९ अर्थात् २१.१२ प्रतिशत, ४० देखी ६० हजार आम्दानी गर्नेको संख्या २८ अर्थात् ३१.१ प्रतिशत, त्यस्तै ६० हजार देखि ८० हजारसम्म आम्दानी गर्नेको संख्या १६ अर्थात् १७.८ प्रतिशत र ८० हजार भन्दामाथि आम्दानी गर्नेको संख्या १० जना अर्थात् ११.१ प्रतिशत भेटीयो । सबै भन्दा बढी संख्या २८ जना ४०-६० हजार आम्दानी गर्ने उत्तरदाताको संख्या पाइयो । त्यस्तै सबै भन्दाकम संख्या १० जना ८० हजार भन्दामाथि आम्दानी गर्ने उत्तरदाताको संख्या पाइयो ।

## ५.१२ तरकारी व्यवसायबाट प्राप्त आम्दानीको खर्च विवरण

आम्दानीले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ । उसको लवाइखवाइ, रहनसहन, व्यवहार क्रियाकलाप, मान प्रतिष्ठा, आचरण जस्ता कुराहरू आम्दानीमा निर्भर रहेको हुन्छन् । आम्दानीलाई व्यक्तिले विभिन्न शीर्षकमा खर्च गर्ने गर्दछन् । उसले आफ्नो आवश्यकता र अवस्थाअनुसार खर्च गर्दछ । अध्ययन क्षेत्रका महिलाहरू व्यवसायीक रूपमा तरकारी उत्पादन गरी आफ्नो खर्च धान्ने काम गरेका छन् । तरकारी उत्पादनबाट १० हजार देखी ८० हजार भन्दामाथि आम्दानी गर्ने महिलाहरू रहेको पाइयो । तरकारी उत्पादनबाट प्राप्त आम्दानी महिलाहरूले के-के मा खर्च गर्दछन भनी जान्न खोजिएको छ । तरकारी उत्पादनबाट प्राप्त आम्दानीलाई विभिन्न क्षेत्रमा खर्च गर्ने गरेको पाइयो जसलाई तरको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७ : उत्तरदाताको प्राप्त आम्दानीको खर्च विवरण**

| खर्चको विषय | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| घरखर्च मात्र | १७ | १८.९ |
| आफ्नो मात्र खर्च | ११ | १२.२ |
| बालबच्चाको पढाइमा | २० | २२.२ |
| पुन : उत्पादनमा लगानी | १९ | २१.१ |
| घर खर्च बालंबच्चाको पढाइ | २३ | २५.६ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन, *२०७७*

माथिको तालिकामा उल्लेख भएअनुसार तरकारी उत्पादनबाट आएको आम्दानी घर खर्च मात्र गर्ने महिलाहरू १७ जना अर्थात् १८.९ प्रतिशत, आफ्नो मात्रखर्च गर्ने ११ जना अर्थात् १२.२ प्रतिशत, बालबच्चाको पढाईमा खर्च गर्ने महिलाहरूको संख्या २० अर्थात् २२.२ प्रतिशत, पुनःउत्पादनमा लगानी गर्ने १९ जनाअर्थात् २१.१ प्रतिशत र घरखर्च र बालबच्चाको पढाईमा एकै साथ खर्च गर्नेको संख्या २३ जना अर्थात् २५.६ प्रतिशत रहेको छ । तालिकाअनुसार तरकारी उत्पादनबाट आम्दानी भएको पैसा आफ्नो मात्र खर्च गर्ने महिलाहरूमात्र ११ जना र तरकारी उत्पादनकै आम्दानीबाट घरखर्च र बालबच्चाको पढाइमा खर्च गर्ने महिलाहरू सबै भन्दा बढी २३ जना रहेको पाइयो ।

### वैयक्तिक अध्ययन १- सुनिता क्षेत्रीको आर्थिक सफलता

साविक हेमजा गाउँविकास समिति र हालको पोखरा महानगरपालिका हेमजा स्थित लस्करे कार्कीथर *निवासी ३३ वर्षिय सुनिता क्षेत्रीको परिवार मध्ययम खालको छ । उनी तरकारी उत्पादनमा लाग्नु अगाडि खेत बारीमा धान, कोदो, मकै जस्ता अन्नबाली मात्र उत्पादन गरिन्थ्यो । तर पनि यस्ता अन्नबालीले वर्ष गरी खान समेत पुग्दैन्थ्यो । तरकारीका नाममा सामान्य १-२ बोट गोलभेडा र अलिकति साग मात्र उत्पादनहुन्थ्यो । ८ रोपनीभन्दा बढी जमिन भएर पनि वर्ष भरी खान नपुग्ने स्थिती थियो । उनको परिवारमा ६ जना सदस्य रहेका छन् ।*

*वर्षौं देखि धान, कोदो, मकै उत्पादन आदी गरेको सुनीता क्षेत्रीले बताइन । वास्तवमा सुरुवातका वर्षमा व्यवसायीक तरकारी उत्पादन गर्नुपर्छ भन्ने ज्ञान थिएन विस्तारै सबैले अलिअलि तरकारी लगाउँदै सामान्य रूपमा बेचविखन गरेको देखेर आफूले पनि अलिकति जग्गामा तरकारी लगाएको उनी बताउँछिन । जिल्ला स्थित कृषि कार्यालय सो मातहतका महानगरीय कृषि कार्यालय र अहिले सुरुवात गरिएका प्रधानमन्त्री कृषि परियोजना लगायत सबै ठाउँमा कृषक पाठशाला स्थापना गर्ने अभियानमा वडामा गठीत कृषक समूहमा आबद्ध भई गोलभेडा खेती सम्बन्धी तालिम लिएको उनले बताइन । तालिम लगतै सुरुवातमै २ वटा टनेल बनाएर तरकारी उत्पादनको कार्य सुरु गरेकी थिइन । कृषक समूहका अन्य सदस्यले यसरी व्यवसायिक तरकारी उत्पादन नगरेका बेला आफूले मात्र तरकारी उत्पादन सुरु गर्दा उनलाई परिवारबाट सहयोग पनि नगरेको उनी बताउँछिन् । उनी एकले उत्पादनको काम सुरु गर्न सफल भइन । विस्तारै तरकारीबाट आम्दानी हुन थाले पछि र आफ्नो घरमा आवश्यक पर्ने घरखर्च तरकारी विक्रीबाट आउन थालेपछि परिवारका अन्य सदस्यले विस्तारै उत्पादन कार्यमा सहयोग गरेको उनी*

*बताउछीन⁄ तरकारी उत्पादन गर्नुभन्दा अगाडि आफूसग केहीपनि रकम हातमा हुदैनथ्यो तर आफै उत्पादन कार्यमा खटेपछि आफूसग २-४ हजार रूपैया नटुटेको उनी बताउछीन् । परिवारको सहयोग र समर्थन पछि उनको घरमा अहिले ४ वटा टर्नेलमा व्यवसायीक गोलभेडा खेती र अन्य सबै प्रकारका तरकारी रहेका छन् । वेमौसमी तरकारीका विरुवा उत्पादन गरी विक्री समेत गर्ने गरेको उनी बताउछीन् । धानलगाएर वर्ष भरी खाननपुग्ने खेतमा व्यवसायीक तरकारीबाट अन्य आम्दानी भएको देखेर परिवारका सदस्यले तरकारी उत्पादनमा नै जोड दिएको उनी बताउँछिन् । उत्पादीत तरकारीलाई बजारसम्म पुऱ्याउन कुनै समस्या नरहेको उनी बताउँछिन । आफूले उत्पादन गरेको तरकारी र छिमेकीले उत्पादन गरेको सामान्य तरकारी पनि आफैले खरीद गरी बजारसम्म पुऱ्याउने गरेको उनी बताउछीन् । उत्पादन सुरु गरेको वर्ष वार्षिक १ लाख आम्दानी गरेको उनले बताइन । परिवारको सहयोग पछी तरकारी उत्पादनमा समेत वृद्धि हुदा अहिले वार्षिक १ लाख देखि २ लाख सम्म आम्दानीहुने गरेको बताइन् । अहिले उनको घरमा मौसमी तथा वेमौसमी दुवै तरकारी उत्पादन गर्ने हुदा वर्षभरी तरकारी बेच्ने गर्दछन् । उत्पादनबाट आएको आम्दानी उनकै निर्णयमा खर्च गर्ने गरेको र आम्दानी पछि पुरुषमा निर्भर हुननपरेको, आर्थिक रूपमा आत्मनिर्भर बन्न सकेको कुरा सुनाइन । व्यवसायीक रूपमा तरकारी उत्पादन गरेपछि विभिन्न ठाउमा प्रयोग भएको नयानया खेती र विधी र प्रविधिको भ्रमण मार्फत अवलोकन समेत गर्ने मौका पाएको कुरा सुनाइन् ।*

*मेहनत र लगनशिल भएर परिश्रम गरे सफल हुन सकिन्छ । सुरुमा काम गर्न परिवार र समाजलाई बुझाउन गाह्रो भएपछि उत्पादन राम्रो हुदा आम्दानी भएको देखेर परिवारले सहयोग, समर्थन गरेको र समाजले समेत प्रशंसा गरेको उनको भनाई छ ।*

अध्ययन क्षेत्रमा रहेका व्यवसायीक कृषक महिलाहरूको तरकारी खेती सम्बन्धी गरिएको अध्ययनमा जमिनको स्वामीत्वको अवस्थालाई हेर्दा अधिकतम मात्रामा ४८.९ प्रतिशत जमिन उत्तरदाताका श्रीमान⁄ससुराको नाममा रहेको पाइयो । तरकारी उत्पादनमै लाग्ने प्रेरणाको स्रोतलाई हेर्दा बढी मात्रामा (४०.०%) संघसंस्थाको वाहुल्यता देखिन्छ । कुल उत्तरदाता ९० जनामध्ये ६८.९ प्रतिशत परम्परागत तथा आधुनिक मल, विउ र प्रविधीको प्रयोग गर्ने गरेको पाइयो । आधुनिक मल, विउ र प्रविधीको प्रयोग गरी बढी मात्रामा उत्पादकत्व बढाई आर्थिक सफलता हासिल गरेको पाइयो । विशेषगरी उक्त क्षेत्रका २५.६ प्रतिशत महिलाहरूले घर खर्च बालबच्चाको पढाइमा खर्च गर्ने गरेको देखिन्छ । आफैले

कमाएको पैसा अनि आफ्नो परिवारको आवश्यकतालाई सहज पुरा गराउन आत्मनिर्भर हुदै गएको अबस्थालाइ उनीहरूले आफ्नै मेहनत ले आर्जन गरेको र चुहाएको पसिनाको प्रतिफल मान्न सकिन्छ । परिवारको सानो सानो आवश्यकतालाई समेत पुरा गर्न पनि परिवारमा श्रीमान् वा अरूको भर पर्नु पर्ने बाध्यताबाट महिलाहरू मुक्त भएको अवस्था छ। जब महिलाहरू आत्मानिर्भर बन्छन तब परिवार अनि समाज वास्तवमा परिवर्तनको मार्गमा हिड्ने कोसिस गरेको देखिन्छ, आफ्नो पसिनाको कमाईले आफ्ना न्युनतम पारिवारिक अनि आफ्नै आवश्यकता को पनि सहज समाधानका लागी प्रेरित भएको भन्न सकिन्छ

# अध्याय छ

# तरकारी उत्पादनले महिलाहरूको जीवन स्तरमा पारेको प्रभाव

समाजको आधा हिस्सा ओगेट्ने महिला वास्तवमा परिवारको पालनपोषणको मामलामा सम्पूर्णता हुन भन्दा अतियुक्ति नहोला । नेपालको सन्दर्भमा हेर्नुपर्दा कुल जनसंख्याको आधा भन्दा बढी संख्या महिलाको रहेको छ । तुलनात्मक रूपमा महिलाको स्तर पुरुषको भन्दा कम छ । पुरुषहरू प्राय आय आर्जनका लागि देश तथा विदेशमा समेत जाने गर्दछन् भने यसमा महिलाको सहभागीता न्यून पाइन्छ । पुरुषहरू स्वतन्त्र रूपमा हिडडुल गर्न पाउँदछन् भने महिलाहरूलाई समाजीक बन्देज लगाइन्छ । नेपालको सन्दर्भमा भन्नुपर्दा आम्दानी जसले बढी गर्छ त्यसको सामाजीक स्तर पनि राम्रो मानिन्छ । दैनिक जीवनमा घरगृहस्थी चलाउन केही न केही रूपमा आय आर्जन गर्नुपर्ने बाध्यता प्राय सबैलाई देखिन्छ । विकासका दृष्टीले पुरुष भन्दा महिला निकै पछाडी परेको तथ्य सर्वविदीतै छ । समाजको सर्वाङ्गीण विकासको लागी समुदाय भित्रका सबै जातजाति, भाषा, संस्कृति र लिङ्ग आदीको समान रूपले विकास हुनुपर्दछ । नेपालमा महिलाहरू विकासको मूल प्रवाहमा अझै पनि आउन नसकेको विभिन्न अध्ययन अनुसन्धानबाट पुष्टी भइसकेको छ । अझै पनि नेपाली महिलाहरू घरायसी काम धन्दामा मात्र सिमीत देखिन्छन् । नेपालको पितृसत्तात्मक समाजले आजको बौद्धिक र विकसीत विश्व परिवेशमा देखा परेका नविनतम परिवर्तनको लहरसँगै महिला विकासको लहरूलाई अहिले सम्म पनि सम्बोधन गर्न सकेको देखिदैन । समाजमा लिङ्ग, वर्ग तथा सामाजिक, सांस्कृतिक रूपमा परम्परादेखी रहदै आएका महिला र पुरुषका बिचको विभेदले समतामा आधारित समाजको निर्माण हुन सकेको छैन तथा विकासमा महिलाहरू निकै पछाडी परेका छन् । नेपाली महिलाहरूको आर्थिक पक्षमा पहुच निकै नै कम छ । देशको सर्वाङ्‌गिण विकासका लागि महिलाहरूको सहभागीताको आवश्यकता रहेको छ । समाज र देशको विकासले जबसम्म गति लिन सक्दैन तबसम्म महिलाहरू विकासको मुल प्रवाहमा आउन सक्दैनन् । तसर्थ नेपालमा पनि महिला र पुरुष बिचको विभेदलाई हटाई सामाजिक, आर्थिक र अन्य क्षेत्रहरूमा महिला सहभागीताका लागि सरकारी तथा गैर सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयासहरू भइरहेका छन् । आर्थिक सामाजिक रुपमा पनि आफै सक्रिय रुपमा लाग्दा पनि सामाजिक हिसाबले विभेदको आभास

नहोला भन्ने पनि बुझिन्छ, हरेक व्यक्ति आफैमा सक्षम भए भने मात्र अरूको नजरबाट पनि माथि उठ्ने कुरा सम्मनानित समाजको नागरिकको रुपमा रहन अबस्था रहनछ, दोश्रो दर्जाको नागारीकको रुपमा रहनु पर्ने अवस्थाको अन्त्य हुनेछ, महिलाहरूले आय आर्जनको लागी गरेका कार्य हरूलाई यसरि अध्ययन गरिएको छ

## ६.१ आम्दानीको खर्च गर्ने निर्णय सम्बन्धी धारणा

प्राय नेपाली समाजमा पुरुषहरू आयआर्जनमा घर बाहिर जाने र महिलाहरू घरधन्दामा मात्र सीमित रहने चलन रहेको छ । महिलाहरू घरधन्दा तथा सामान्य कृषिमा मात्र सिमीत रहेका छन् । सहभागीताका दृष्टीले कृषि क्षेत्रमा महिलाहरूको संख्या बढी देखीन्छ तर आम्दानीको पहुच भने कम रहेको छ । जसका कारण महिलाहरू समाजमा आर्थिक रूपमा पुरुषमा नै निर्भर रहेको पाइन्छ । प्रत्येक समाजमा पुरुषको अधिपत्य रहेको कारण आम्दानी गरेर पनि महिलाहरूले पैसा खर्च गर्ने निर्णय गर्ने काम गर्न पाएका छैनन् । प्राय: सबै जसो समाजमा आर्थिक कारोबार पुरुषले नै गर्ने गरेको पाइन्छ । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूमा पनि तरकारी उत्पादनबाट प्राप्त आम्दानी खर्च गर्ने निर्णय कसले गर्दछ भनि सोधीएको प्रश्नको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका ६.१ : उत्तरदाताको खर्च गर्ने निर्णय सम्बन्धी धारणा**

| विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| उत्तरदाता महिला स्वयम् | ५२ | ५७.८ |
| श्रीमान् | १७ | १८.९ |
| परिवारको सल्लाहमा | २१ | २३.३ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन, *२०७७ ।*

माथिको तालिकामा उल्लेख भए अनुसार तरकारी उत्पादनबाट प्राप्त आम्दानी खर्च गर्ने निर्णय महिला स्वयम ५२ जना अर्थात् ५७.८ प्रतिशत, श्रीमान् १७ जना अर्थात् १८.९ प्रतिशत र परिवारको सल्लाहमा खर्चको निर्णय गर्ने संख्या २१ अर्थाथ २३.३ प्रतिशत रहेको पाइयो । यस अध्ययन अनुसार बढी महिला स्वयमले नै खर्चको निर्णय गर्ने गरेको पाइयो ।

उत्तरदाताहरूको परिवार धेरै एकात्मक रहेको र कतिपयको घरमा श्रीमान् नहुने हुनाले पनि महिला स्वयमले नै आर्थिक कारोवार गर्ने गरेको भेटीयो ।

### ६.२. तरकारी विक्रीमा संलग्न व्यक्ति

तरकारी उत्पादन गर्ने कुराले मात्र आम्दानी प्राप्त हुँदैन त्यसको उचित मुल्यमा बिक्रि बितरण गर्ने कुरा महत्वपुर्ण हुन आउछ । तरकारी उत्पादन पश्चात विक्री गर्ने कार्य महत्वपूर्ण हुन आउछ । उत्पादित तरकारीलाई बजार सम्म पुऱ्याउनुपर्ने हुन्छ । तरकारी उत्पादनमा स्वयम् महिलाहरू नै बढी समय काम गर्ने गरेको अध्ययनबाट पत्ता लागेको छ । उत्पादीत तरकारीलाई प्राय पोखरा बजारमानै विक्रीका लागी लगीने गरेको पाइयो । उक्त तरकारी विक्री गर्नको जान्छ भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका ६.२ : उत्तरदाताको तरकारी विक्रीमा संलग्न व्यक्ति**

| **विवरण** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| आफू स्वयम् | ६३ | ७०.० |
| श्रीमान् | १४ | १५.६ |
| छोरा | ४ | ४.४ |
| छोरी | ९ | १०.० |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन, *२०७७ ।*

माथिको तालिकामा उल्लेख भए अनुसार तरकारी उत्पादन गरिसकेपछी त्यो तरकारी बेच्न परिवारका सदस्यको जान्छ भन्ने प्रश्नको उत्तर हेर्दा महिला स्वयम ६३ जना अर्थात् ७० प्रतिशत, श्रीमान १४ जना अर्थात् १५.६ प्रतिशत, छोरा ४ जना अर्थात् ४.४ प्रतिशत र छोरीलाई तरकारी बेच्न पठाउनेको संख्या ९ जना अर्थात् १०.० प्रतिशत रहेको छ । तरकारी उत्पादनमा र विक्री कार्यमा महिलाहरूको संख्या नै सबैभन्दा बढी ७०.० प्रतिशत रहेको छ भने कम तरकारी बेच्न जाने छोराको संख्या ४.४ प्रतिशत रहेको छ । बिक्री वितरण गर्ने कतिपयले मौखिक रूपमा कहिलेकाही तरकारी खरिद गर्न केहि ब्यबसाही हरू स्वयम् घरमा पनि आउने गरेको देखिन्छ, तर त्यो नियमित नहुने हुँदा अध्ययनमा संलग्न

गरिएको छैन . अध्ययन अनुसार विक्री वितरणमा पनि महिलाहरू नै बढी सक्रिय रहेको पाइयो ।

## ६.३. तरकारीबाट प्राप्त आम्दानी बचत गर्ने संस्था/व्यक्ति

तरकारी उत्पादनमा लागेका महिला कृषकहरूले प्राप्त गरेको आम्दानी विभिन्न विषयमा खर्च गर्ने कुरा माथि नै उल्लेख गरिएको छ । अध्ययनले के देखायो भने प्राय घर खर्च चलाउने र आवश्यक न्युनतम कुरा पुरा गराउन सक्रिय हुने हुदा आर्हिक कुराको बचत महिला स्वयंले नै बढी जिम्मेवारी लिएको पाहिन्छ । अध्ययनबाट उत्पादनमा लागेका ९० जना महिलाहरू पैसा बचत गरेको कुरा बताएका छन् । प्राय गरी परिवारको सम्पत्ति पुरुषको नाममा नै रहेको पाइयो । खर्च गरेर बाकी रहेको पैसा महिलाहरू बचत गरेका छन् । त्यो बचत गरिएको पैसा कसका नाममा छ, बचत कहा गरेका छन् भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.३ : बचत गर्ने व्यक्ति र संस्था**

| **व्यक्तिको नाम** | **संख्या** | **प्रतिशत** | **संस्थाको नाम** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| स्वयम् महिला | ५२ | ५७.८ | समूहमा | ६१ | ६७.८ |
| श्रीमान्को नाममा | २१ | २३.३ | सहकारीमा | १९ | २१.१ |
| परिवारको नाममा | १७ | १८.९ | बैंकमा | १० | ११.१ |
| **जम्मा** | **९०** | **१००** | **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन, *२०७७ ।*

माथिको तालिका अनुसार आम्दानीको पैसा महिलाहरू कसको नाममा बचत गर्छन् त भन्ने कुरा हेरीएको छ । अध्ययन क्षेत्रका ५२ जना अर्थात् ५७.८ प्रतिशत महिलाहरू आम्दानीको पैसा आफ्नै नाममा बचत गरेको देखियो, श्रीमान्को नाममा २१ जना अर्थात् २३.३ प्रतिशत र परिवारको नाममा १७ जना अर्थात् १८.९ प्रतिशत रहेको पाइयो । अध्ययन अनुसार महिलाहरूमा आम्दानी गरेको पैसा आफ्नै नाममा राखेर आवश्यकता अनुसार खर्च गरेको पाइयो । यसबाट उनीहरूमा सक्षम, स्वावलम्वी र स्वतन्त्रताको विकास भएको पाइन्छ । परिवारको नाम मा भन्नुको अर्थ परिवारका मुख्य श्रीमान् श्रीमती दुवैका नाममा समेत जम्मा गर्ने गरेको पाईयो, संयुक्त रुपमा बैंक खाता समेत संचालन भएको देखिन्छ ।

## ६.४ सामाजिक संघसंस्थामा आबद्धता

कुनै पनि समाज वा समुदायमा गठन हुने समूह आदीले धेरैथोरै मात्रामा विकासमा सहयोग गरेको हुन्छ । आर्थिक उद्देश्य हासिल गर्न होस् या सामाजिक भावना फैलाउन होस् सरकारी तथा गैर सरकारी संस्थाले पनि विभिन्न समूह गठन गराइ विभिन्न विकासका कार्यहरू गरेको पाइन्छ । समयको परिवर्तनसँगै नेपालमा पनि विकासका लहरहरू चलिरहेका छन् । त्यस्तै महिला विकासका लागि विभिन्न कार्यक्रमहरू पनि चलिरहेका छन् । त्यस्तै समाजमा कुनै पनि समूह गठन गर्दा अनिवार्य महिला सहभागीता गराइन्छ । नेपालका अधिकांश क्षेत्रमा समूह गठन गरी समूह मार्फत् कार्यक्रम संचालन गरीएको छ । अध्ययन क्षेत्रमा महिलाहरू पनि विभिन्न समूहमा आवद्ध रहेको बताए । सरकारी तथा गैर सरकारी संस्थाले समूहमा अनुदान र सहयोग गर्ने भएको हुनाले वर्तमान समयमा प्रायः सबै ठाउँमा महिलाहरू समूहमा आबद्ध रहेर विकासका काममा लागेको पाइन्छ । यस अध्ययन क्षेत्रमा पनि विभिन्न गैर सरकारी संस्थाले कार्य गरी रहेको हुनाले महिलाहरू कुन-कुन समूहमा छन् त ? भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.४ :संस्थामा आबद्ध महिलाको विवरण**

| **संस्थाको नाम** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| आमा समूहमा | ३२ | ३५.५ |
| कृषक समूहमा | ४३ | ४७.८ |
| गैर सरकारी संस्थामा | १५ | १६.७ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन, *२०७७ ।*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका महिलाहरू आमा समूहमा आवद्ध हुनेको संख्या ३२ अर्थात् ३५.५ प्रतिशत त्यस्तै कृषक समूहमा आबद्ध हुनेको संख्या ४३ अर्थात् ४७.८ प्रतिशत र गैर सरकारी संस्थामा आवद्ध हुनेको संख्या १५ अर्थात् १६.७ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा अध्ययन क्षेत्रमा कृषक समूहमा आवद्ध हुने महिलाको संख्या अधिक पाइयो । समयको परिवर्तनसगै महिलाहरू घरधन्दामा मात्र सीमित नरही समाजमा हुने विभिन्न संघ संस्था तथा समूहमा आवद्ध रहेको कुरा अध्ययनबाट पत्ता लागेको छ । कृषकको

हैसियतले कृषि सम्बन्धि समूहमा सहभागिताले कार्य दक्षतामा पनि निखारता आउने कुरा महिलाहरूले अध्ययनको क्रममा व्यक्त गरे यो सकारात्मक पनि हो ।

## ६.५. तरकारी उत्पादनले महिलाहरूमा पारेको प्रभाव

महिलाहरू तरकारी उत्पादनमा लागेर सबै क्षेत्रमा सकारात्मक प्रभाव परेको कुरा उनीहरू बताउछन् । तरकारी उत्पादनमा लागे पछि विभिन्न समूहको गठन गरीएको र महिलाहरू ती समूहमा आवद्ध रहेको देखिन्छ । समूहमा पनि तरकारी उत्पादन गरेको पाइयो । तरकारी उत्पादनमा नयाँ मल, विउ र विषादी, अर्गानिक उत्पादन तालिम, कृषक भ्रमण, तालिम, गोष्ठी र छलफलमा सहभागी हुन थालेपछी कृषक महिलाहरूमा ज्ञान र सिपमा समेत विकास भएको पाइन्छ । महिलाहरू व्यवसायीक रूपमा तरकारी उत्पादनमा लागेपछि उत्पादनले उनीहरूमा पारेको सामाजिक, आर्थिक र शैक्षिक प्रभावलाई उत्तरदाताबाट प्राप्त जानकारीका आधारमा तलको तालिकामा प्रष्ट पारीएको छ ।

**तालिका ६.५: तरकारी उत्पादनले महिलाहरूमा पारेको प्रभाव**

| **प्रभाव पक्षहरू** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| सामाजिक पक्ष | १३ | १४.४ |
| आर्थिक पक्ष | ७२ | ८०.० |
| शैक्षिक पक्ष | ५ | ५.६ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन, *२०७७ ।*

तालिका ६.५ अनुसार उत्पादनको प्रभाव सामाजिक पक्षमा १४.४ प्रतिशत, आर्थिक पक्षमा ८०.० प्रतिशत र शैक्षिक पक्षमा ५.६ प्रतिशत रहेको पाइयो । तरकारी उत्पादनले आर्थिक पक्षमा नै सबैभन्दा बढी प्रभाव पारेको पाइयो सबैभन्दा कम शैक्षिक पक्षमा प्रभाव परेको पाइयो । अध्ययन क्षेत्रका महिलाहरू आफ्नो घरको काम धन्दा सकेर भए पनि व्यवसायीक तरकारी उत्पादनमा लागी विभिन्न पक्षमा सफलता पाएको पाइन्छ । प्राय गरी अनुत्पादक क्षेत्रमा मात्र महिलाहरू सिमीत रहन्छन् । महिलाहरू १८ घण्टा घरमा काम गरेर पनि पैसाको लागि पुरुषमा निर्भर रहनुपर्ने बाध्यता हाम्रो समाजमा देखिन्छ । तर अध्ययन क्षेत्रका महिलाहरू तरकारी उत्पादनमा लागेर आर्थिक पक्षमा बढी सुधार भएको बताउछन् ।

## ६.६. कृषि समूहबाट अध्ययन भ्रमण

महिलाहरूको कृषि उत्पादनको लागी उहाहरू आफुले आफ्नो क्षेत्रमा कृषि उत्पादनका लागी आफुले सिकेका कुरा अरूलाई जानाकारी गराउने र अन्य स्थानबाट समेत केहि कुरा सिक्ने गरि विभिन्न स्थानमा भ्रमण गर्न समेत गएको अवस्था छ अध्ययनबाट आफ्नो कार्यमा थप क्रियाशील बनाएको कुरा महिलाहरूले बताए, अध्ययन भ्रमणबाट महिलाहरूलाई व्यवसायीक रुपमा सवल सक्षम बनाएको थप सबल बनाएको देखिन्छ ।

**तालिका ६.६ : कृषि समूहबाट अध्ययन भ्रमण गर्नेको अवस्था**

| भ्रमण विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि भ्रमण गरेको | ८१ | ९० |
| कृषि भ्रमण नगरेको | ९ | १० |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन, *२०७७ ।*

विभिन्न स्थान हरूमा अध्ययन भ्रमण गर्दा विभिन्न कुराहरू सिक्ने अनि सिकेका कुरालाई सहि रुपमा सदुपयोग गर्न सहयोग पुगेको देखिन्छ , अध्ययनमा ८१ जना अर्थात ९० प्रतिशतले भ्रमण गरेका छन् भने ९ जना अर्थात १० प्रतिशतले अहिले सम्म सामुहिक भ्रमण गर्ने मौका पाएका रहेनछन, आफ्नो व्यक्तिगत कारण ले होस् वा पारिबारिक कारण ले पनि हुन सक्छ नगएको देखिन्छ ।

अध्ययन भ्रमण, सामुहिक सहभागिता लगाएतका कारण ले महिला हरूमा विभिन्न क्षमता हरू बढेको र महिलाहरू सक्षम बनेको पाइन्छ । सामाजिक हिसाबले महिलाहरू आफुलाई समाजमा निर्धक्क रुपमा हरेक बिषयलाइ सामना गर्न सक्ने बनाएको देखिन्छ, सामाजिक हिसाबले सशक्तिकरण र सबल बनेको देखिन्छ ।

## ६.७. महिलाको जीवनमा उत्पादन पश्चात् आएका परिवर्तन

तरकारी उत्पादनपछि महिला कृषकहरूले विभिन्न क्षेत्रमा परिवर्तन आएको बताए । न्यून स्तरको जीवनशैलि रहेको यहाका महिलाहरूको परिचय थियो भने वर्तमान समयमा आएर उनीहरू मध्यम स्तरको जीवनशैली अपनाउन सफल भएको उनीहरू बताउ छन् । तरकारी

उत्पादनबाट नियमित रूपमा आम्दानी हुन थालेपछि उनीहरूको जीवन स्तरमा सुधार आएको हो । वर्षभरी तरकारी उत्पादन भइरहनाले उनीहरूको खानामा समेत परिवर्तन आएको छ । हरेक दिन केही न केही आम्दानी हुने हुदा आर्थिक कारोवारमा सहज भएको उनीहरू बताउछन् । तरकारी उत्पादनपछि महिलाहरूको जीवनमा आएको परिवर्तनलाई तलको तालिका र चित्रमा देखाइएको छ ।

**तालिका ६.७: महिलाको जीवनमा आएका परिवर्तनका पक्षहरू**

| **परिवर्तनका पक्षहरू** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| आर्थिक सुधार | ६० | ६६.७ |
| सामाजिक सम्मान | ७ | ७.८ |
| चेतनाको विकास | ८ | ८.९ |
| शिक्षा र स्वास्थ्यमा सुधार | ३ | ३.३ |
| आत्मनिर्भर | १२ | १३.३ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत : स्थलगत* अध्ययन, *२०७७*

तालिका ६.७ अनुसार तरकारी उत्पादनले उत्पादन कर्ता महिलाहरूमा के परीवर्तन आयो भन्ने प्रश्नको उत्तरमा आर्थिक सुधार हुनेमा ९० जना मध्ये ६० जना अर्थात् ६६.७ प्रतिशत, सामाजिक सम्मानमा परीवर्तन भयो भन्नेमा ७ जना अर्थात् ७.८ प्रतिशत, चेतनाको विकास भयो भन्नेमा ८ जना अर्थात् ८.९ प्रतिशत, शिक्षा र स्वास्थमा सुधार भयो भन्नेमा ३ जना अर्थात् ३.३ प्रतिशत र आत्मनिर्भर भयौ भन्नेमा १२ जना अर्थात् १३.३ प्रतिशत रहेको पाइयो । तालिका अनुसार तरकारी उत्पादनपछि महिलाहरूको सबै भन्दा बढी आर्थिक सुधार भएको ६६.७ प्रतिशत र सबै भन्दा कम शिक्षा र स्वास्थमा सुधार भन्ने संख्या रहेको पाइयो । आर्थिक सुधारले मानिसको अन्य विभिन्न पक्षमा सुधार गर्ने हुदा तरकारी उत्पादनले महिलाको जीवन पद्धतिमा नै सुधार भएको छ भन्न सकिन्छ ।

## ६.८. पारिवारीक सम्बन्धमा आएको परिवर्तन

नेपाली समाज पितृसत्तात्मक समाज हो । परिवारमा महिलाको भन्दा पुरुषको स्थान उच्च हुन्छ । परिवारका हरेक कार्यहरूमा पुरुषहरूको निर्णय नै अन्तिम हुने गर्दछ । पारीवारिक

कार्यमा मात्र नभई सामाजिक क्षेत्रका कार्यमा पनि पुरुषहरूको सहभागीता नै बढी हुन्छ । अध्ययनका क्रममा उत्पादन पछि परिवारमा तपाईको स्थान कस्तो छ भन्ने प्रश्नमा सबै महिलाहरूले अफ्नो स्थान उच्च हुने गरेको बताए । उत्पादन पूर्व र पश्चात उनीहरूको पारीवारीक स्थान न्यूनबाट उच्च हुने गरेको पाइयो । उत्पादन नगर्दा खान लाउन समस्या हुने गरेको र व्यवसायीक उत्पादनपछि खान, लाउन समस्या नपरेकाले परिवारमा झै झगडा समेत नहुने गरेको पाइयो । उत्पादन पूर्व परिवारका अन्य सदस्यले सहयोग नगर्ने, गरेको उनीहरू बताउछन् । उत्पादन पछि परिवार तथा समाजमा उनीहरूको राम्रो स्थान हुने गरेको अध्ययनले देखाउछ ।

**वैयक्तिक अध्ययन २ सिता कुमारी पौडेलको जीवनमा आएको परिवर्तन**

*"सिता कुमारी पौडेल ४३ वार्षिय जागरुक महिला कृषक हुन १ छोरा, १ छोरी, श्रीमान् र सासू गरी ५ जनाको परिवारमा बस्ने पौडेलको मूख्य जिवीकोपार्जनको आधार कृषि पेसा नै हो । यी आफ्नो कुरा यसरी सुनाउछीन् ।*

*जब विवाह गरेर म यहा आए त्यसपछी मैले जीवनमा धेरै संघष गर्दै आए । दुई सन्तान जन्मिए र तिनको पालनपोषणमा दिनहरू विते । सुरुवातमा बालबच्चाको रेखदेख खेतीपाती तथा वनपाखामा दाउरा घासमा मात्र मेरा दिन वित्दथ्ये । आफ्नो २ रोपनी जग्गा मात्र भएकोले ५ रोपनी जग्गा अधिया कमाएर मैले खेती गर्दथे । विगतमा व्यवसायीक तरकारी उत्पादनमा कसैले पनि ध्यान नदिएकाले यो सम्बन्धी कति पनि ज्ञान थिएन । सामान्य रूपमा आफूले धान, मकै, कोदो आदि रोपीन्थ्यो । जति दुः ख गरे पनि आफूलाई वर्ष भरी खान पुग्दैनथ्यो । विगतमा सामान्य रूपमा आफ्नो घरमा खाने तरकारी मात्र उत्पादन गरिन्थ्यो । सामान्य गोलभेडाको २-४ वटा विरुवा तथा मलखाद वरपर अलिअलि साग लगाइन्थ्यो । जब जिल्ला कृषि विकास कार्यालय कास्कीबाट सञ्चालन हुने गरी प्रत्येक गा.वि.स.मा एकीकृत शुक्ष्म जिवाणु व्यवस्थापन (आइ.पि.एम) सम्बन्धी तालिम यस वडामा संचालीत भयो त्यस बेला मैले पनि तालिम लिने मौका पाए । तालिम पश्चात हामीले सिकेका कुराहरू परिवारमा सिकाउदै व्यवहारमा उतार्दै गए । तालिम पूर्व मलाई तरकारी खेती कसरी गर्ने, के गर्दा बढी उत्पादन हुन्छ, कुन विउ कसरी लगाउने र कहिले लगाउने भन्ने केही पनि थाहा थिएन । जब तालिममा सहभागी बने म भित्र एउटा आत्म विश्वास पलाएर आयो । तालिम पछाडी व्यवस्थित रूपले तरकारी लागउदै गए । पहिलो वर्ष तरकारीबाट ८० हजार भन्दा माथि आम्दानी भएको थियो । तरकारीबाट आम्दानी बढ्दै गएकोले घरको आर्थिक अवस्थामा सुधार हुदै*

*आयो । आफ्नो खेतबारीमा उब्जेको ताजा तरकारी दैनिक खान पाइएको छ । विभिन्न तालिम भ्रमण जस्ता कार्यक्रममा सहभागी हुने अवसर मिलेको छ । तालिम, गोष्ठी चेतनामूलक कार्यक्रम आदिमा म पनि सहभागी भएकी छु र त्यहाँबाट पनि आफूले ज्ञान पाएकी छु । बालबच्चालाई राम्रो शिक्षा होस् भनेर दुः ख नै गरेर भएपनि पढाएकी छु । दोकानमा नुन तेल किन्न जादा रित्तो हात जानुपरेको छैन । सहकारी र समूहमा मासिक बचत गर्दछु ।*

*कहिलेकाही छिमेकीलाई गरो सरो आइपर्दा सहयोग गर्न सकेकी छु । प्राय जस्तो मेरो समय तरकारी बारीमा नै वित्छ । तरकारीको लागि कम्पोष्ट मल बनाउने विसादी बनाउने र बारीमा उत्पादनकै काम गर्ने मेरो बानि नै परीसकेको छ । अहिले मेरो जिवन स्तर धेरै नै परिवर्तन भएको छ । समूहमा र गाउको अन्य बैठकहरूमा म नियमित जाने गर्दछु । खास गरी महिला तथा कृषी क्षेत्रको विषयमा छलफल हुदा आफूले जाने बुझेका कुराहरू अरूलाई पनि सिकाउने गरेकी छु । खास गरी विसादीको प्रयोगबाट हुने हानिका बारेमा सबैलाई समूहमा सल्लाह सुझाव दिने गरेकी छु । यसरी तरकारी उत्पादनमा लागेपछि आर्थिक सुधार भएको, चेतनामा विकास भएको र आत्मा निर्भर बन्न सकेको उनको अनुभाव रहेको छ ।*

*कृषि क्षेत्र मा लागेका महिला मध्येका एक नमुना कृषक सीताकुमारी पौडेलको अर्को नमुना अध्ययन गरेको छु, व्यक्तिक अध्ययन बाट पनि आज महिलाहरू यो पेशा बाट कत्तिको खुसि अनि कस्तो अनुभूति गरेका छन् भन्ने कुरा प्रस्ट हुन्छ ।*

अध्ययन क्षेत्रमा व्यावसायिक तरकारी खेती अगालेका कृषक महिलाहरूमा गरिएको अध्ययनमा कुल ९० जना मध्ये बढी मात्रामा (७० प्रतिशत) उत्तरदाताहरू आफै तरकारी बेच्ने गरेको, प्राप्त आम्दानीलाई ५७.८ प्रतिशत उत्तरदाताले समूहगत बचत तथा बितीय संस्थामा आफ्नै नाउमा खाता खोली जम्मा गरेको पाइयो । जम्मा गरेको बचतको अवस्थालाई हेर्दा ६८.८ प्रतिशतले स्थानीय समूह बनाइ बचत गरेको पाइयो । व्यावसायिक महिलाहरूको आफ्नो उत्पादन पछी महिलाहरूमा के प्रभाव पर्‍यो भन्ने धारणा बुझ्दा ८०.० प्रतिशत महिलामा आर्थिक प्रभावले आत्मनिर्भरता बढेको पाइयो । परिवार र समाजको आर्थिक सामाजिक बिकासको लागी महिलाको भूमिका अहम हुने कुरा यो अध्ययनले प्रष्ट गरेको छ अध्ययनमा महिलाहरूमा आएको आत्मानिर्भारता, कार्य गर्ने सहज शैली, परिबार प्रतिको जिम्मेवारी लगाएतले पनि अब महिलाहरू आम्दानीको कारण स्वाबलम्बन बनेको प्रष्ट देखिन्छ ।

# अध्याय सात

# सारांश एवम् निष्कर्ष

## ७.१ अध्ययनको सारांश

खास गरि  यो अध्ययन व्यबसायिक तरकारी उत्पादन ले महिलाहरूको जीबन स्तर मा परेको प्रभाब  विषयमा पोखरा महानगरपालिका को वार्ड न २५ हेम्जा को साबिक वार्ड न २ र ३ को लस्करे कार्कीथरमा तरकारी उत्पादमा लागेका महिलाहरूको एक सामाज शास्त्रीय अध्ययन हो परम्परागत सामाजीक सांस्कृतिक संरचना, समतामुलक शिक्षाको अभाव, विभेदकारी शिक्षा अन्धविश्वास र रुढीवादी सोचाइ जनचेतनको अभाव आदी कारणले लैङ्गिक विभेदको सृजना गरेको  छ । लैङ्गिक विभेदले आर्थिक अवस्थालाई प्रभाव पारेको छ । शिक्षाको अभाव र लैङ्गिक विभेदका कारण समाजका हरेक पक्षमा महिला सहभागीता न्यून रहेको छ भने कृषि कार्यमा अधिक रहेको पाइन्छ ।

यस अध्ययनमा सैद्धान्तिक विश्लेषणका लागि लैङ्गिक अवधारण र आर्थिक विकासको सिद्धान्त प्रयोग गरिएको छ । अध्ययनमा प्राथामिक र द्वितीय दुवै खालका तथ्याङ्क सङ्कलन गरी उद्देश्य अनुसार वर्णनात्मक व्याख्याका साथै विविध तालिका र वृत्त चित्रमा प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि अन्तरवार्ता अनुसुची अवलोकन विधी र वैयक्तिक  विवरण तयार गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

यस अनुसन्धानमा गरिएको अन्वेषणात्मक र वर्णनात्मक विश्लेषणको आधारमा हेम्जाको साबिक वडा नं. २ र ३ को लस्करे कार्कीथरमा तरकारी उत्पादनमा लागेका महिलाहरूमा उनीहरू तरकारी उत्पादनतर्फ कसरी लागे, कस्तो आम्दानी गरेका छन् । त्यसको आम्दानीले महिलाहरूको सामाजिक, आर्थिक, शैक्षिक र धार्मिक अवस्थामा कस्तो प्रभाव परेको छ । जस्ता कुरालाई विभिन्न तथ्याङ्कका आधारमा तालिकिकरण गरी आवश्यकता अनुसार तथ्याङ्क विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ७.२ मुख्य प्राप्तिहरू

- यस अध्ययनमा रहेका उत्तरदाताहरू मध्ये जातका आधारमा ब्राह्मण/क्षेत्री ६८.९ प्रतिशत भाषाका आधारमा नेपाली भाषा बोल्ने ९१.१ प्रतिशत हिन्दू धर्म मान्ने ८६.७ प्रतिशत शिक्षामा, मा.वि. शिक्षा लिएका २८.९ प्रतिशत बुहल्यता रहेको छ भने उमेरका आधारमा २५-३५ वर्ष उमेरका ५०.० प्रतिशत वाहुल्यता रहेको पाइयो ।
- अध्ययनमा कृषी पेशाकै ८६.७ प्रतिशत बाहुल्यता देखियो । अन्य पेशा हुनेमा १३.३ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरू मध्य खेतीयोग्य जमीनको अवस्थालाई हेर्दा १ देखि ३ रोपनी जमिन हुनेमा सबभन्दा बढी संख्या ४१.१ प्रतिशत र जमिन कति पनि नहुनेको सबभन्दा कम संख्या ८.९ प्रतिशत पाइयो ।
- जमिनमा स्वामित्वको अवस्थालाई हेर्दा बढी संख्या ४८.९ प्रतिशत जमिन श्रीमान ससुराको नाममा रहेको देखिन्छ । स्वयम् महिलाको नाममा ४२.२ प्रतिशत जमिन रहेको पाइयो ।
- तरकारी उत्पादनमा लाग्ने प्रेरणाको स्रोत हेर्दा संघसंस्थाको वाहुल्यता ४०.० प्रतिशत देखिन्छ । स्वेच्छाले लाग्ने उत्तरदाता १७.८ प्रतिशत र परिवारको प्रेरणाको स्रोत १२.२ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरू मध्ये ६८.९ प्रतिशत परम्परागत तथा आधुनिक मल, विउ र प्रविधीको प्रयोग गर्ने गरेको पाइयो । आधुनिक मल, विउ र प्रविधीको प्रयोग गर्ने १३.३ प्रतिशत र परम्परागत मात्र प्रयोग गर्ने ६.७ प्रतिशत मात्र रहेको पाइयो ।
- तरकारी उत्पादनमा ४० देखी ६० हजार वार्षिक आम्दानी गर्ने ३१.१ प्रतिशतको वाहुल्यता देखिन्छ । ११.१ प्रतिशतले ८० हजार भन्दा माथि आम्दानी गरेको र २१.१ प्रतिशतले २० देखि ४० हजार आम्दानी गरेको पाइयो ।
- उत्तरदाता मध्ये २५.६ प्रतिशतले वार्षिक आम्दानी घर खर्च बालबच्चाको पढाइमा खर्च गर्ने गरेको देखिन्छ । बालबच्चाको पढाइमा २२.२ प्रतिशत र पुन : उत्पादनमा लगानी मात्र २१.१ प्रतिशतले खर्च गरेको पाइयो ।

- उत्तरदाता मध्ये ५७.८ प्रतिशतले आम्दानीको खर्च कसरी गर्ने भन्ने कुराको निर्णय स्वयम् महिलाले गर्ने गरेको देखिन्छ । परिवारको सल्लाहमा २३.३ प्रतिशत र श्रीमानले १८.९ प्रतिशत निर्णय गर्ने गरेको पाइयो ।
- ७०.० प्रतिशत स्वयम् महिला तरकारी बेच्न जाने गरेको पाइयो । १५.६ प्रतिशत श्रीमानले, १०.० प्रतिशत छोरीले र ४.४ प्रतिशत छोराले तरकारी बेच्न जाने गरेको पाइयो ।
- उत्तरदातामध्ये ५७.८ प्रतिशत स्वयम् महिलाकै नाममा बचत गर्ने गरेको पाइयो । २३.३ प्रतिशत श्रीमानको नाममा र १८.९ प्रतिशत परिवारको अन्य सदस्यको नाममा बचत गर्ने गरेको पाइयो ।
- उत्तरदाता मध्ये खर्च गरी बचेको पैसा ६८.८ प्रतिशतले स्थानीय समूहमा बचत गरेको पाइयो । त्यस्तै २१.१ प्रतिशतले सहकारीमा बचत गर्ने गरेको पाइयो भने ११.१ प्रतिशतले मात्र बैङ्कमा बचत गर्ने गरेको पाइयो ।
- ४७.८ प्रतिशत महिला कृषक समूहमा आवद्ध रहेको देखीन्छ । ३५.५ प्रतिशत आमा समूहमा र १६.७ प्रतिशत गैर सरकारी संस्थामा आवद्ध रहेको पाइयो ।
- उत्पादन पछी महिलाहरूमा के प्रभाव पऱ्यो भन्ने धारणा बुझ्दा ८०.० प्रतिशत आर्थिक प्रभाव, १४.४ प्रतिशत सामाजिक प्रभाव र ५.६ प्रतिशत शैक्षिक प्रभाव परेको पाइयो ।
- उत्तरदाताहरू मध्ये ६६.७ प्रतिशत महिलाहरूमा आर्थिक सुधार भएको पाइयो । १३.३ प्रतिशत महिला आत्मनिर्भर भएको, ८.९ प्रतिशत महिलामा चेतनाको विकास भएका र ७.८ प्रतिशत महिलाहरूले सामाजिक सम्मान पाएको भन्ने पाइयो ।

## ७.२ अध्ययनको निष्कर्ष

तरकारी उत्पादनमा प्राथमिक शिक्षा लिएका महिलाको बाहुल्यता देखिन्छ । तरकारी उत्पादनमा लागेका महिलाहरूमा प्रसस्त जमिन नहुने र जमिनमा पनि पुरुषको स्वामित्व रहेको पाइयो । जमिन नहुने महिलाले पनि भाडामा लिएर पनि तरकारी उत्पादन गरेको अध्ययनबाट पत्ता लागेको छ । संघ संस्थाको सल्लाहबाट तरकारी उत्पादन गर्ने प्रेरणा उनीहरूलाई मिलेको पाइयो । महिलाहरू तरकारी उत्पादन गर्दा परम्परागत र आधुनिक दुवै प्रकारका मल, विउ र प्रविधीको प्रयोग गर्ने गरेको पाइयो । आधुनिक मल, विउ र प्रविधीको प्रयोग गर्दा उत्पादन बढी हुने गरेको उनीहरूको भनाई छ । उत्पादनमा लागेका सबै

महिलाहरूले तरकारी उत्पादन सम्बन्धी तालिम पाएको र तालिम दाताकै अनुसार मल, विउ र प्रविधीको प्रयोग गर्ने गरेको पाइयो । अध्ययन अनुसार उत्पादनबाट वार्षिक १० हजार देखि २ लाख सम्म आम्दानी गरेको पाइयो । आम्दानी गरेको पैसा कहाँ र कसरी खर्च गर्ने भन्ने कुराको निर्णय गर्ने, आम्दानी बचत गर्ने, तरकारी बेच्न जाने कार्यमा महिलाको बाहुल्यता पाइयो । यसलाई महिलाहरूमा आएको परीवर्तनको पक्ष मान्न सकिन्छ । तरकारी उत्पादन पछि महिलाहरूमा आर्थिक सुधारको वाहुल्यता पाइयो ।

आर्थिक अवस्थामा आएको सुधारले महिलाको जीवन पद्धतिमा नै परिवर्तन भएको कुरा अध्ययनबाट पत्ता लागेको छ । आर्थिक सुधारसगै उनीहरूको अधिकार र स्वतन्त्रतामा सुधार भएको अध्ययनले देखाएको छ । आम्दानी पछि खर्चको निर्णय गर्ने काम र बचत गर्ने काम महिलाको नाममा गर्नेको संख्या बढी पाइयो । त्यसैगरी उत्पादन पछि आर्थिक सुधार भएको र आत्मनिर्भर बन्न सकेका महिलाहरूको संख्या बढी देखियो । अध्ययन अनुसार तरकारी उत्पादनले महिलाको जीवन पद्धतिमा सकरात्मक प्रभाव पारेको छ भन्न सकिन्छ ।

# सन्दर्भ सामाग्रीहरू

अधिकारी, राजेन्द्र (२००६), *व्यवसायीक तरकारी खेतिमा महिला, हेम्जा गा.वि.स.को अध्ययन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

अर्याल, भोजेन्द्र (२०६२), *लैङ्गिक अध्ययन,* दिक्षान्त पुस्तक प्रकाशन, किर्तिपुर, काठमाडौं ।

आचार्य, बलराम (२०६२), *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा,* काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन ।

कान्तिपुर दैनिक, २९ फाल्गुण २०७३, *पोखरा मुलुककै ठूलो महानगर*

कृषि डायरी (२०६८), *कृषि सूचना तथा सञ्चार केन्द्र ।*

गौतम, मिना कुमारी (२०६९), *माछापुच्छ्रे गा.वि.स., कास्कीमा तरकारी उत्पादनले महिलाको सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभाव, एक समाजशास्त्रीय अध्ययन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

चौलागाई, तिलकप्रसाद; पोखरेल, नानिराज; सापकोटा, केशवराज (२०६१),*लैङ्गिक अध्ययन,* काठमाडौः न्यूहिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

जिल्ला बस्तुगत विवरण कास्की : २०७१

थापा, सावित्री (२०६२), *राष्ट्रिय सहकारी संघ,* वार्षिक प्रतिवेदन ।

नवौं राष्ट्रिय योजना (२०५४) ।

नागरिक दैनिक, ०५ चैत्र २०७३। कास्कीमा स्थानीय तह पुनः संरचना कार्यान्वयन् ।

नारी मासिक (२०६८), चैत्र ।

नेपाल सरकार केन्द्रिय तथ्याङ्क विभाग - २०६८,

नेपालको अन्तिरम संविधान (२०६४), पहिलो, दोस्रो र तेस्रो संशोधन सहित, यू.एन. डि.पि. नेपाल ।

पौडेल, तुलसीराम (२०५८), *लैङ्गिक अध्ययनको रूपरेखा,*

पौड्याल, हिमराज (२०६८), *महिला सशक्तिकरणका लागि पैतृक सम्पत्ति,* महिलाहरूको समान अधिकार सम्बन्धी, एक समाजशास्त्रीय ऐजेन्डा ।

बराल, शिवजी (२०६४), *भरत पोखरी गा.वि.स.मा व्यवसायीक गोलभेडा खेती,* सम्बन्धी समाजशास्त्रीय अध्ययन, अप्रकाशित शोधपत्र समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस पोखरा ।

बुढाथोकी, केदार (२०६२), *बजारमुखी अर्गानिक र बेमौसमी तरकारी खेती प्रविधि ।*

भासिन, कमला (१९९३) *पितृसत्ता के हो ?* न्यू दिल्लीः काली फर वीमन ।

भासिन, कमला (२००३) *पितृसत्ता के हो ?* न्यू दिल्लीः कालि फर वीमन ।

महिला जागरण तथा विकास केन्द्र, (श्रावण २०६२), *महिला सशक्तिकरणका लागि कानुनी अधिकार ।*

रान्डल, कोलिन्स (१९९७), *थेउरीटीकल सोसियोलोजी,* जयपुर भारत ।

शर्मा, रमेशनाथ (२०१०), *सोसियो इकोनमिक एण्ड मार्केट सर्भे,* दिगो कृषि विकास कार्यक्रम नेपाल ।

शाक्य, कर्ण, कान्तिपुर राष्ट्रिय दैनिक ११ असोज २०६५ पृष्ठ छ ।

सुवेदी, रामचन्द्र (२०६४) अरूणोदय नेपाल राष्ट्र बैंक कर्मचारी संघ केन्द्रियद्वारा प्रकाशित ।

Agrawal, Bina (1998). *A field of one's own gender and Land rights* in south Asia, Cambridge University.

Benett, Lynn, (1977). *Dangerous wives and sacred sisters,* Social and Symbolic Roles of high Caste Women in Nepal, A. PhD, Disertation Colombia University.

https://cbs.gov.np/*population*/

https://data.humdata.org/dataset/nepal-census-2011-district-profiles-demography

Ritzer, George (1996). *Modern sociological theory.* MC Graw Hill Company New Delhi.

Shtrii, Shakti (2001), *Women and children of Nepal (in figures 2001) Calender.*

# अनुसूचि एक
# अन्तरवार्ता अनुसूचि

उत्तरदाताको नामथरः वैवाहिक स्थितिः

उमेरः भाषाः

धर्मः जात/जातिः

शिक्षाः लिङ्गः

**पारिवारिक विवरण**

| क.सं. | नामथर | उमेर | शैक्षिक योग्यता | पेशा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्र.१. तपाईको पारिवारिक संरचना कस्तो छ?

(क) एकात्मक (ख) संयुक्त

प्र.२. तपाईको घरको बनावट कस्तो छ ?

(क) कच्ची (ख) टिन/ढुङ्गाको छाना

(ग) आर.सि.सि. (घ) अन्य

प्र.३. तपाईको परिवारको नाउँमा रहेको जग्गाकति छ ?

.......... रोपनी/हल

सो मध्ये खेती योग्यजमिनकति छ ?

.......................रोपनी/हल

प्र.४. व्यावसायिक रूपमा तरकारी खेती गरिएको जमिनकति छ ?

................. रोपनी/हल

प्र.५. तपाईको घरमा रहेको पशुपन्छीको विवरण दिनसक्नुहुन्छ की?

(क) भैंसी (ख) गाई/गोरु (ग) भेडा/बाख्र (घ) कुखुरा/चल्ला

प्र.७. घर परिवारको आम्दानीको मुख्य स्रोत के के हुन् ?

(क) व्यावसायिक खेती (ख) नोकरी/रोजगारी

(ग) उद्योग/व्यापार (घ) अन्य

प्र.८. व्यावसायिक तरकारी खेतीमा लाग्नु भएको कति समय भयो ?

(क) २ वर्ष भन्दा कम (ख) २-५ वर्ष (ग) ६ वर्ष भन्दामाथि

प्र.९. व्यावसायिक तरकारी खेतीमा किन आर्कषित हुनुभयो ?

(क) देखासिकी (ख) संघ संस्थाद्वारा सहयोग

(ग) बेरोजगार भएर (घ) व्यावसायिक कृषि सम्बन्धी अध्ययन/तालिम लिएर

(ङ) घर खर्च चलाउन ।

प्र.१०. तपाईले आफ्नो बाहेक अन्य व्यक्तिको जग्गा प्रयोग गरेर पनि व्यवसाय गर्नुभएको छ ?

(क) छु (ख) छैन

यदि गर्नु भएको छ भने कति रोपनी/हलमा गर्नुभएको छ?

प्र.११. तपाईको परिवारको जग्गा/जमिन कसको नाउँमा छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

प्र.१२. व्यावसायिक तरकारी खेतीको लागिकुन तरकारी बालीहरू लगाउनु भएको छ ?

(क) गोलभेडा (ख) काक्रो (ग) काउली/बन्दा

(घ) च्याउ (ङ) आलु च) अन्य ...

प्र.१३ तपाई कृषिमा पनि तरकारी उत्पादन नै किन रोज्नु भयो ?

(क) आफ्नो रुचि भएर (ख) आम्दानी भएको देखेर

(ग) घरमै बसेर काम गर्न पाइने भएर (घ) अन्य विकल्प नभएर

प्र.१४. खेतबारीमा कति महिना तरकारी लगाउनु हुन्छ ?

(क) ३ महिना (ख) ६ महिना (ग) वर्ष भरी

प्र.१५ तपाई कस्तो तरकारी उत्पादन गर्नुहुन्छ ?

(क) मौसमी (ख) बेमौसमी (ग) दुवै

प्र.१६. कस्तो तरकारी लगाउँदा आम्दानी बढी हुन्छ ?

(क) मौसमी (ख) बेमौसमी

प्र.१७. बेमौसमी खेतीगर्दा आइपर्ने समस्याहरू के के हुन् ?

..........................................................................................................................

प्र.१८ तरकारी उत्पादनबाट वार्षिक कति आम्दानी हुन्छ ?

(क) ५० हजार भन्दा कम (ख) ५१०००-१००००० सम्म
(ग) १०००००-२००००० सम्म (घ) ३०००००-५००००० सम्म
(ङ) ५००००० भन्दामाथि

प्र.१९. तरकारी उत्पादनबाट हुने आम्दानी के मा खर्च गर्नुहुन्छ ?

(क) घर खर्च (ख) बालबच्चाको पढाई

(ग) जग्गा/घर किन्न (घ) पुन उत्पादनमा लगानी

प्र.२० तरकारी उत्पादनमा लागेपछि तपाईलाई के के फाइदा भयो ?

क) आर्थिक ख) सामाजिक

ग) शैक्षिक घ) सबै

प्र.२१. तपाईको जमिनमा सिंचाईको व्यवस्था छ ?

(क) छ (ख) छैन (ग) छैन भने कसरी सिंचाई गर्नुहुन्छ ?

प्र.२२. तरकारी खेतिको लागि बिऊविजन कहाँबाट प्राप्त गर्नुहुन्छ ?

(क) आफैं उत्पादन गर्छु (ख) कृषि सेवा केन्द्र

(ग) स्थानीयबजार

प्र.२३. तरकारी खेतीलाई कुनै रोग वा किराले दुःख दिन्छ कि दिँदैन ?

(क) दिन्छ (ख) दिँदैन

प्र.२४. यदि रोग किराले दुःख दिन्छ भने बढी मात्रामा कुन प्रकारको रोग, किराले दुःख दिन्छ ?

(क) सेते (ख) भाईरस (ग) लाई (घ) अन्य

प्र.२५. रोग किराको नियन्त्रणमा कस्तो उपचार पद्धति अपनाउनु भएको छ ?

(क) घरेलु उपचार पद्धति (ख) आधुनिक उपचार पद्धति

प्र.२६. यदि विषादी प्रयोग गर्नुहुन्छ भने मास्कको प्रयोग गर्नुभएको छ कि छैन ?

(क) छ (ख) छैन

प्र.२७ कृषि अध्ययन भ्रमण जानु भएको छ कि छैन ?

(क) छ (ख) छैन

प्र.२८ तपाइले गरेको आम्दानीले परिवार र समाजलाई कसरी के फाइदा पुगेको छ।

..........................................................................................

प्र.२९ ऋण आवश्यक पर्दा कहाँबाट लिनुहुन्छ।

..........................................................................................

प्र.३०. तपाई कुनै तरकारी समुहमा आवद्ध हुनुहुन्छ ?

(क) छ (ख) छैन

प्र.३१. यदि समुहमा आवद्ध हुनुहुन्छ भने तपाईको समुहमा कति जना कृषकहरू संलग्न हुनुहुन्छ ?

(क) २० जना कम (ख) २१-३० जना

(ग) ३१-४० जना (घ) ४० भन्दा माथि

प्र.३२. तपाईले व्यावसायिक तरकारी खेती सम्बन्धी कुनै तालिम लिनुभएको छ ?

(क) छु (ख) छैन

प्र.३३ यदि तालिम प्राप्त गर्नु भएको छ भने कसले दिएको थियो ?

(क) गाउँपालिका (ख) जिल्ला कृषि कार्यालय

(ग) गैर सरकारी संस्था (घ) अन्य

प्र.३४. तपाई कस्तो मल, बिऊ र प्रविधिको प्रयोग गर्नुहुन्छ ?

(क) परम्परागत (ख) आधुनिकमात्र

(ग) दुबै (घ) तालिमदाताको सिफारिस अनुसार

प्र.३५. तरकारी उत्पादनबाट जम्मा हुने आम्दानी बचत गर्नुभएको छ ?

(क) छ (ख) छैन

प्र.३६ यदि बचत गर्नुभएको छ भने कहाँ गर्नुभएको छ ?

(क) समुहमा मात्र (ख) सहकारीमा (ग) बैङ्कमा

प्र.३७. तरकारी उत्पादनमा लागेपछि तपाईलाई के के फाइदा भयो ?

..........................................................................................

प्र.३८. तपाईको छोराछोरीलाई कस्तो स्कुलमा पढाउनु भएको छ ?

(क) सरकारी (ख) प्राईभेट

प्र.३९. तरकारी उत्पादनमा सबै भन्दा बढी आम्दानी के बाट गर्नुहुन्छ ?

(क) काक्रा (ख) टमाटर (ग) काउलीबन्दा

(घ) च्याऊ ङ आलु (च) अन्य ...

प्र.४०. तरकारी उत्पादन गर्दा कसको सहयोग लिनुहुन्छ ?

(क) आफुले मात्र गर्ने (ख) समुहका सदस्यको

(ग) परिवारका सदस्यको (घ) पर्म लगाएर

प्र.४१. व्यावसायिक खेती गर्न थालेपछि तपाईको परिवारको जिवनस्तरमा के कस्तो परिवर्तन पाउनु भएको छ ?

.................................................................................................

प्र.४२. तरकारी उत्पादनमा के के समस्या रहेका छन् ?

.................................................................................................

प्र.४३. ती समस्याको समाधान कसरी गर्न सकिएला ?

.................................................................................................

प्र.४४. उत्पादनमा अझै वृद्धि गर्नका लागि तपाईको समाजले के गरोस भन्ने लाग्छ ?

.................................................................................................

प्र.४५ महिला सशक्तिकरणका लागी समूह बनेको छ कि छैन?

छ छैन

प्र.४६ त्यस्तो समूहले सशक्तिकरणका लागी काम गरेको छ कि छैन

छ भने कस्ता कस्ता काम गरेका छन् ? उल्लेख गर्नुस् ।

.................................................................................................

प्र.४७ सिप सिकाइका लागी समूहले गरेका कार्यहरू के के होलान?

.........................................................................................................

प्र.४८ समाजमा कुनै महिला समस्यामा पर्दा समाधानका लागि पहल गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

प्र.४९ समुहमा बस्नाले के फाईदा भएको छ ?

क) सुलभ व्याज ऋण पाइन्छ ख) बचत भएको छ

ग) साथीसँग सम्बन्ध बढेको छ घ) माथिका सबै

प्र.५० समूहको सहयोगमा बिउबिजनको क्षेत्रमा कस्तो काम भएको छ?

..........................................................................................

प्र.५१ तपाइँका उत्पादनहरूलाई सामुहिक रुपमा संकलन गर्ने ब्यबस्था छ कि छैन ?

..........................................................................................

प्र.५२ नेतृत्व बिकासका लागी कस्ता अवसर प्राप्त भए ?

..........................................................................................

प्र.५३ भोलिका दिनमा सामाजिक नेतृत्वका लागी अहिलेको सिपले पारेको प्रभावका बारेमा केहि भन्नु छ कि?

..........................................................................................

प्र.५४ तपाईलाई भन्न मन लागेका कुरा केही छन् कि ?

..........................................................................................

**समाप्त**